◆ **सम्पादकीय**
लोकतान्त्रिक गणतन्त्रको अभियान - २
◆ **आवरण**
बाह्रौँ बैठकको निर्देश : लोकतान्त्रिक गणतन्त्रको प्राप्ति - **रघु पन्त** - ३
◆ **राष्ट्रिय राजनीति**
संविधानसभा : स्वरूप र प्रक्रिया – **सुरेन्द्रप्रसाद पाण्डे** - ५
◆ **अवधारणा**
राज्यसत्ताको पुनर्संरचना : प्रमुख एजेन्डाहरू र अवधारणा - १०
◆ **दस्तावेज**
अन्तरिम संविधान मस्यौदा समितिसमक्ष प्रस्तुत सुझाव - १३
केन्द्रीय कमिटीको बाह्रौँ बैठकमा पारित प्रस्ताव - १६
◆ **बहस**
नेपालमा राज्य पुनर्संरचनाको सवाल र सङ्घवाद- **डा. पुष्प कँडेल** - १८
◆ **अर्थ**
आ.व. ०६३/६४ को बजेट – **डा. गोविन्दबहादुर थापा** - २३
◆ **अन्तर्वार्ता**
संविधानसभासँगसँगै जनमतसङ्ग्रह गर्नुपर्छ – **माधवकुमार नेपाल** - २७
◆ **टिप्पणी**
राजाका सबै अधिकार समाप्त – **विष्णु रिजाल** - २९
◆ **विश्व**
लेबनानको पीडा – **अग्निशिखा** - ३१
◆ **नियात्रा**
सपना र विपनामा मैले बुझेको चीन – **बालकृष्ण चापागाईं** - ३३
◆ **स्मृति**
संस्मरण अन्तर्वार्ता - ३५
◆ **संस्मरण**
त्यो अन्तरपीडा खाटा बसेको घाउ – **युवराज बास्कोटा** - ३८
◆ **फिचर**
हिमालयन लोकमार्गको अवधारणा - ४०

# लोकतान्त्रिक गणतन्त्रको अभियान

*केन्द्रीय कमिटीको बाह्रौं बैठक भर्खरै सकिएको छ । केन्द्रीय कमिटीको बैठकको समापनको प्रतीक्षा गर्दा यसपालिको अङ्क प्रकाशित गर्न हामीलाई एक हप्ता ढिलो भयो । ग्राहकहरूले यो अप्ठ्यारोलाई महसुस गर्नुहुन्छ भन्ने अपेक्षा राखेका छौँ ।*

*हामीले केन्द्रीय कमिटीमा प्रस्तुत प्रतिवेदनको अंश, त्यसले पारित गरेका प्रस्तावहरूका साथै महत्त्वपूर्ण निर्णयहरूलाई नवयुगको यस अङ्कमा समावेश गरेका छौँ । पार्टीका पछिल्ला निर्णयहरूलाई जस्ताको तस्तै बुझ्न यो अङ्कले सहयोग पुऱ्याउने छ भन्ने विश्वास पनि हामीले लिएका छौँ ।*

*केन्द्रीय कमिटीको गएको बैठकले गरेको एउटा महत्त्वपूर्ण निर्णय हो- लोकतान्त्रिक गणतन्त्रको पक्षमा देशव्यापी अभियान सञ्चालन गर्ने । पछिल्लो जनआन्दोलनले प्रतिनिधिसभाको पुनःस्थापना गर्ने, प्रतिनिधिसभाले विद्रोही पक्षसँग वार्ता गरी संविधानसभाको निर्वाचन गर्ने र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने संविधान निर्माण गर्ने शृङ्खलाबद्ध निर्णय दिएको थियो । मुलुकको दिशा निर्देशित प्रस्तुत राजनीतिक मान्यतालाई नेपालमा हाम्रो पार्टीले इमानदारीका साथ पालन गर्दै आएको छ । तर, राजनीतिक सहकार्यमा लागेका नेपाली काङ्ग्रेस तथा नेकपा ( माओवादी) को गैरलोकतान्त्रिक सोच र व्यवहारका कारण मुलुकको राजनीतिक दिशा पहिल्यै सहमति गरिएको दिशामा अघि बढ्न सकिरहेको छैन । नेपाली काङ्ग्रेसको असहिष्णु सोच अनि नेकपा (माओवादी)को एकसत्तावादी सोचले मुलुकको राजनीतिलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अगाडि लैजान दिइरहेको छैन ।*

*मुलुक बन्दुकको त्रासदीबाट अझै मुक्त हुन सकिरहेको छैन । अझै पनि जनताको प्रमुख शत्रुका रूपमा रहिरहेको सामन्तवाद मरिसकेको छैन । त्यसलाई जनताको संसद्ले एउटा ठेगानमा राखेको छ । तर, त्यो इमानदारीका साथ लोकतन्त्रलाई स्वीकार गरेर बस्छ र अब नेपालमा सामन्तवाद कुनै राजनीतिक महत्त्वाकाङ्क्षा बोकेर मनपरी गर्न निस्कँदैन भन्ने अवस्था अझै तयार भएको देखिँदैन ।*

*लोकतान्त्रिक गणतन्त्रको झन्डा काँधमा बोकेर गाउँ गाउँ पुग्नुपर्ने नेकपा (माओवादी) ले अझै हिंसाको बोझबाट मुक्ति पाइरहेको छैन । यो एक्काइसौँ शताब्दीमा शान्तिपूर्ण आन्दोलन नै परिवर्तनको बाहक हो भन्ने सत्यबोध त्यसले गर्नैसकेको छैन । हिंसाले सामन्ती सत्तालाई नै बलियो बनाउँछ भन्ने राजनीतिक निष्कर्षमा त्यो पुग्नैसकेको छैन । महत्त्वपूर्ण राजनीतिक मुद्दालाई बैधता दिन संविधानसभाको चुनावको आयोजना गर्न लागिएको यथार्थ पनि त्यसले बोध गरेको देखिएको छैन । अझै पनि त्यो संविधानसभाको निर्वाचनलाई बन्दुककै खेलका रूपमा महसुस गरिरहेको छ । यस्तो अवस्थामा हामीले गाउँ-गाउँ मात्रै होइन, जनताको घरदैलोमै पुगेर लोकतान्त्रिक गणतन्त्रको पक्षमा प्रचार अभियान सञ्चालन गर्नुपर्छ ।*

## बाह्रौं बैठकको निर्देश: लोकतान्त्रिक गणतन्त्रको प्राप्ति

' रघु पन्त

नेपाल कम्युनिस्ट पार्टी (एमाले) को केन्द्रीय कमिटीको बाह्रौं बैठक साउन २० गतेदेखि आरम्भ भएर भाद्र २ गते सकियो । ठ्याक्कै दुई साता चलेको केन्द्रीय कमिटीको यो बैठक नेपाल कम्युनिस्ट पार्टी (एमाले) को इतिहासकै सबैभन्दा लामो बैठकमा पर्छ । बैठकमा महासचिवको प्रतिवेदन, अन्तरिम संविधान, राज्यको पुनर्संरचनाका आधारभूत अवधारणा, शान्ति र अग्रगमनका लागि साझा प्रस्ताव, लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान, केही संगठनात्मक कामहरूजस्ता विषय छलफलको प्रमुख कार्यसूचीका रूपमा रहेका थिए । विविध शीर्षकअन्तर्गत आठौं महाधिवेशन, सहकारी आन्दोलनलाई व्यवस्थित गर्नेबारे र आर्थिक विभागको प्रतिवेदनजस्ता विषयहरू रहेका थिए ।

**१. प्रतिवेदनमा एघार दिन छलफल**

बैठकमा एघार दिनसम्म महासचिवद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि छलफल भएको थियो । महासचिवको प्रतिवेदनमा संयुक्त जनआन्दोलन र यसका उपलब्धिहरू, राजनीतिक शक्तिहरूका सम्बन्धमा, पुनःस्थापित प्रतिनिधिसभा र यसका घोषणा, सर्वदलीय सरकारको काम र पार्टीको भूमिका, सरकार-माओवादी वार्ता, संविधानसभाको निर्वाचनका सन्दर्भमा पार्टी नीति, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र, अबको गन्तव्य लोकतान्त्रिक गणतन्त्र, बहुदलीय जनवादको श्रेष्ठता र आगामी कार्यभारजस्ता उपशीर्षकहरू थिए । एक-दुई जनालाई छाडेर सबैजसो केन्द्रीय कमिटीका सदस्यहरूले प्रतिवेदन सम्बन्धमा आ-आफ्ना धारणा र सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

०६२ को चैत र ०६३ को वैशाख महिनामा उत्कर्षमा पुगेको ऐतिहासिक जनआन्दोलनलाई हेर्ने सम्बन्धमा बैठकमा लामो छलफल भएको थियो । बैठकमा झलनाथ खनालले ४८ पृष्ठ लामो र वामदेव गौतमले पाँच पृष्ठ लामो आफ्ना धारणा र सुझावहरू प्रस्तुत गर्नुभएको थियो । उहाँहरू दुवै जनाले आ-आफ्नो विचार प्रस्तुत गर्न झन्डै साढे दुई घण्टाको समय लिनुभएको थियो । महासचिवको प्रतिवेदनले विगतको सङ्क्षिप्त समीक्षा गर्दै वर्तमानको केही विश्लेषण गरेको छ र भावी दिनहरूमा गरिने सबै कामहरूको केन्द्रविन्दु लोकतान्त्रिक गणतन्त्र हुनेछ भन्ने कुरामा जोड दिएको छ ।

महासचिवको प्रतिवेदनले प्रतिनिधिसभाले गरेको घोषणाले राजतन्त्रलाई कमजोर बनाएको छ र अग्रगामी राजनीतिक शक्तिलाई बलियो बनाएको छ भन्ने ठहर गर्दै जनआन्दोलनको भावनाअनुरूप प्रतिनिधिसभाले जनतालाई पूर्णरूपले सार्वभौमसत्ता सम्पन्न बनाउने र सामन्तवादी प्रभावबाट राज्यलाई मुक्त पार्ने दिशामा उल्लेखनीय सफलता प्राप्त भएको कुराको चर्चा गरेको छ । प्रतिवेदनले प्रतिनिधिसभा घोषणाको मूल्याङ्कन गर्दै भनेको छ- 'सार्वभौमसत्ता र राजकीय सत्ता केवल संविधानको पानामा लेखेर मात्र हुँदो रहेनछ, त्यसलाई व्यवहारमै जनताले प्रयोग नगर्ने हो भने त्यो खोसिँदो रहेछ भन्ने विगतको पाठलाई ध्यानमा राख्दै नेपाली जनताका प्रतिनिधिहरूले जनताको सर्वोच्चता र सार्वभौससत्तालाई व्यावहारिक रूपमै प्रयोग गरेर देखाएको पहिलो घटनाको जीवन्त दस्तावेज बनेको छ प्रतिनिधिसभाको घोषणा-२०६३ ।'

प्रतिवेदनले जनताको सर्वोच्चताबारे अझ जोड दिँदै भनेको छ- 'सार्वभौम नेपाली जनता सर्वोच्च छन्, तिनको सर्वोच्चतालाई कसैले चुनौती दिन सक्दैन भन्ने तथ्यलाई यो घोषणाले स्थापित गरिदिएको हुँदा सार्वभौम नेपाली जनताले भोलि संविधानसभाको निर्वाचनका क्रममा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा पनि कसैले चुनौती दिन मिल्दैन र सक्दैन भन्ने यथार्थता प्रस्ट छ ।'

प्रतिवेदनले राजनीतिक शक्तिहरूका सम्बन्धमा विश्लेषण गर्दै नेपाली समाजमा मूलतः चार प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने चार धारका राजनीतिक शक्तिहरू रहेका छन् भनेको छ । अति दक्षिणपन्थी धारको प्रतिनिधित्व निरङ्कुश राजतन्त्रवादीहरूले, उग्रवामपन्थी धारको प्रतिनिधित्व नेकपा (माओवादी) ले, सुधारवादी धारको प्रतिनिधित्व नेपाली काङ्ग्रेसले र लोकतान्त्रिक अग्रगामी धारको प्रतिनिधित्व नेकपा (एमाले) ले गरिरहेको अवस्था अहिले मुलुकमा विद्यमान छ भन्दै प्रतिवेदनले जनआन्दोलनद्वारा पराजित भएको तर समाप्त नभएको राजतन्त्र र त्यसको वरिपरि गोलबन्द भएको दरबारिया निरङ्कुशतावादी शक्ति नै नेपाली जनताको मुख्य शत्रु भएको किटान गरेको छ ।

प्रतिवेदनले माओवादीको द्वैध चरित्र र द्वैध व्यवहारको आलोचना गर्दै शान्तिवार्तामा संलग्न भइरहेका बेलामा पनि माओवादीले एकातिर शान्तिवार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधानप्रति प्रतिबद्धता जाहेर गर्ने र अर्कोतर्फ हतियार संकलन, नयाँ सैन्य भर्ती, बलजफ्ती चन्दा सङ्कलन, अरू पार्टीहरूको गतिविधिमा अवरोध खडा गर्दै धाक, धम्की, अपहरण र हत्याजस्ता गतिविधिहरू जारी नै राखेको कुरा औँल्याएको छ । नेपालको कम्युनिस्ट आन्दोलनमा माओवादीका गलत विचार र व्यवहारले नकारात्मक असर पारेको कुरा उल्लेख गर्दै शान्ति स्थापनाको मार्गमा उनीहरूका सैन्यवादी सोचहरू मुख्य बाधाका रूपमा रहेको यथार्थ औँल्याइएको छ ।

प्रतिवेदनले आगामी कार्यभारहरूको पहिलो कामका रूपमा प्रतिगमनविरुद्ध सतर्क रहेर सात राजनीतिक दलबीचको एकतालाई सुदृढ तुल्याउनुपर्ने र प्रतिगामी दरबारिया तत्वका विरुद्धमा रहेका सम्पूर्ण शक्तिलाई गोलबन्द गर्ने कुरा औँल्याएको छ । सरकारमा गएका नेताहरूले प्रभावकारी भूमिका खेल्न नसकेको कुरा औँल्याउँदै आगामी दिनहरूमा शान्तिवार्ता, हतियारको व्यवस्थापन र अन्तरिम सरकारको गठनजस्ता कुराहरूमा सरकारले ध्यान दिनुपर्ने कुरामा जोड दिइएको छ ।

शान्तिवार्ता सफल पार्न युद्धविराम, मानवअधिकार र मानवीय कानुन पालनासम्बन्धी सम्झौतामा सरकार र माओवादी दुवै पक्षको हस्ताक्षर गरिनुपर्छ भन्दै शान्तिवार्तालाई सकारात्मक परिणाममा पुऱ्याउन पार्टी र सरकार दुवै ठाउँबाट भूमिका खेल्नुपर्छ भनिएको छ ।

परिवर्तित परिस्थितिमा पार्टीका सामु उत्पन्न नयाँ चुनौतीहरूलाई सामना गरी पार्टीले तय गरेका कार्यभारहरू पूरा गर्नका लागि पार्टीपंक्तिलाई राजनीतिक र सैद्धान्तिक रूपमा प्रशिक्षित गर्दै सक्षम बनाउनुपर्ने कुरामा जोड दिँदै केन्द्रीय पार्टी स्कूल विभागले तयार गरेको प्रशिक्षणको कार्ययोजनालाई स्थानीय तहसम्म प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनुपर्दछ भनिएको छ ।

सङ्गठन विस्तार र सुदृढीकरणका लागि विशेष जोड दिँदै केही योजनाहरूसमेत अघि सारिएको छ । प्रतिवेदनले जनआन्दोलनका क्रममा सडकमा उत्रिएका युवा, विद्यार्थीहरूको ठूलो पङ्क्तिलाई पार्टीमा भर्ती गर्नुपर्ने आवश्यकतातर्फ औंल्याउँदै 'महिला पुरुष बराबर' भन्ने नाराका साथ महिलाहरूलाई व्यापक रूपले पार्टीमा भर्ना गर्नुपर्ने कुरामा जोड दिएको छ ।

केन्द्रीय कमिटीको यसपालिको बैठकमा राजनीतिक विषयवस्तुमा निकै लामो र विचारोत्तेजक छलफलहरू भए । मुलुकको राजनीतिक परिस्थिति, विभिन्न राजनीतिक शक्तिहरूको भूमिका, माओवादीलाई हेर्ने दृष्टिकोण र गणतन्त्रका विभिन्न रूपहरूजस्ता विषयमा केन्द्रीय नेताहरू जमेर छलफलमा उत्रनु भयो । बैठक लम्बिएजस्तो भए पनि त्यसले विभिन्न विषयहरूको गहिराइमा पुग्न सहयोग पुऱ्याएको थियो ।

**२. जनमतसङ्ग्रह : गणतन्त्रमा पुग्ने बाटो**

लोकतान्त्रिक गणतन्त्रको दिशातिर लम्किएको नेकपा (एमाले) ले यसपल्टको बैठकबाट लोकतान्त्रिक गणतन्त्र र संवैधानिक राजतन्त्रमध्ये के चाहिन्छ भनेर जनताले छान्न जनमतसङ्ग्रहको आयोजना गर्नुपर्दछ भन्ने कुरामा जोड दिएको छ ।

संविधानसभाबाट गणतन्त्र आउँछ नै भन्ने ग्यारेन्टी गर्न सकिने अवस्था छैन । संविधानसभाका सदस्यहरू सबै गणतन्त्रवादीहरू नै छानिने छन् भनेर ठोकुवा पनि गर्न सकिँदैन । नेपाली काङ्ग्रेसजस्ता पार्टीका उम्मेदवारहरूले चुनावमा गणतन्त्रवादी बनेर भोट माग्ने तर निर्वाचित भएपछि संवैधानिक राजतन्त्रको पक्षधर बनेर देखापर्न सक्ने खतरा छँदैछ । संविधानसभाका सदस्यहरू सार्वभौम नेपाली जनताका सार्वभौम प्रतिनिधि हुनेछन् भन्ने कुरामा शङ्का छैन । आफ्ना प्रतिनिधिहरूमार्फत आफ्नो सार्वभौम अधिकारको प्रयोग जनताले अरू धेरै देशमा पनि गर्दै आएका छन् । तर, संसारका कतिपय देशहरूमा महत्त्वपूर्ण विषयहरूमा जनताको विचार के छ भनेर सोझै जनमतसङ्ग्रह गर्ने चलन छँदैछ । नेपालमा पनि २०३६ सालमा बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायतमध्ये के छान्ने भनेर जनमतसङ्ग्रह गराइएको थियो । त्यो जनमतसङ्ग्रहमा राज्यशक्ति आफैं लागेर पञ्चायतलाई जिताउने र बहुदल पक्षलाई हराउने षड्यन्त्र भएको थियो । अहिलेको अवस्था ०३६ सालको भन्दा भिन्न छ । जनता धेरै जागरुक र चेतनशील भएका छन् । जनताका पक्षधर र आन्दोलनकारी शक्तिहरू सत्तामा भएका बेलामा हुने चुनावमा धाँधली गरिने अवस्था र सम्भावना छैन ।

नेपालमा निकै लामो समयदेखि विभिन्न राजतन्त्रको सामन्ती शासन चल्दै आएको छ । शाहवंशको राजतन्त्रले पनि आफूलाई जनताको 'एकताको प्रतीक' र 'लोकप्रिय' दाबी गर्दै आएको छ । राजतन्त्रको यो दाबीको परीक्षण पनि जनमतसङ्ग्रहमा गरिनु उपयुक्त हुन्छ । जनताले नै फैसला गरेर राजतन्त्र हटाउनुपर्छ भनेको खण्डमा भोलि कुनै पनि विदेशी वा स्वदेशी शक्तिहरूले राजा राख भनेर दबाब दिन पनि सक्दैनन् । राजतन्त्र राख्ने या नराख्ने भन्ने कुराको फैसला सोझै जनमतसङ्ग्रहबाट गर्दा जनताको सार्वभौमसत्ताको पनि सबैभन्दा लोकतान्त्रिक र उच्चतहको प्रयोग हुन्छ । प्रत्येक मताधिकार प्राप्त नेपाली नागरिकले आफ्नै विवेक, बुद्धि र तर्कलाई सोझै प्रयोग गर्न पाउँछ र एउटा अति महत्त्वपूर्ण राजनीतिक प्रक्रियामा सहज र स्वतन्त्र ढङ्गले सहभागी हुनसमेत पाउँछ ।

जनमतसङ्ग्रह एउटा यस्तो प्रक्रिया हो, जसले जनतालाई सहभागी बनाउन, सक्रिय हुन, विचार बनाउन र भूमिका खेल्नका लागि महत्त्वपूर्ण ठाउँ उपलब्ध गराउँछ । यो राजनीतिक प्रक्रियाले जनतालाई सर्वाधिक सक्रिय बनाउँछ र लोकतन्त्र सुदृढीकरणका लागि आधार उपलब्ध गराउँछ ।

जनमतसङ्ग्रहले संविधानसभामार्फत संविधान निर्माणका क्रममा राजनीतिक शक्तिहरूबीच राजा रहने या नरहने भन्ने विवाद उत्पन्न हुने अवस्थालाई समाप्त पार्छ र संविधान निर्माणको बाटोलाई सहज र निर्विघ्न तुल्याउँछ । यसले गर्दा दलहरूबीच विवाद बढ्ने, द्वन्द्व चर्कने र संविधान निर्माणमा हुने ढिलाइलाई समेत न्यून तुल्याउँछ । जनमतसङ्ग्रह संविधानसभाभन्दा पनि व्यापक र प्रत्यक्ष जननिर्णय आउने सबैभन्दा लोकतान्त्रिक र सर्वोच्च प्रक्रिया हो । जनमतसङ्ग्रहको निर्णयलाई कसैले पनि चुनौती दिन सक्दैन । त्यसैले लोकतान्त्रिक गणतन्त्रसम्म पुग्ने सबैभन्दा शान्तिपूर्ण, निष्पक्ष, स्वतन्त्र र अत्यन्त लोकतान्त्रिक विधि भएकै कारणले राजा राख्ने वा गणतन्त्र ल्याउने भन्ने विषयमा जनमतसङ्ग्रह गर्नुपर्छ भनेर जोड दिएको हो । नेकपा (एमाले) ले अघि सारेको यो जनमतसङ्ग्रह गर्ने कुरा राष्ट्रिय सहमतिको साझा विषय बन्ने सम्भावना छ ।

**३. राज्यको पुनःसंरचना**

केन्द्रीय कमिटीको बाह्रौं बैठकले राज्य पुनःसंरचना सम्बन्धमा नेकपा (एमाले) ले अघि सार्ने नीतिको आधारभूत अवधारणालाई निर्धारण गरेको छ । महासचिवको संयोजकत्वमा गठित राज्य पुनःसंरचनासम्बन्धी कार्यदलले व्यापक विचार-विमर्शपछि आधारभूत अवधारणाहरूको निर्क्योल गर्दै राज्य पुनःसंरचनाको प्रारम्भिक खाका कोर्ने विचारहरू दिएको छ ।

नेपाल राज्यको पुनःसंरचना गर्दा जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततालाई आधार बनाएर सङ्घात्मक ढाँचामा जाने र नेपाललाई अभिभाज्य, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रूपमा अघि बढाउने अवधारणालाई बैठकले पारित गरेको छ ।

२०५८ सालको पछिल्लो जनगणनाले नेपालमा एक सय एक जाति र एक सयवटा भाषा भएको देखाएको छ । ९२ वटा भाषा जनगणनाले देखाएको छ भने भाषाशास्त्रीहरूले आठवटा भाषा गणनामा छुटेको कुरा बताएका छन् । भारोपेली, भोट वर्मेली, आस्ट्रिक र द्रविड गरी चार भाषा परिवारका हिन्दू, बौद्ध, इस्लाम, किराँत, जैन, शिखलगायत १० वटा धर्म मान्ने जनता नेपालमा बस्छन् । भूबनोटका हिसाबले नेपाल हिमाल, पहाड र तराई गरी तीन प्रकारले विभक्त छ । बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक यो मुलुक भौगोलिक विविधताले सिँगारिएको छ । आफ्नै विशिष्टता र विविधता भएको यो देशमा लोकतन्त्रको सुदृढीकरण र समतामूलक समाज निर्माणको काम निश्चय नै सहज छैन ।

राज्य पुनःसंरचनाको मूल उद्देश्य सबै जातिमा नेपाली हुँ भन्ने सामूहिक भावनाको निर्माण, आर्थिक र सामाजिक उन्नति, राजनीतिक रूपले सबैको समान अधिकार र सहभागिताको सुनिश्चितता, स्वाभाविक एवम् सहज सम्मिलन, साझा नेपाली

राष्ट्रियताको सवलीकरण र नेपाल राज्य- राष्ट्रको सार्वभौमसत्ता, जनताको शासनाधिकार, राजकीय सत्ता, सर्वोच्चता र लोकतन्त्रको निरन्तर सुदृढीकरण हो । यिनै कुराहरू सहज र स्वाभाविक रूपले हासिल गर्न सकियोस् भनेर नै राज्यको पुन:संरचना आवश्यक भएको हो ।

राज्यको पुन:संरचनासम्बन्धी केही आधारभूत अवधारणा तय गरिए पनि यसका अन्य कतिपय महत्त्वपूर्ण पक्षहरूका सम्बन्धमा अध्ययन र छलफल जारी छ । कार्यदलले यससम्बन्धी कामलाई पूर्णता दिएर आगामी बैठक र आठौं महाधिवेशनमा प्रस्तुत गर्नेछ । राज्य पुन:संरचना सम्बन्धमा बैठकमा दुई दिन छलफल भएको थियो ।

**४. विविध**

बैठकमा सहकारी आन्दोलनलाई गाउँ-गाउँसम्म पुऱ्याउनुपर्ने र यस आन्दोलनमा सामेल भएर जनताको आर्थिक-सामाजिक जीवन उकास्न नेकपा (एमाले) का सदस्यहरू प्रत्यक्ष रूपले सामेल हुनुपर्ने कुरामा पनि छलफल भएको थियो । त्यस्तै बैठकमा अन्तरिम संविधान, सहमति र अग्रगमनको साझा प्रस्ताव, शान्ति प्रक्रियासम्बन्धी अन्तर्राष्ट्रिय अनुभव आदिका विषयमा पनि छलफल भएको थियो ।

'बैठकले लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान' कार्यक्रमलाई तीन महिनासम्म देशव्यापी रूपमा चलाउने निर्णय गरेको छ । नेपालमा जलस्रोतको उपयोगिता र महत्त्वलाई ध्यान दिंदै यस क्षेत्रमा नीतिगत कामहरू गर्नुपर्ने आवश्यकता अनुभव गरी 'जलस्रोत तथा ऊर्जा विभाग' गठन गरेको छ ।

बैठकमा आठौं महाधिवेशनका बारेमा पनि छलफल भएको थियो । शान्ति स्थापना र संविधानसभाको चुनाव आदिलाई ध्यानमा राख्दै यस विषयमा आगामी बैठकमा छलफल गर्ने निर्णय बैठकले सर्वसम्मतिले पारित गरेको छ ।

वैचारिक-सैद्धान्तिक छलफलको दृष्टिबाट हेर्दा बैठक पहिलेका बैठकहरू भन्दा भिन्न, विचारोत्तेजक, उपलब्धिमूलक रहेको छ । दुई सातासम्म लगातार चलेको नेकपा (एमाले) को यो बाह्रौं बैठक राजनीतिक क्षेत्रमा उत्सुकता र चासोको विषयसमेत बनेको थियो । बैठकले अन्त्यमा २३ सूत्रीय प्रस्तावहरू पनि पारित गरेको छ ।

# संविधानसभा : स्वरूप र प्रक्रिया

' सुरेन्द्रप्रसाद पाण्डे

**पृष्ठभूमि**

संविधानसभा संविधान निर्माण गर्ने एउटा प्रक्रिया हो । यो एक अस्थायी किसिमको सभा हो । संविधानको निर्माणपश्चात् यसको औचित्य समाप्त हुन्छ। कतिपय मुलुकमा संविधानसभाले संविधान निर्माण गर्नुको अलावा एक अवधिसम्म प्रतिनिधिसभाको कार्यसमेत गर्ने गरेको पाइन्छ । यो कुरा तत्कालीन राजनीतिक परिस्थिति र सम्बन्धित मुलुकका राजनीतिक शक्तिहरूको सहमतिका आधारमा निश्चित भएको हुन्छ । संविधानसभाबाट बनाइएको संविधानमा जनताको बढी सहभागिता हुने हुँदा त्यस्तो संविधानप्रति जनताको विश्वास र स्वामित्व रहन्छ भन्ने धारणा विकसित भएको छ । संसारका एक सय ९४ मुलुकमा लिखित संविधान भए पनि ४० मुलुकमा मात्र संविधानसभाद्वारा निर्माण भएको छ । ती मुलुकहरूमा अमेरिका ( १७८७), फ्रान्स (१७८९), अस्ट्रेलिया (१८९७), क्यानाडा, नर्वे (१८१४), अर्जेन्टिना (१८५३), रुस (१९१७), जर्मनी (१९१९), लिथुआनिया (१९२०) आयरल्यान्ड (१९२२), हाइटी, इटली (१९४६), भारत (१९४६), पाकिस्तान (१९४६), न्यूफाउन्डल्यान्ड ( १९४६), इजरायल (१९४८), टर्की (१९६१), बङ्गलादेश (१९७१), स्पेन (१९७७), नामिबिया (१९९०), कोलम्बिया (१९९२), इथियोपिया (१९९४), दक्षिण अफ्रिका (१९९४), पूर्वी टिमोर (२००१), मलेसिया आदि रहेका छन् । संसारका विभिन्न देशमा गठन भएका संविधानसभाहरूमध्ये धेरैजसो अप्रत्यक्ष निर्वाचन र मनोनयनबाट गरिएका उदाहरणहरू रहेको पाइन्छ । प्रत्यक्ष निर्वाचनबाट भने केही सीमित मुलुकहरूमा मात्र निर्माण भएका छन् ।

सन् १९४६ मा हालको क्यानाडाको अधिनस्थ रहेको न्यूफाउन्डल्यान्ड राज्यले प्रत्यक्ष निर्वाचनद्वारा संविधानसभाको निर्वाचन गरेको थियो । संयुक्त राज्य अमेरिका, भारत, जर्मनी, अस्ट्रेलियामा (१९७३) आदि मुलुकहरूमा मुख्य रूपमा अप्रत्यक्ष चुनाव अवलम्बन गरिएको थियो । जसमा प्रान्तीय सभा र सङ्घीय संसद्का तर्फबाट संविधानसभाका सदस्य निर्वाचित भएका थिए । त्यसैगरी स्वीट्जरल्यान्डमा सङ्घीय संसद् र सरकारबाट संविधानसभाका सदस्यहरू मनोनीत गरिएको थियो भने दक्षिण अफ्रिका, रुवान्डा, स्पेन (१९७७) र अस्ट्रेलिया (१८९७) मा एकभन्दा बढी प्रकारबाट अर्थात् प्रत्यक्ष, अप्रत्यक्ष र मनोनयनको विधि अवलम्बन गरिएको थियो । तर, त्यसलाई पनि संविधानसभा नै भन्ने गरियो । पछिल्लो समयमा आएर संविधानसभाको गठन आमजनताको प्रत्यक्ष निर्वाचनद्वारा गरिने पद्धति विकसित भयो । खासगरी ९० को दशकयता यही पद्धतिलाई सबैले आत्मसात् गरेको पाइन्छ । उदाहरणका निम्ति दक्षिण अफ्रिका, पूर्वी टिमोर आदि मुलुकहरूमा संविधानसभा प्रत्यक्ष निर्वाचनद्वारा गठन गरिएका थिए । संविधानसभाको गठन मुख्य रूपले तीनवटा अवस्थामा भएको पाइन्छ ।

क. उपनिवेशबाट मुक्त भएका मुलुकहरूले स्वतन्त्रतापश्चात् संविधान निर्माण गरेको अवस्था । उदाहरणका निम्ति भारत, पाकिस्तान, पूर्वी टिमोर आदि ।

ख. गृहयुद्ध वा देशभित्रको आन्दोलनले सत्ता परिवर्तन भई नयाँ राजनीतिक मान्यतामा प्रवेश गर्दाको अवस्था । उदाहरणका निम्ति फ्रान्स, रुस, इटाली, दक्षिण अफ्रिका आदि ।

ग. मुलुकमा विद्यमान रहेको संवैधानिक सङ्कटको समाधानका निम्तिसमेत संविधानसभाको आयोजना भएको पाइन्छ । उदाहरणका निम्ति केन्या ।

उपरोक्तमध्ये केही मुलुकका संविधानसभासम्बन्धी जानकारी तल उल्लेख गरिएको छ :

- **संयुक्त राज्य अमेरिका-** सन् १७८७ मा १२ वटा राज्यका ३९ जना प्रतिनिधिहरूले फिलाडेल्फियामा एक संवैधानिक सम्मेलनको आयोजना गरी **संयुक्त राज्य अमेरिकाको संविधान** जारी गरे, जुन सम्मेलनमा एक राज्यले सहभागी हुन नसके पनि त्यसलाई समर्थन गरेको थियो ।

- **फ्रान्स-** सन् १७८९ मा फ्रेञ्च क्रान्तिपश्चात् संविधानसभाको गठन गरियो । उक्त सभा १७९१ को सेप्टेम्बरमा विघटित भयो । त्यो संविधानसभा राष्ट्रियसभाद्वारा गठन गरिएको थियो ।

- **नर्वे-** सन् १८१३ मा डेनमार्कको अधिनस्थ रहेको नर्वेमाथि फ्रान्सले आक्रमण गर्‍यो । पछि फ्रान्सले नर्वेलाई स्वीडेनको जिम्मा लगाएपछि यसका विरुद्धमा नर्वेलीहरूले आत्मनिर्णयको अधिकार र स्वतन्त्रताका लागि सङ्घर्ष गरे । सन् १८१४ मा संविधानसभामार्फत नयाँ संविधान जारी गरियो ।

- **रुस-** रुसमा फ्रेब्रुअरी क्रान्तिपश्चात् नोभेम्बर १९१७ मा सात सय तीन सदस्यीय संविधानसभाको चुनाव सूची समानुपातिक प्रणालीअन्तर्गत गरियो । त्यसमा समाजवादी क्रान्तिकारीहरूले दुई सय ९९, बोल्सेभिकले एक सय ६८, मेन्सेभिकले १८ र संवैधानिक प्रजातान्त्रिक पार्टीहरूले १७ सिट जितेका थिए । सन् १९१८ को जनवरी ५ का दिन समाजवादी क्रान्तिकारी दलका नेता भिक्टर चेर्नोनलाई संविधानसभाको सभापति चुनियो तर संविधानसभाको चुनावपूर्व नै अक्टोबर समाजवादी क्रान्ति पुरा भएको र सोभियत सत्ताको आदेश मान्न इन्कार गरेको हुँदा १२ जनवरी १९१८ मा लेनिनद्वारा उक्त संविधानसभा विघटन गरियो ।

- **जर्मनी-** सन् १९१८ को नोभेम्बरमा जर्मनीमा विद्रोह सुरु भयो । ९ नोभेम्बरका दिन केशर विल्हेल्म आफ्नो परिवार छोडेर हल्यान्ड पलायन भए । त्यसपश्चात् जर्मनी गणराज्य घोषित भयो । फेब्रुअरी १९१९ मा वाइमरमा संविधानसभाको अधिवेशन भयो । संविधानसभाले फ्रेडरिक एबर्टलाई राष्ट्रपति र दक्षिणपन्थी सामाजिक जनवादी फिलिप्स सिडेमानलाई सरकार प्रमुख चुन्यो । त्यसले एक संविधान जारी गर्‍यो ।

- **लिथुआनिया-** सन् १९१७ को रुसी क्रान्तिपश्चात् लिथुआनियाले सन् १९१८ फेब्रुअरीमा आफूलाई रुसबाट अलग भएको घोषणा गर्‍यो । त्यसपछाडि केही अवधि जर्मनीले त्यसमाथि कब्जा जमायो । जर्मनीको हस्तक्षेपबाट मुक्त भएपछि सन् १९२० मा लिथुआनियामा प्रत्यक्ष निर्वाचनद्वारा एक सय ५० सदस्यीय संविधानसभाको निर्वाचन भयो ।

- **इटली-** सन् १९४६ मा समानुपातिक निर्वाचन पद्धतिका आधारमा इटलीमा संविधानसभाको निर्वाचन गरियो । त्यस संविधानसभाले सुरुमै जनमतसङ्ग्रहको आयोजना गरी राजा उम्बेर्तो द्वितीयलाई हटाई गणतन्त्रको संविधान निर्माण गर्‍यो । त्यहाँको संविधान सन् १८४८ मा जारी गरिएको थियो ।

- **भारत-** सन् १९४६ मा भारतमा तीन सय ८९ सदस्यीय संविधानसभाको चुनाव अप्रत्यक्ष तरिकाबाट गरिएको थियो ।

- **पाकिस्तान-** सन् १९४६ मा एकीकृत भारतको रूपमा आयोजित संविधानसभाको निर्वाचनमा मुस्लिम लिगले आफू भारत अधिनस्थ बस्न नचाहेपछि त्यसले छुट्टै मुलुकको रूपमा पाकिस्तानको घोषणा गर्‍यो । तर, त्यस संविधानसभाले पाकिस्तानको संविधान निर्माण गर्न नसकेका कारण सन् १९५४ मा विघटन गरियो ।

- **नामिबिया-** जर्मन-दक्षिण अफ्रिकी शासन व्यवस्थाअन्तर्गत सन् १९८० सम्म नामिबिया जर्मनीको उपनिवेशमा थियो । सन् १९८० देखि त्यहाँ उपनिवेशका विरुद्ध हिंसात्मक विद्रोह सुरु भयो । परिणामतः सन् १९८८ मा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले त्यहाँको विद्रोह अन्त्य गर्न र स्वतन्त्रताको पहल गर्न एक प्रस्ताव पारित गर्‍यो । परिणामतः त्यहाँ समानुपातिक प्रतिनिधित्वका आधारमा संविधानसभाको गठन गरियो । त्यसले सन् १९९० को फेब्रुअरी ९ मा नयाँ संविधान लागू गर्‍यो ।

- **कोलम्बिया-** सन् १९९० मा समानुपातिक निर्वाचन पद्धतिका आधारमा संविधानसभाको निर्वाचन गरियो ।

- **इथियोपिया-** सन् १९९१ मा त्यहाँको सैनिक सरकार हटाई एक सङ्क्रमणकालीन सरकार बनाइयो । नयाँ सरकारले ८७ सदस्यीय एक प्रतिनिधि परिषद् बनायो, जसले सल्लाहकार सभाको कार्य गर्दथ्यो । त्यस सरकारले पाँच सय ४७ सदस्यीय संविधानसभाको निर्वाचन गर्‍यो र सन् १९९४ को डिसेम्बरमा नयाँ संविधान घोषणा गर्‍यो ।

- **दक्षिण अफ्रिका-** तीन सय वर्षदेखिको उपनिवेशवाद र चार दशकको रङ्गभेद व्यवस्थाको अन्त्य गर्दै सन् १९९४ मा दक्षिण अफ्रिकामा चार सय ९० सदस्यीय संविधानसभाको चुनाव भयो । त्यो चुनाव नौवटा प्रान्तीय सूची र एउटा राष्ट्रिय सूचीका आधारमा समानुपातिक पद्धतिद्वारा गरिएको थियो । त्यस संविधानसभालाई व्यवस्थापिकाको अधिकार पनि दिइएको थियो । त्यसले १९९७ मा नयाँ संविधान जारी गर्‍यो ।

- **पूर्वी टिमोर-** सन् २००१ मा इन्डोनेसियाबाट स्वतन्त्र बनेको पूर्वी टिमोरमा ८८ सदस्यीय संविधानसभाको निर्वाचन समानुपातिक र बहुमतीय पद्धतिलाई अपनाई सम्पन्न गरिएको थियो । जसमा १३ जना प्रथम हुनेले जित्नेअन्तर्गत एक सदस्यीय निर्वाचन क्षेत्रका आधारमा र ७५ जना राष्ट्रिय सूचीका आधारमा चुनिएका थिए ।

- **अफगानिस्तान-** सन् २००१ मा अमेरिकी हस्तक्षेपका कारण तालिवान सरकारको पतन भयो । त्यसपछि बनेको सरकारले सल्लाहकार सभाका रूपमा लोयाजिर्घाको गठन गर्‍यो । त्यस लोयाजिर्घाले संविधानसभाको निर्वाचन गर्ने सहमति गरेअनुरूप सन् २००५ मा संविधानसभाको निर्वाचन भयो, जसमा ३० क्षेत्र र अन्य जिल्लामा सूचीमा आधारित समानुपातिक निर्वाचन पद्धति अवलम्बन गरिएको थियो ।

- **केन्या-** केन्यामा देखा परेको संवैधानिक सङ्कट समाप्त पार्न सन् २००० मा केन्या जनआयोग निर्माण गरी संविधान सुधारको प्रयत्नलाई अघि बढाइयो । तद्अनुरूप सन् २००२ मा केन्या पुनरावलोकन आयोग गठन भयो । त्यसले

संविधानसभाको सङ्ख्या छ सय २९ तोक्यो, जसमा सांसदहरू पदेन सदस्य रहने व्यवस्था गऱ्यो । जसअनुरूप दुई सय १२ जना सांसदहरू, महिलासहित देशभरिका ७३ जिल्लाबाट जम्मा तीन⁄तीन जनाका दरले दुई सय १९ जना प्रतिनिधिहरू, नागरिक समाज, धार्मिक समुदाय, ट्रेड युनियन, दर्ता भएका राजनीतिक दल, व्यावसायिक सङ्घसंस्था, अपाङ्ग, व्यापारिक वर्ग, अल्पसङ्ख्यकहरू र सरोकारवाला समूहसमेत गरी एक सय ९८ जना छानिए । त्यसले तीन वर्ष लगाएर नयाँ संविधान निर्माण गऱ्यो ।

- **इराक–** सन् २००५ मा इराक राष्ट्रियसभा नामक संविधानसभाको गठन भयो, जसको चुनाव समानुपातिक निर्वाचन पद्धतिअन्तर्गत भएको थियो । जसमा प्रत्येक पार्टीले आफ्नो सूचीमा तीन जनामध्ये एक महिला हुनैपर्ने व्यवस्था गरिएको थियो ।
- **बोलिभिया–** बोलिभियामा बहुमत आदिवासी जनताको प्रतिनिधित्व हुनुपर्ने मागका साथ आन्दोलन चर्कियो । सन् २००२ को चुनावमा राष्ट्रपतिका उम्मेद्वार बनेका मेसाले संवैधानिक सुधारका लागि संविधानसभाको चुनाव गर्छु भन्ने घोषणाका साथ चुनाव अभियानमा जुटे । फलतः सन् २००४ मा कङ्ग्रेस (संसद्) सँगको सहमतिमा संविधानसभाको निर्वाचन गर्ने सहमति गरे । तद्नुरूप २ जुलाई २००६ का दिन क्षेत्रीय स्वायत्तता दिने विषयमा जनमतसङ्ग्रह र दुई सय ५५ सदस्यीय संविधानसभाको चुनाव सँगसँगै भएको छ । त्यहाँ ७० वटा स्थानीय निर्वाचन क्षेत्रमा प्रत्येकबाट तीन⁄तीनका दरले र नौ प्रदेश (विभाग) हरूबाट पाँच⁄पाँचका दरले निर्वाचित हुने व्यवस्था गरिएको छ, जसमा महिलालाई विशेष प्राथमिकता दिन पहिलो पुरुष उम्मेद्वार भए दोस्रो महिला वा पहिलो महिला भए दोस्रो पुरुष हुनुपर्ने व्यवस्था गरिएको छ ।

**संविधानसभा किन ?**

हाम्रो पार्टी नेकपा (एमाले) सहित सात राजनीतिक दलको मार्गचित्र र सात दल तथा नेकपा (माओवादी) बीचको १२ बुँदे सहमतिका आधारमा २०६२⁄०६३ को शान्तिपूर्ण जनक्रान्तिले ऐतिहासिक उचाइ पार गऱ्यो । त्यस जनक्रान्तिमा नेपाली जनताले मुख्य रूपले तीनवटा मागहरू अघि सारेका थिए । पहिलो- राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना, दोस्रो- दश वर्षदेखि जारी हिंसात्मक द्वन्द्वको अन्त्य एवम् द्वन्द्वको शान्तिपूर्ण निकास र स्थायी शान्तिको स्थापना, तेस्रो- सदियौँदेखि कायम सामन्ती केन्द्रीकृत राज्य ढाँचाको पुनःसंरचना गरी समावेशी लोकतन्त्रको स्थापना गर्ने । उपरोक्त तीन मागहरूमध्येका अघिल्ला दुईवटा मागहरूको समाधान केवल संविधानसभाबाट मात्र सम्भव छ । यद्यपि, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रको मुद्दालाई चालू संविधानभित्रैबाट पनि सम्बोधन गर्न सकिन्थ्यो । तर, यो विषय पनि संविधानसभाले नै टुङ्गो लगाउने सहमति भएकाले त्यसलाई संविधानसभामार्फत ठोस निष्कर्षमा पुग्नु जरुरी छ ।

नेपालमा राजतन्त्रको अन्त्य र संविधानसभाको आयोजनाद्वारा संविधान निर्माण गर्ने प्रश्न विगत छ दशकदेखि बहसमा रहँदै आएको छ । त्यो बहस कहिले मन्द र कहिले तीव्र बन्ने गरेको छ । तर, अहिले संविधानसभाको निर्वाचनको सवालमा सम्पूर्ण राष्ट्र एकजुट बनेको छ । त्यसको विपक्षमा रहेका प्रतिगामी शक्तिको आवाज लगभग बन्द भएको छ वा विरोधका स्वरहरू ज्यादै मसिनो हुने गरेका छन् ।

संविधानसभाको प्रश्न नेपालका वास्तविक सम्प्रभु को हुन् भन्ने प्रश्नसँग जोडेर उठ्ने गरेको छ । वास्तविक सम्प्रभु नेपाली जनता हुन् वा राजा ? एक्काइसौँ शताब्दीका सचेत नेपाली जनता कमारा, दास र प्रजा होइनन्, उनीहरू स्वतन्त्र नागरिक हुन् भन्ने कुरामा नेपाली जनता सचेत छन् । त्यसैले उनीहरू सम्प्रभु बन्न चाहन्छन् । तसर्थ, सार्वभौमसत्ता पनि तिनै नेपाली नागरिकमै निहित छ र रहिरहनेछ । यही कुरा यसपालिको जनक्रान्तिले सावित गरिदिएको छ । राणाकालको समाप्तिको सँघारमा जारी भएको वि.सं. २००४ को अन्तरिम संविधानले नेपालको सार्वभौमसत्ता राजा र श्री ३ मा रहने व्यवस्था गरेको थियो । वि.सं. २००७, २०१५ र २०१९ को संविधानले सार्वभौमसत्ता राजामा निहित गऱ्यो । २०४७ को संविधानले त्यसलाई राजाबाट खोसी नेपाली जनतामा निहित गरेको भनिए पनि त्यो सीमित र नियन्त्रित थियो । किनभने, संविधानले सार्वभौमसत्ता 'नेपाली जनतामा' निहित छ भन्दाभन्दै पनि त्यसै संविधानको प्रस्तावनामा राजतन्त्रलाई अपरिवर्तनीय बनाइयो र धारा ११६ ले त्यसलाई संशोधन गर्न नसक्ने व्यवस्था गरी जनताको सम्प्रभुता र सार्वभौमसत्तामाथि अङ्कुश लगाउने र सीमित गर्ने कार्य गरियो ।

राजा ज्ञानेन्द्रको सत्तारोहणसँगै उनीद्वारा सार्वभौमसत्ता र राजकीयसत्तामाथिको हस्तक्षेपले त्यस यथार्थलाई छर्लङ्ग्याएको छ । तसर्थ, नेपाली जनता सम्पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न छन् भन्ने सावित गर्न चाहन्छन् र संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न चाहन्छन् । यही भावना वि.सं. २०६२⁄६३ को शान्तिपूर्ण जनक्रान्तिमा पचासौँ लाख नेपालीहरूले सडकमा उत्रिएर राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको नारा गुञ्जयमान गरेबाट स्पष्ट भएको छ । अब उनीहरू संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रको नयाँ बिहानीको प्रतीक्षामा छन् । दोस्रो, नेपाली जनता संविधानसभामार्फत विगत दश वर्षदेखि जारी हिंसात्मक द्वन्द्वको राजनीतिक निकास खोज्न आतुर छन् । उनीहरू सरकार-माओवादीबीचको वार्ता ठोस निष्कर्षमा पुग्नुपर्छ र स्थायी शान्ति बहाल गर्न दुवै पक्ष गम्भीर हुनेछन् भन्नेमा आशावादी छन् । तसर्थ, सात दल-माओवादीबीचको वार्तामा ढिलाइ नगरी एजेन्डाहरू निश्चित गर्ने र त्यसमा सहमति कायम गर्नुपर्दछ ।

यहाँनेर के कुरालाई ख्याल गर्नुपर्दछ भन्ने माओवादीसहितको अन्तरिम सरकार र अन्तरिम संविधान जारी गर्नुपूर्व नै हतियार व्यवस्थापनसम्बन्धी सहमति कायम गरिसक्नुपर्छ । त्यस निम्ति पहिलो कदमका रूपमा माओवादी छापामारहरूको सङ्ख्या किटानी गर्नुपर्दछ । दोस्रो, हतियार जम्मा गर्ने वा प्रयोग नगर्ने र तेस्रो, हतियार नष्ट गर्ने वा बुझाउने कार्यका प्रक्रिया निश्चित गर्नुपर्दछ । नामिबियामा हतियार नष्ट गर्नुपूर्व ती हतियारहरू गोदाममा राखी दुई पक्ष विद्रोही र संयुक्त राष्ट्रसङ्घबाट ताला लगाउने कार्य गरी हतियार सुरक्षित गरिएको थियो । नेपालको हतियार व्यवस्थापन सम्बन्धमा संयुक्त राष्ट्रसङ्घले भूमिका खेलोस् भन्ने बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पक्ष खासगरी भारतको समेत सहमति हुनु खुसीको कुरा हो । तसर्थ, सरकारले तत्काल त्यस निम्ति पहल गर्नुपर्छ । नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयलाई नै अधिकार क्षेत्रको विस्तार गरी आवश्यक जनशक्ति एवम् बजेट व्यवस्थापन भएमा त्यो कार्यले गति लिन सक्नेछ । अहिले

संविधानसभाको निर्वाचनपूर्व माओवादी छापामारको लगत लिने र छापामारहरूबाट हतियार प्रयोग नगर्ने (De-comissioning) गर्ने कार्य गर्नुपर्दछ। यसका निम्ति नामिबियाको जस्तै हतियार कुनै गोदामघरमा थुपारी दुई पक्ष (माओवादी-यूएनको तालाबन्दी गर्ने वा देशका विभिन्न भागमा चार/पाँचवटा शिविर स्थापित गरी माओवादी छापामारहरूलाई राख्ने व्यवस्था गर्नु उपयुक्त हुनेछ। तेस्रो, संविधानसभाले राज्यको पुनःसंरचना गरी समावेशी लोकतन्त्र स्थापना गर्न त्यसैगरी संविधानसभाले सदियौँदेखि कायम एकात्मक राज्य ढाँचाको अन्त्य गरी केन्द्र र स्थानीय निकायको बीचमा प्रदेशको रचना गर्नुपर्दछ। त्यस्तो प्रदेश जनसङ्ख्या, भूगोल, क्षेत्रीय, सांस्कृतिक, भाषिक विशेषता र प्रशासनिक सुगमताका आधारमा निश्चित गर्नुपर्दछ। स्थानीय निकायलाई विकेन्द्रीकरणको मान्यताअनुरूप अधिकारको निक्षेपण गरिनुपर्छ। अहिलेका जिल्ला र गाउँ तहलाई एकतिहाइ सङ्ख्यामा झार्नुपर्दछ। महिला, दलित, जनजाति, मधेसीलगायतका क्षेत्रलाई समानुपातिक रूपले संविधानसभामा प्रतिनिधित्व गराउने व्यवस्था कानुनद्वारा निश्चित गरिनुपर्दछ।

**संविधानसभाको गठन प्रक्रिया**

संविधानसभाको गठन प्रक्रिया तीन प्रकारबाट हुने गरेको देखिन्छ :

क. प्रत्यक्ष निर्वाचनबाट,

ख. अप्रत्यक्ष निर्वाचनबाट (संवैधानिक परिषद्को मोडेल समेत), र

ग. प्रत्यक्ष, अप्रत्यक्ष र मनोनयनबाट।

सुरुसुरुमा संविधान निर्माण गर्ने विश्वका विभिन्न देशका अनुभव हेर्दा त्यसबखत प्रत्यक्षभन्दा पनि अप्रत्यक्ष निर्वाचनको प्रक्रिया (पद्धति) अवलम्बन भएको पाइन्छ। उदाहरणका निम्ति अमेरिकामा १३ वटा राज्यका करिब तीन दर्जन प्रतिनिधिहरूले संविधान निर्माण गरेका थिए। भारतमा तीन सय ८९ सदस्यीय संविधानसभामा ९३ सदस्य भारतीय राजाहरूद्वारा शासित प्रदेशबाट मनोनीत र दुई सय ९२ ब्रिटिस शासित प्रदेशलाई छुट्याइएको सिटमा ७८ मुसलमानलाई, चार सिट शिखलाई आरक्षण र बाँकी दुई सय १० सिट थिए। ती दुई सय १० व्यक्तिहरू प्रान्तीय विधानसभाबाट निर्वाचित भएका थिए। आरक्षित सिट भने प्रत्यक्ष निर्वाचनबाट गरिएको थियो। दक्षिण अफ्रिका, युगान्डा, नामिबिया, घाना, निकारागुआ, भेनेजुयला, कोलम्बिया, हाइटी, मार्सल महाद्वीप, सङ्घीय राज्य भिक्रोनिया, पूर्वी टिमोर आदिमा प्रत्यक्ष निर्वाचनको पद्धति अवलम्बन गरिएको थियो। हाम्रो देशमा प्रत्यक्ष निर्वाचन पद्धति र केही मनोनयनको प्रक्रियासमेतलाई अवलम्बन गर्न सकिन्छ।

**संविधानसभाको सङ्ख्या निर्धारण**

संविधानसभाको सङ्ख्या निर्धारण र प्रतिनिधित्व व्यवस्था कसरी गर्ने भन्ने सम्बन्धमा मुख्य रूपले दुईवटा आधारमा त्यसको किटान गर्न सकिन्छ :

क. आवश्यकताका आधारमा, र

ख. निश्चित सिद्धान्तका आधारमा सङ्ख्या निर्धारण गर्ने,

कतिपय मुलुकमा आवश्यकताको सिद्धान्तका नाममा विभिन्न पक्षको सङ्ख्या जोड्दै त्यसका आधारमा संविधानसभाको सङ्ख्या निश्चित गर्ने गरिएको छ। जस्तै : अफगानिस्तानमा विभिन्न सङ्गठनका प्रतिनिधिहरूको सङ्ख्या जोड्दै त्यस आधारमा लोयाजिर्घाको गठन गरियो। सबै पक्ष समेट्न खोज्दा संविधानसभाको सदस्यहरूको सङ्ख्या चार हजारको हाराहारीमा पुग्यो। यो विधि वैज्ञानिक देखिएन। त्यस्तो खालको सभाले न प्रभावकारी रूपले कार्य गर्न सक्छ न त व्यवस्थापकीय हिसाबले नै त्यो उपयुक्त हुन सक्छ।

तर, दोस्रो विधिमा खास सिद्धान्तमा आधारित भएर सङ्ख्या तोकिन्छ। उदाहरणको निम्ति भारतमा लोकसभाको चुनावमा १० लाख जनसङ्ख्या बराबर एक जना प्रतिनिधि र संविधानसभाका निम्ति एक लाख बराबर एक जना प्रतिनिधि तोकिएको थियो। हाम्रो मुलुकको हकमा एक लाख बराबर एक प्रतिनिधि तोक्ने हो भने लगभग दुई सय ५० को हाराहारीमा संविधानसभाको सङ्ख्या हुन आउँछ। यसरी ९० हजारदेखि एक लाख १० हजार जनसङ्ख्याको अनुपातमा संविधानसभाको सङ्ख्या तोक्ने हो भने त्यो दुई सय ५०-तीन सयको हाराहारीमा हुन आउँछ। अहिलेको प्रतिनिधिसभाको सङ्ख्या दुई सय पाँच र राष्ट्रियसभाको सङ्ख्या ६० लाई जोड्दा त्यो सङ्ख्या दुई सय ६५ हुन्छ र यही सङ्ख्याको सेरोफेरोमा नै त्यो सङ्ख्या रहन्छ। यही हिसाबले हेर्दा जनसङ्ख्यालाई आधार मान्ने सिद्धान्त नै उपयुक्त देखिन्छ। तसर्थ, संविधानसभाको सङ्ख्या दुई सय ५०-तीन सयको बीचमा किटान गरी महिला, जनजाति, दलित, मधेसी, नागरिक समाज र ट्रेड युनियनलगायतलाई निश्चित आधारमा प्रतिनिधित्व गराउनु पर्दछ।

**निर्वाचन क्षेत्रको निर्धारण**

संविधानसभाको सदस्य निर्वाचनका लागि कस्तो निर्वाचन क्षेत्र निर्धारण गर्ने भन्ने विषय पनि महत्त्वपूर्ण विषय हो। त्यसले पनि संविधानसभा समावेशी चरित्रको हुन्छ वा हुन्न भन्ने कुरालाई प्रभावित गर्नेछ। निर्वाचन क्षेत्रको निर्धारणका विधिहरू मुख्य रूपले तीन प्रकारका रहेका छन्। पहिलो, एक क्षेत्र एक व्यक्ति व्यवस्था, यो प्रणाली हामीले विगतमा संसदीय चुनावमा अवलम्बन गरेको प्रणाली हो। यो प्रणाली अवलम्बन गरिएमा विगतमा देखा परेका असमावेशका समस्याहरू फेरि पनि देखा पर्नसक्छ। जुन कारणले राज्यको पुनःसंरचना र समावेशीकरणको माग उठेको छ। त्यसको समाधानका लागि यो प्रणाली उपयुक्त हुन सक्दैन। दोस्रो, बहुप्रतिनिधि निर्वाचन क्षेत्र, यस प्रणालीमा एक निर्वाचन क्षेत्रमा एकभन्दा बढी प्रतिनिधि निर्वाचन गर्ने गरिन्छ। उदाहरणका निम्ति यदि हाम्रो मुलुकमा संविधानसभाका लागि दुई सय ५० सङ्ख्या तोकियो र त्यसलाई २५ जिल्लामा बाँडियो भने प्रत्येक जिल्लाबाट १० जनाका दरले प्रतिनिधि चुनिएर आउनेछन्। सिङ्गापुर, फिजी, लेबनान आदि देशमा यो प्रणाली अवलम्वन गरी त्यस्ता बहुसदस्यीय निर्वाचन क्षेत्रमा अल्पसङ्ख्यक तथा धार्मिक समुदायलाई न्यूनतम् सिट सुरक्षित गर्ने गरिएको छ। हाम्रो मुलुकमा उठिरहेको दलित, जनजाति, महिला, मधेसीको प्रतिनिधित्व र सिट आरक्षणजस्तो विषयमा यो प्रणालीले एकहदसम्म समस्या हल गर्न सक्छ। किनभने प्रत्येक निर्वाचन क्षेत्रमा निश्चित सङ्ख्यामा महिला, दलित,

जनजाति र मधेसीहरूको उम्मेद्‌वारी हुनैपर्ने व्यवस्था गर्ने हो भने एकहदसम्म यसले समावेशी स्वरूप दिन सक्छ । तर, त्यस्तो निर्वाचन क्षेत्र कसरी निरूपण गर्ने भन्ने विषयमा बृहत् बहस र सहमतिको खाँचो पर्छ । तसर्थ, यस विषयमा टुङ्गो गर्न पनि जटिलताहरू धेरै छन् । तेस्रो, राष्ट्रिय निर्वाचन क्षेत्र, यो प्रणालीमा कुनै निर्वाचन क्षेत्रको जरुरत पर्दैन । सिङ्गो मुलुक नै एक निर्वाचन क्षेत्र हुन्छ । यो विधिको अवलम्बन गरिएमा नेपालभित्र मात्रै होइन, संसारको जुनसुकै मुलुकमा समेत मतदान केन्द्र राख्न सकिन्छ । भारतको हकमा भने नेपाली मतदानको यकिन गर्न अप्ठ्यारो स्थिति रहन्छ । यस विधिमा जाँदा निर्वाचन पद्धति समानुपातिक र चिन्हका आधारमा पार्टीलाई मतदान गर्ने प्रणाली अवलम्बन गर्नुपर्छ । हाम्रो सन्दर्भमा कम विवादमा छिटो निर्वाचन सम्पन्न गर्न यही पद्धति उपयुक्त हुने देखिन्छ ।

**निर्वाचन पद्धतिको निर्धारण**

निर्वाचन पद्धतिको छनोट केवल प्राविधिक विषय वा विज्ञहरूको छनोटको विषय मात्र नभई यो स्वयम्‌मा एक राजनीतिक प्रक्रिया हो । सन् १९८० तथा १९९० को दशकयता आएर निर्वाचन पद्धतिको सुधारको विषयमा व्यापक छलफल सुरु भएको छ । यस क्रममा बर्मुडा, लेसोथो, इराक, जोर्डन, फिजी, मोनाको, रुवान्डा, अफगानिस्तान, मोन्टसेरात, न्युजिल्यान्ड, सियरालिओन, पपुआन्युगिनी, फिलिपिन्स, दक्षिण अफ्रिका, मङ्गोलिया, थाइल्यान्ड, मोल्डोना, युक्रेन, रुसी महासङ्घ, मेक्सिको, म्यासेडोनिया, म्याडागास्कर, बोलिभिया, इटली, भेनेजुयला र जापान आदि मुलुकले निर्वाचन पद्धतिमा हेरफेर गरेका छन् । तीमध्ये धेरैजसो मुलुकहरूले बहुमतीय पद्धतिको विकल्पमा मिश्रित र समानुपातिक पद्धति अवलम्बन गरेको देखिन्छ । निर्वाचन पद्धतिमा परिवर्तनको विषय मुख्य रूपले महिला सहभागिता, आदिवासी तथा अल्पसङ्ख्यकहरूको प्रतिनिधित्व र समावेशीकरणको सवाललाई लिएर आवाज उठ्ने गरेको छ । नेपालमा पनि पछिल्लो समयमा आएर यो मुद्दा राष्ट्रिय एजेन्डा बन्न पुगेको छ । यस विषयलाई टुङ्गोमा पुर्‍याउन संसारका विभिन्न मुलुकहरूका अभ्यासहरूको अध्ययनले निश्चय नै मद्दत पुर्‍याउँछ । यद्यपि, हरेक मुलुकका राजनीतिक अभ्यास त्यहीँको आवश्यकताका आधारमा निश्चित गरिएको हुन्छ । विभिन्न मुलुकहरूमा अवलम्बन गरिएका निर्वाचन पद्धतिहरूलाई मुख्य रूपले तीन श्रेणीमा वर्गीकरण गरिएको छ । पहिलो- बहुमतीय पद्धति, दोस्रो- मिश्रित पद्धति र तेस्रो- समानुपातिक पद्धति । ती पद्धतिहरूभित्र पनि विभिन्न मोडेलहरू विकसित गरिएका छन् । जसअन्तर्गत बहुमतीय पद्धतिभित्र प्रथम हुनेले पद पाउने, ब्लक भोट, पार्टी ब्लक भोट, वैकल्पिक भोट र दुई चरण पद्धति रहेका छन् भने मिश्रित पद्धतिअन्तर्गत मिश्रित सदस्य समानुपातिक र समानान्तर मोडल पर्दछन् । त्यसैगरी समानुपातिक पद्धतिअन्तर्गत सूची समानुपातिक प्रतिनिधित्व र एकल सङ्क्रमणीय मत पद्धति रहेका छन् । यसका अतिरिक्त अरू निर्वाचन पद्धतिहरू पनि प्रचलनमा छन् । जसअन्तर्गत एकल असङ्क्रमणीय मत, सीमित भोट र बोर्डा गणना रहेका छन् । विश्वका मुलुकहरूमा प्रयोग भएका निर्वाचन पद्धतिलाई हेर्दा FPTP पद्धति ४७ देशमा, ब्लक भोट १५ मा, पार्टी ब्लक भोट चारमा, वैकल्पिक भोट तीनमा, दुई चरण पद्धति २२ मा, सूची समानुपातिक ७० मा, एकल सङ्क्रमणीय दुईमा, मिश्रित सदस्य समानुपातिक नौमा, समानान्तर २१ मा, एकल असङ्क्रमणीय चारमा, बोर्डा गणना एक र सीमित भोट एक मुलुकमा प्रयोगमा रहेको छ ।

ती पद्धतिहरूमध्ये केहीको यहाँ संक्षिप्त रूपमा चर्चा गरिएको छ :

क. बहुमतीय पद्धति

यस पद्धतिको जननी बेलायत हो । यो पद्धति संसारका विभिन्न देशमा अभ्यास गरिएको छ । यस पद्धतिभित्र पनि विभिन्न खाले निर्वाचन मोडेल रहेका छन् ।

**प्रथम हुनेले पद पाउने** : यो प्रणाली बेलायत, अमेरिका, नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान आदिमा प्रयोग भएको मोडेल हो । यसमा सबैभन्दा बढी मत ल्याउने उम्मेद्‌वारहरू विजयी घोषित हुन्छन् । तर, यस पद्धतिमा कुल मतको बहुमत ल्याउनु आवश्यक पर्दैन । यस प्रणालीको सकारात्मक पक्ष निर्वाचन प्रणालीको सरलता र कुनै एउटा पार्टीले बहुमत पाई राजनीतिक स्थिरता कायम हुन्छ भन्ने मानिएको छ । तर, यसको मुख्य कमजोर पक्ष भनेको यसमा बहुसङ्ख्यक मतदाता अल्पमतमा पर्दछन् । अल्पमतले बहुमतमाथि शासन गर्दछ र पार्टीहरूले पाएको मत र प्रतिनिधित्वको अनुपात असमान हुने गर्दछ । हाम्रो विगत अभ्यासमा यस प्रणालीको थुप्रै दोष देखिएको छ । जसलाई संविधानसभाको निर्वाचनमा अवलम्बन गर्दा विविध क्षेत्र, जातजाति र लिङ्गको समावेशीकरण गर्न सम्भव हुन्न । तसर्थ, यो प्रणालीको विकल्प खोज्नु उपयुक्त हुन्छ ।

ब्लक भोट पद्धति : यो प्रणाली पनि अघिल्लो जस्तै नै हो । तर, यसमा एक निर्वाचन क्षेत्रमा एकभन्दा बढी सिट कायम गरिएको हुन्छ । उदाहरणका लागि यदि नेपाललाई २५ जिल्लामा वर्गीकरण गरी प्रत्येक जिल्लाबाट १०/१० व्यक्तिहरू निर्वाचन हुने व्यवस्था गरियो र जसमा दलित, महिला, जनजाति, मधेसीलगायतको निश्चित सङ्ख्यामा उम्मेद्‌वार हुनैपर्ने व्यवस्था गरियो भने एक हदसम्म अहिले उठेका समस्या हल गर्न मद्धत गर्न सक्छ । यस्तै व्यवस्था सिङ्गापुर, फिजी, लेबनान आदि मुलुकमा गरिएको छ । यस प्रणालीअन्तर्गत अल्पसङ्ख्यक वा धार्मिक समुदायलाई निश्चित सङ्ख्यामा उम्मेद्‌वारी दिनुपर्ने व्यवस्था गरिएको छ । यो प्रणालीमा व्यक्ति उम्मेदवार हुने र पार्टी उम्मेदवार हुने दुवै रूपलाई अवलम्बन गरिएको छ । तर, यस प्रणालीमा धेरै जनालाई मत दिनुपर्ने हुँदा मतदाताहरू अल्मलिने र निर्वाचन क्षेत्र निर्धारण कसरी गर्ने भन्ने जटिलताहरू रहेका छन् ।

**दुई चरण पद्धति :** यस पद्धतिमा ५० प्रतिशतभन्दा धेरै मत हुनैपर्दछ । यो पनि एक सदस्य एक निर्वाचन क्षेत्र पद्धतिमा आधारित छ । यो पद्धति अवलम्बन गर्ने मुलुकहरूमा ५० प्रतिशत मत काटेन भने अधिकतम मत ल्याउने दुई उम्मेद्‌वारबीच १५ दिनभित्र दोस्रो चरणको निर्वाचन गर्ने गरिन्छ । युक्रेन, अल्वानिया, अजरबैजान, जर्जिया, फ्रान्स र फ्रान्सका पूर्व उपनिवेश रहेका अफ्रिकाका मुलुकहरूसमेत करिब ३० वटा देशहरूमा यो प्रणाली कायम रहेको छ । तर, यसको प्रयोग भिन्नभिन्न ढङ्गले हुने गरेको छ । अल्वानिया, अजरबैजान, जर्जियामा एक व्यक्ति एक मतका आधारमा दुई चरण पद्धति छ भने फ्रान्समा १२.५ प्रतिशतभन्दा बढी मत ल्याउने उम्मेद्‌वारहरूबीच दोस्रो चरणको निर्वाचन हुन्छ । दोस्रो चरणमा ५० प्रतिशत नकाटे पनि

सबैभन्दा बढी मत ल्याउने व्यक्ति विजयी घोषित गरिन्छ । तर, यो पद्धतिमा धेरैपटक निर्वाचनमा जानुपर्ने हुँदा खर्चिलो हुने गरेको छ । हाम्रो जस्तो गरिब मुलुकले यस्तो निर्वाचन पद्धति अवलम्वन गर्दा ज्यादै ठूलो आर्थिक व्ययभार बोक्नुपर्ने हुँदा उपयुक्त देखिँदैन ।

**ख. अर्ध-समानुपातिक पद्धति**

यो बहुमतीय र समानुपातिक प्रणालीको मिश्रित रूप हो । यसअन्तर्गत समानान्तर पद्धति (Parallel System) धेरै देशमा प्रयोग भएको छ । यस पद्धतिअन्तर्गत विभिन्न मोडेल अवलम्बन गर्ने गरिएको छ । **समानान्तर तथा मिश्रित पद्धति** : यो पद्धति विभिन्न मुलुकहरूमा प्रचलनमा रहेको छ । यो पद्धति सन् '९० को दशकमा विकसित भएको हो । क्यामरुन, जापान, दक्षिण कोरिया, रुसलगायतका देशमा यो पद्धति प्रचलनमा छ । एन्डोरामा समूहगत भोट र समानुपातिक प्रतिनिधित्वअन्तर्गत ५०/५० प्रतिशत सिट छुट्याइएको छ । ट्युनिसिया र सेनेगलमा पार्टी ब्लक पद्धति छ । रुसमा एक क्षेत्र एक व्यक्तिका आधारमा ५० प्रतिशत र PRS अन्तर्गत ५० प्रतिशत सिट, ट्युनिसियामा ८८ प्रतिशत पार्टी ब्लक भोट र १२ प्रतिशत सूची समानुपातिक प्रतिनिधित्वका आधारमा, सोमालियामा एक सय १३ सिट PRS र १० सिट एक निर्वाचन क्षेत्र एक व्यक्तिअन्तर्गत, जापानमा ६० प्रतिशत एक क्षेत्र एक व्यक्ति र ४० प्रतिशत सूची समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत निर्वाचन गर्ने व्यवस्था छ । पूर्वी टिमोरमा संविधानसभाको निर्वाचनमा १३ सिट एक क्षेत्र एक व्यक्ति र ७५ सिट सूची समानुपातिक प्रतिनिधित्वका आधारमा निर्वाचन गरिएको थियो । राज्य पुनःसंरचनाको विषय संविधानसभा निर्वाचनपश्चात् मात्रै टुङ्गो लाग्ने अवस्था भएको हुँदा र वर्तमान निर्वाचन क्षेत्र निर्धारण वैज्ञानिक नभएको भन्ने आवाज उठिरहेको परिप्रेक्ष्यमा यो मिश्रित विधि संविधानसभाको निर्वाचनको प्रयोजनका लागि त्यति व्यावहारिक देखिन्न । किनभने, यस निम्ति पहिले निर्वाचन क्षेत्र निर्धारणको विषयलाई टुङ्गो लगाउनु आवश्यक पर्दछ ।

**ग. समानुपातिक प्रतिनिधित्व प्रणाली**

यो प्रणाली ल्याटिन अमेरिका, पश्चिम युरोप र अफ्रिकाका एकतिहाइ मुलुकमा प्रयोगमा रहेको छ । स्वीट्जरल्यान्डमा समानुपातिक निर्वाचन पद्धति सन् १९१९ मा अवलम्बन गरियो, जसले संसद्को बनोटलाई आश्चर्यजनक रूपले बदल्यो । लिवरल पार्टीले बहुमत गुमायो । समाजवादीहरूले आफ्नो सिट दुई गुणा बढाए । संसद्मा कहिल्यै प्रतिनिधित्व गर्न नसकेको किसान पार्टी संसद्को चौथो ठूलो पार्टी बन्यो । त्यहाँ न्यूनतम पाँच प्रतिशत मत पाएका पार्टीहरूले संसद्मा प्रतिनिधित्व गर्ने व्यवस्था गरिएको छ । यस प्रणालीमा प्राप्त मत र सिटमा समान अनुपात हुने हुँदा राजनीतिक द्वन्द्वलाई समेत न्यून गर्न उपयोगी सावित भएको छ । यस प्रणालीभित्र पनि विभिन्न मोडेलहरूको अवलम्बन गरिएको पाइन्छ ।

**सूची समानुपातिक प्रणाली** : यस प्रणालीमा कुनै खास निर्वाचन क्षेत्रको व्यवस्था गरिरहनु पर्दैन । सिङ्गै देश एउटा निर्वाचन क्षेत्रका रूपमा रहन्छ, जसलाई राष्ट्रिय निर्वाचन क्षेत्र भनिन्छ । यस प्रणाली अवलम्बन गर्ने मुलुकहरूमा पार्टीले जनता सामु मत माग्दछन् । पार्टीहरूले प्राप्त गरेको मतका आधारमा आफ्ना प्रतिनिधिहरू पठाउने गर्दछन् । त्यस निम्ति पार्टीहरूले चुनावपूर्व आफ्ना प्रतिनिधिहरूको प्राथमिकताका आधारमा सूची प्रकाशित गर्दछन् । त्यस्तो सूची खुला वा बन्द कस्तो प्रकारको हुने भन्ने व्यवस्था पनि फरक-फरक रूपमा प्रयोग भएको पाइन्छ । बन्द सूची अवलम्बन गर्दा पार्टीले जारी गरेको प्राथमिकताको सूची परिवर्तन हुन सक्दैन । त्यस्तो प्रणाली दक्षिण अफ्रिकालगायतका मुलुकमा प्रयोगमा छ । तर, युरोपका विभिन्न मुलुकमा खुला सूची प्रणाली रहेको छ । त्यस अवस्थामा मतदाताले पार्टी सूचीमा उल्लेखित प्राथमिकतालाई हेरफेर गर्न सक्छन् । फिनल्यान्डमा उम्मेद्वारले पाएको कुल मत नै पार्टीको मत हुन्छ । हाम्रो देशमा उठिरहेका विभिन्न क्षेत्रका आवाजलाई समेत दृष्टिगत गर्दा समानुपातिकअन्तर्गतको सूची प्रणाली नै सबैभन्दा उत्तम विकल्प अहिलेको लागि देखिएको छ ।

**समानुपातिक मिश्रित सदस्य प्रणाली (कोटा प्रणाली)** : यो प्रणालीमा निश्चित प्रतिशत बहुमतीय प्रणाली र निश्चित प्रतिशत समानुपातिक प्रणालीअन्तर्गतको सूची प्रणालीअन्तर्गत निर्वाचन गर्ने गरिन्छ । जर्मनी, न्युजिल्यान्ड, बोलिभिया, इटली, मेक्सिको, भेनेजुयला, हङ्गेरी आदिमा यो प्रणाली प्रयोगमा रहेको छ । यो सरसर्ती हेर्दा माथि चर्चा गरिएको समानान्तर प्रणालीजस्तै देखिए पनि यसमा केही फरक छ । यसमा कुनै पार्टीले FPTP प्रणालीअन्तर्गत पाएको सिट र कुल मतको अनुपातमा प्रतिनिधि सङ्ख्या समान नरहेमा त्यस बखत सो अनुपातमा सिट थपिन्छ । यसरी हेर्दा यो पद्धतिले पूर्ण समानुपातिकतालाई आत्मसात् गरेको छ ।

समानुपातिक निर्वाचन पद्धतिको अवलम्बन गर्दा सीमा बन्धनको व्यवस्था पनि गरिएको पाइन्छ । यो पद्धति जर्मनीबाट सुरु गरिएको हो । त्यहाँ साना पार्टीहरूलाई प्रतिनिधित्वबाट वञ्चित गर्न खोजिएको देखिन्छ । तर पनि, जर्मनीमा तीन सिटभन्दा बढी जितेमा त्यो बन्देज पार गरेको मानिन्छ । न्युजिल्याण्डमा एक सिट जितेपछि त्यो बन्देज हट्छ । त्यस्तै, नेदरल्यान्डमा ०.७६ प्रतिशतभन्दा कम मत पाएमा उसको मत गणनाबाट हटाइन्छ ।

समानुपातिक प्रणालीमा स्वतन्त्र उम्मेद्वारहरूले जित्ने सम्भावना भने कमै रहन्छ । श्रीलङ्कामा स्वतन्त्र व्यक्तिहरूले समूह बनाएर निर्वाचन लड्ने गर्दछन् । त्यहाँ पार्टी ब्लक भोट पद्धति प्रचलनमा रहेको छ ।

**संविधानको अनुमोदन कसले र कसरी गर्ने ?**

संविधानसभाको गठन भई संविधान निर्माण भएको अवस्थामा त्यसको अनुमोदन कसरी गर्ने भन्ने विषयमा पनि स्पष्ट हुनु जरुरी छ । ती प्रक्रियाहरूका सम्बन्धमा तल चर्चा गरिएको छ ।

क. संविधानसभाबाट,

ख. जनमतसङ्ग्रहबाट,

ग. प्रदेश/प्रान्तीय सभाबाट,

घ. राष्ट्रपतिबाट, र

ङ. संवैधानिक अदालतबाट ।

उपरोक्त विधिहरूको प्रयोग विभिन्न देशमा भिन्नभिन्न रूपले हुँदै आएको छ । जसमध्ये भारत, दक्षिण अफ्रिका र पूर्वी टिमोरमा संविधानसभाले नै संविधान जारी गरेको थियो । कोलम्बियामा राष्ट्रपतिले, फ्रान्स, रुवान्डा, माली, अल्वानिया, आयरल्यान्डमा जनमतसङ्ग्रहबाट संविधानलाई अन्तिम टुङ्गो लगाइएको थियो । अमेरिकाको संविधानलाई विभिन्न राज्यको संसद्ले अनुमोदन गरेको थियो । हाम्रो मुलुक अहिलेसम्म एकात्मक राज्य रहेको र कुनै प्रदेश वा राज्य नरहेको हुँदा प्रदेशको संसद्ले अनुमोदन गर्ने व्यवस्थाको कुनै औचित्य छैन । संवैधानिक अदालत पनि नरहेको र राष्ट्रपतिको व्यवस्था पनि हाल नरहेकाले ती विधि अवलम्बन गर्न सम्भव देखिन्न । त्यसो हुँदा या त संविधानसभा स्वयम्ले त्यसलाई जारी गर्नुपर्दछ वा संविधानसभाले टुङ्गो लगाउन नसकेका कतिपय विषयमा जनमतसङ्ग्रहको समेत व्यवस्था गर्नुपर्दछ । किनभने, संविधानसभा जनताको प्रतिनिधि संस्था भए पनि त्यो स्वयम्मा जनताको संस्था होइन । जनताबीच प्रचारमा जाँदा गणतन्त्रको पक्षमा मत माग्ने र संविधानसभाभित्र राजाको पक्षमा वकालत गर्ने अवस्था देखिएमा त्यस्तो प्रवृत्तिलाई रोक्न पनि जनमतसङ्ग्रह उत्तम विकल्प हुनेछ । अहिलेको राजनीतिक समीकरण र कतिपय पार्टीहरूको धारणा खासगरी नेपाली काङ्ग्रेसले 'सेरेमोनियल राजा' राख्ने विचार व्यक्त गरेको परिप्रेक्ष्यमा संविधानसभाले राजतन्त्रका बारेमा टुङ्गो लगाउन नसक्ने अवस्था देखिन्छ । राजतन्त्र फाल्ने सन्दर्भमा संविधानसभाभित्र सहमति बन्न नसकेमा जनमतसङ्ग्रह गरेर टुङ्गो लगाउनु पर्दछ । यस्तै अनुभव हामीले विश्वका विभिन्न मुलुकबाट सिक्न सक्दछौँ, उदाहरणका निम्ति सन् १९४६ मा इटलीमा संविधानसभाले सुरुमै राजतन्त्र राख्ने कि नराख्ने भनेर जनमतसङ्ग्रह गर्‍यो । जनमत सङ्ग्रह गर्ने निर्णयपश्चात् नै राजा उम्वेर्तो द्वितीयले आफ्नो छोरालाई अधिकार सुम्पेर विदेश पलायन भए । त्यसमा ५४.३ प्रतिशत मतदाताले गणतन्त्रका पक्षमा मत खसाएपछि राजतन्त्रको अन्त्य गरी गणतन्त्रको संविधान लेखियो । तदनुरूप त्यहाँका युवराजसमेत विदेश पलायन भए । यस हिसाबले हेर्दा हाम्रो देशमा समेत संविधानसभा र जनमतसङ्ग्रहको व्यवस्थालाई सँगसँगै लान सकिन्छ । राजतन्त्रबारे टुङ्गो नलागुन्जेल राजालाई आवश्यक पर्ने खर्च प्रबन्ध गरी स्वेच्छिक बिदा पठाउने र जनमतसङ्ग्रहको नतिजा आएपछि सोहीबमोजिमको व्यवस्था गर्ने काम भएमा सङ्क्रमणकाललाई द्विविधारहित रूपले अघि बढाउन सकिनेछ ।

# राज्यसत्ताको पुनर्संरचना : प्रमुख एजेन्डाहरू र अवधारणा

## राज्यको चरित्र र स्वरूप

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक हिसाबले समेत विविधताले युक्त मुलुक हो । बहुलता नेपाली समाजको विशेषता हो र यसको आफ्नै प्रकारको विशिष्ठतासमेत रहेको छ । यस प्रकारको समाजमा राज्यको चरित्र र स्वरूप कस्तो हुने भन्ने विषय राज्यको पुनःसंरचनाको सर्वाधिक महत्त्वको विषय हो । नेपालको राज्यसत्ताको वर्तमान चरित्र एकात्मक र शासनसत्ताको स्वरूप केन्द्रीकृत रहेको छ । नेपाली समाजको सामाजिक विशेषता र विशिष्ठताका आधारमा नेपाल राज्यको चरित्र सङ्घात्मकतामा आधारित हुनेछ । यसअन्तर्गत नेपाललाई जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड, अभिभाज्य, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राज्य राष्ट्रका रूपमा विकास गरिनेछ । यसअन्तर्गतको शासन प्रणाली केन्द्र, प्रदेश र स्थानीय निकायका बीचमा अधिकार र कर्तव्यको स्पष्ट बाँडफाँट गरिएको स्वशासनको ढाँचामा आधारित हुनेछ । यसअन्तर्गत राष्ट्र, राष्ट्रियता र लोकतन्त्रलाई सबल बनाउने र राज्य सञ्चालनमा जनताको भूमिकालाई प्रभावकारी बनाइनेछ । उपरोक्त नीतिअन्तर्गत रहेर राज्यको पुनःसंरचना गर्दा पछि परेको/पारिएको समुदायको पहिचान, सहभागिता र पहुँचलाई सुनिश्चित गरिनेछ । यस सन्दर्भमा एकात्मक र सङ्घात्मक राज्यको सञ्चालनका सन्दर्भमा विकसित अन्तर्राष्ट्रिय अनुभवसमेतलाई ध्यानमा राखिनेछ ।

## राजनीतिक र प्रशासनिक एकाइको विभाजन

सङ्घात्मकतामा आधारित नयाँ राजनीतिक र प्रशासनिक एकाइको विभाजन गर्दा भौगोलिक अवस्थिति, जनसंख्या र जातिगत बसोवासको अवस्था, मातृभाषा र भाषाको प्रयोगको अवस्था, सांस्कृतिक सम्मिलनको अवस्था, प्रशासनिक सुगमता, आर्थिक-सामाजिक अन्तरसम्बन्ध र ऐतिहासिकताजस्ता पक्षलाई आधार बनाइनेछ । उपरोक्त नीतिअनुरूप राजनीतिक र प्रशासनिक क्षेत्रको विभाजन गर्दा सकेसम्म आदिवासी जनजातिका सघन बसोवासका क्षेत्रहरू, भाषिक सघनताका क्षेत्रहरू र विशिष्ट सांस्कृतिक क्षेत्रहरूलाई सकेसम्म एउटै राजनीतिक र प्रशासनिक एकाइमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

राजनीतिक ढाँचाबिनाको प्रशासनिक ढाँचा जनताप्रति उत्तरदायी हुँदो रहेनछ भन्ने हाम्रो आफ्नै अनुभवसमेतका आधारमा राजनीतिक ढाँचासहितको प्रशासनिक ढाँचा निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

सङ्घात्मकतामा आधारित शासनको ढाँचा तीन तहको हुनेछ । यद्यपि, प्रदेशको संख्या कम भएको अवस्थामा भने तहगत ढाँचा बढाउनुपर्ने हुन सक्छ । यसअन्तर्गत एउटा बहुजातीय केन्द्रीय संरचना हुनेछ । केन्द्रभन्दा मुनि नेपाली विशेषताअनुरूपका विधायकी अधिकारसहितका बहुजातीय प्रदेशहरू रहने छन् । त्यसभन्दा तल नगर र गाउँको वर्तमान संरचनालाई माथि उल्लेख गरिएको नीतिका आधारमा पुनः समायोजन कायम गरिनेछ । सङ्घात्मकतामा आधारित नयाँ राजनीतिक र प्रशासनिक ढाँचाको निर्माण गर्दा सुशासनको प्रत्याभूति हुने कुरामा जोड दिइनेछ ।

**केन्द्र, प्रदेश र स्थानीय निकायको अधिकार तथा कर्तव्य**

सङ्घात्मकतामा आधारित केन्द्र, प्रदेश र स्थानीय निकायको राजनीतिक र प्रशासनिक संरचनाको विकास गर्दा सबै तहको अधिकार र जनताप्रतिको उसका दायित्वहरूका बारेमा सुस्पष्टता आवश्यक हुन्छ । नेपालको सन्दर्भमा केन्द्रसँग राष्ट्रिय सुरक्षा, वैदेशिक सम्बन्ध, केन्द्रीय बैंक, मुद्रा र वित्तीय प्रणाली, रेल्वे, हवाई उडान र प्रमुख राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, मानवअधिकार र मौलिक अधिकारको संरक्षण, सर्वोच्च अदालत, भन्सार राजस्व, जमिनमुनिको खनिज सम्पदा, ठूला जलविद्युत् आयोजना, बहुप्रादेशिक प्राकृतिक सम्पदाहरूको बाँडफाँट र प्रादेशिक विवादहरूको समाधानजस्ता अधिकार र त्यसअन्तर्गतका नागरिकप्रतिका दायित्वहरू निहित रहने छन् । प्रादेशिक तहमा विधायिकी अधिकारसहितको संसद्, सार्वजनिक सुरक्षा, व्यापार, उद्योग र श्रम व्यस्था, सडक, जंगल, जल र जमिनको व्यवस्थापन र उपयोग, शिक्षा र स्वास्थ्यको प्रबन्धजस्ता अधिकारहरू र त्यसअन्तर्गतका नागरिक दायित्वहरू रहने छन् । स्थानीय तहमा स्थानीय सडकहरूको निर्माण र संरक्षण, ग्यास, विद्युत् र जलआपूर्ति, सरसफाइ, स्थानीय योजनाहरू, स्थानीय कर, सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको प्रबन्ध, ग्रामीण समुदायमा आधारित ग्रामीण यातायातका साथै प्राकृतिक स्रोत र साधनको व्यवस्थापनको अधिकार रहनेछ । प्रदेश र स्थानीय निकायबीचका सम्बन्ध सहयोगात्मक हुनेछ र यसका लागि एकतह माथिबाट त्यसको संयोजन गरिनेछ । केन्द्र, प्रदेश र स्थानीय निकाय तिनै तहका बीचमा अधिकारका प्रश्नमा मात्र होइन, उत्तदायित्वका प्रश्नमा पनि जवाफदेही बनाउने नीति अवलम्बन गरिनेछ ।

**शासन प्रणाली**

हामीकहाँ प्रचलनमा रहेको शासन प्रणाली ब्रिटिस मोडेलको संसदीय व्यवस्थामा आधारित छ । सङ्घात्मकतामा आधारित राज्यको चरित्र र स्वरूपको निरूपण गरिसकिएको अवस्थामा शासन प्रणालीका सन्दर्भमा पनि तदनुरूपको विकल्पको खोजी हुनु अपरिहार्य हुन जान्छ । शासन प्रणाली समावेशी लोकतन्त्रमा आधारित हुने मान्यता जनआन्दोलनबाटै नै स्थापित भइसकेको छ । हाम्रो पार्टीले लोकतान्त्रिक गणतन्त्रलाई कार्यनीतिको मूल लक्ष्य बनाई संविधानसभाको निर्वाचनकै क्रममा जनमतसङ्ग्रह गरी राजतन्त्रको अन्त्य गर्ने मान्यता अघि सारेको छ । यस प्रकारको स्थितिमा अब मुलुकमा जननिर्वाचित राष्ट्राध्यक्षको व्यवस्था गरिनुपर्दछ । प्रत्यक्ष निर्वाचनबाट निर्वाचित भएको नेतृत्वलाई जनताप्रति उत्तरदायी बनाई रहनका लागि शक्ति-सन्तुलनको सिद्धान्तमा आधारित प्रभावकारी संवैधानिक अङ्गहरूको व्यवस्था गरिनु पर्दछ । लोकतान्त्रिक गणतन्त्रअन्तर्गत व्यवस्थापिका दुई सदनात्मक हुनेछ । एक लाख जनसङ्ख्या बराबर एक जना प्रतिनिधि हुने गरी जनप्रतिनिधिमूलक निकायका रूपमा प्रतिनिधिसभाको व्यवस्था गरिनेछ । राष्ट्रियसभा जातीयसभाका रूपमा निर्माण गरिने छ । प्रदेश र स्थानीय तहमा बहुदलीय प्रतिस्पर्धाद्वारा छनोट गरिएको समावेशी चरित्रमा आधारित एउटा जनप्रतिनिधिमूलक निकाय हुनेछ । दुवैले संवैधानिक व्यवस्थाअनुरूपका विधायिकी अधिकारहरूसमेत प्रयोग गर्न सक्ने छन् ।

**निर्वाचनको प्रणाली**

हामीकहाँ अहिलेसम्म प्रचलनमा रहेको निर्वाचन प्रणाली पहिलो धेरै भोट ल्याउनेले जित्ने बहुमतीय निर्वाचन प्रणाली हो । लोकतन्त्रलाई समावेशी स्वरूपमा लैजाने विषयमा राष्ट्रिय सहमति भइसकेको अवस्थामा निर्वाचन प्रणालीमा परिवर्तन आवश्यक हुन्छ । सबैभन्दा धेरै भोट ल्याउनेले जित्ने बहुमतीय प्रणालीमा धेरैजसो अवस्थामा बहुमत जनताले आफ्नो प्रतिनिधि छान्न असफल हुने गर्दछन् । हामीकहाँ भएका प्रतिनिधिसभाका तीनवटै निर्वाचनको परिणामले त्यही देखाएको छ । तीनवटै संसदीय निर्वाचनमा संसद्मा स्पष्ट बहुमत ल्याउनेले समेत बहुमत जनताको विश्वास जित्न सकेको देखिएन । यस प्रकारको बहुमतीय निर्वाचन प्रणालीको विकल्पका रूपमा समानुपातिक निर्वाचन प्रणालीलाई अघि सार्ने गरिन्छ । समानुपातिक निर्वाचन प्रणालीमा मतदाताले प्रयोग गरेको भोटको पूर्णतः सदुपयोग त हुन्छ तर मतदाताले आफूले चाहेको प्रतिनिधि बहुमतीय प्रणालीमा जस्तो सीधै छनोट गर्न पाउँदैन । यस प्रकारको निर्वाचन प्रणालीमा उमेद्वार छनोट प्रक्रिया पूर्ण लोकतान्त्रिक र विकेन्द्रित नहुँदाको अवस्थामा जनभावनाअनुकूलको उम्मेद्वार छनोट नहुने अवस्था आउन सक्छ । बहुमतीय प्रणालीमा जस्तो जनताले रोजेको व्यक्ति पनि छनोट हुने र समानुपातिक निर्वाचन प्रणालीमा जस्तो समावेशी स्वरूप प्रदान गर्न सकिने विशेषतालाई अवलम्बन गर्ने गरी बहुमतीय प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको मिश्रित स्वरूपलाई अवलम्बन गर्न सकिन्छ । यसअन्तर्गत ५० प्रतिशत निर्वाचन क्षेत्रबाट निर्वाचित हुने र पचास प्रतिशत दलले प्राप्त गरेको मतका आधारमा सूची समानुपातिक हिसाबले प्रतिनिधित्व हुने व्यवस्था उपयुक्त देखिन्छ । राष्ट्रियसभाको सदस्यको हकमा भने केन्द्र, प्रदेश र स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिहरूले एकल सङ्क्रमणीय मत प्रणालीका आधारमा केही निश्चित प्रतिशत समावेशीकृत हुन नसकेको वर्ग वा समुदायका बीचबाट मनोनीत गर्न सकिने व्यवस्था कायम गरिनु पर्दछ ।

**मातृभाषा र भाषा प्रयोगको नीति**

नेपाल अधिराज्यको संविधान-०४७ ले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषाको मान्यता दियो । तर, राष्ट्रिय भाषाको हैसियत के हुने भन्ने कुरा १२ वर्षको लोकतान्त्रिक अभ्यासका क्रममा समेत स्पष्ट हुन सकेन । बरू उल्टै स्थानीय तहमा समेत अन्य मातृ भाषाहरूलाई माध्यम भाषाका रूपमा प्रयोग गर्ने प्रयासलाई सर्वोच्च अदालतले

बन्देज गरेर मूलतः मुलुकमा एकभाषा नीतिलाई नै लाद्न खोज्यो । प्रत्येक जाति र समुदायका मानिसहरूलाई आफ्नो मातृभाषाको अकुण्ठित प्रयोग र विकासको अधिकार रहन्छ । राज्यले आफ्नो मुलुकका नागरिकहरूको भाषाको संरक्षण र विकासका लागि निश्चित दायित्वहरू बहन गर्नु पर्दछ । राज्यले बहन गर्ने यस प्रकारको दायित्वहरूमा समान व्यवहार हुनुपर्दछ अर्थात् भाषिक समानताका नीति अवलम्बन गरिनुपर्दछ । जहाँसम्म सम्पर्क भाषाका रूपमा कुनकुन भाषाको प्रयोग गर्ने भन्ने कुरा सम्बन्धित तहका जनताको आवश्यकता र छनोटमा भर पर्ने कुरा हो । नेपालको सन्दर्भमा सम्पर्क भाषाका रूपमा हाम्रो पार्टीले तीन भाषा नीति अघि सार्दै आएको छ । उक्त नीतिप्रति भाषिक आन्दोलनका अगुवाहरूको धारणासमेत सकारात्मक देखिएको छ । सम्पर्क भाषाको निर्धारणका लागि भाषिक गणना गरी भाषाको सूचीकरण गरिनुपर्दछ । सम्पर्क भाषाका सन्दर्भमा भाषिक बहुलताको नीति सम्भावनाका बारेमा पनि अध्ययन गरिनु पर्दछ ।

**धर्म र संस्कृतिसम्बन्धी नीति**

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएको हुँदा विभिन्न जातिका मौलिक धर्म-संस्कृतिको संरक्षण र विकासका लागि राज्यले निश्चित प्रकारका दायित्वहरू बहन गर्नु पर्दछ । धर्मनिरपेक्ष राज्यको घोषणासमेत भइसकेको अवस्थामा कुनै पनि जात-जाति र समुदायको धर्म, संस्कृति र परम्पराको संरक्षण तथा विकासको सवाललाई मूलतः सम्बन्धित समुदायको विशेषाधिकारका रूपमा स्वीकार गरिने छ । तर, त्यसका नाममा धर्म, परम्परा र संस्कृतिको हवाला दिँदै मौलिक अधिकार, मानवअधिकार र मानवीय मूल्य र मान्यतालाई कुल्चने अनुमति भने कसैलाई दिइने छैन । राज्यका तर्फबाट सबै समुदायको धर्म र संस्कृतिप्रति समान व्यवहार हुने कुरालाई सुनिश्चिता प्रदान गरिनेछ ।

**प्राकृतिक स्रोत र भूमिमाथि जनताको अधिकार**

मानव सभ्यताको विकास हुनुभन्दा पहिलेदेखि नै जमिन, जल र जङ्गल प्रकृतिको बरदानका रूपमा प्रदत्त छ । तर, समाज विकासका क्रममा विभिन्न कारणले केही मानिसहरू भूमिको मालिक बन्ने र केही मानिसहरू भूमिबाट पूर्णतः वञ्चित रहनु परिरहेको छ। त्यसमाथि पुस्तौंपुस्ता माटोसँग खेल्दै आएको भूमिपुत्र किसानहरू नै जमिनको स्वामित्वबाट वञ्चित हुनु परिरहेको छ। प्रत्येक नागरिकलाई आफ्नो मुलुकमा बस्ने, जीवन निर्वाहका लागि श्रम गर्ने र आफ्नो संस्कार र संस्कृतिअनुरूप प्रकृतिको उपभोग गर्ने पूर्ण अधिकार छ । राज्यले उसको त्यस अधिकारको रक्षा गर्नु पर्दछ । नयाँ लोकतान्त्रिक राज्यले उपरोक्त नीतिका आधारमा भूमिको पुनर्व्यवस्थापन र पुनर्वितरण गर्नपर्ने हुन्छ । भूमिको पुनर्व्यवस्थापन र वितरणका सन्दर्भमा हाम्रो पार्टीले केशव बडाल आयोगको प्रतिवेदनलाई आधार बनाएर अघि बढ्नु पर्दछ । अन्य प्राकृतिक स्रोत र सम्पदाको व्यवस्थापनमा भने स्थानीय जनताको सहभागिता र पहुँचलाई विस्तार गरिनु पर्दछ । सामुदायिक वनको सफलताले पनि यस प्रकारको नीतिको औचित्यलाई पुष्टि गरिसकेको छ ।

**राज्य सञ्चालनमा जनताको भूमिका**

विगतमा हामीकहाँ लोकतन्त्रका नाममा आवधिक रूपमा पाँच वर्षमा एकपटक भोट हालेर जनताले प्रतिनिधि चुन्ने र त्यसपछि एउटा अवधिमा चुनिएको प्रतिनिधिले जे गर्दा पनि हुने परिपाटी रह्यो । चुनावका बेला अघि सारिएका नीति र कायम गरिएको राजनीतिक गठबन्धनका विपरीत जाँदासमेत स्वाभाविक ठान्ने अवस्था देखियो । यस प्रकारको अवस्था देख्नु भनेको जनताको अभिमतको उपहास नै हो । पार्टी र राज्य सञ्चालनका सन्दर्भमा पनि करिब यस्तै अवस्था रह्यो । पार्टीको नीतिभन्दा भिन्न चुनावी घोषणापत्र जारी गर्ने र चुनावी घोषणापत्रविपरीत सरकार सञ्चालन गर्ने आमप्रवृत्ति देखियो । अब बन्ने संविधानमा यस प्रकारको अवस्था आउन नदिनका लागि विभिन्न नियन्त्रणकारी व्यवस्था कायम गरिनु पर्दछ । राजनीतिक दल र जननिर्वाचित प्रतिनिधिहरूलाई जनताप्रति उत्तरदायी बनाइने संवैधानिक व्यवस्था कायम गरिनेछ । राज्य सञ्चालनमा जनताको भूमिका वृद्धि गर्ने कुरामा हाम्रो जोड रहने छ ।

**लोकतान्त्रिक राज्यको जनताप्रतिको जिम्मेवारी**

लोकतन्त्र भनेको चुनाव, संगठन र अभिव्यक्ति स्वतन्त्रताको अधिकार मात्र हो भन्ने भ्रान्त धारणा व्याप्त छ । अनि, राज्यको दायित्वका रूपमा राज्यका नियम र कानुनको अधीनस्थ जनतालाई राख्ने कुरालाई अघि सार्ने गरिन्छ । यस प्रकारको अवस्थाले लोकतन्त्र भनेको जनताका नाममा जनतामाथि शासन गर्ने परिपाटी हो भन्ने मान्यतालाई स्थापित गर्दछ । लोकतन्त्रलाई जनताको, जनताका लागि र जनताद्वारा भन्ने युक्तिअन्तर्गत अघि बढाउने हो भने राज्यलाई निश्चित प्रकारका सामाजिक दायित्वहरू बहन गर्ने अंगका रूपमा विकास गर्नु पर्दछ । गास, बास र कपासको अभावमा लोकतन्त्र जनताको जीवन बन्न सक्दो रहेनछ भन्ने कुरा हाम्रो आफ्नै अनुभवले देखाएको छ । तसर्थ, अबको लोकतान्त्रिक व्यवस्थामा राज्यलाई नियन्त्रणकारी अंगका रूपमा मात्र नहेरी शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति भएको लोककल्याणकारी राज्यका रूपमा विकास गरिनु पर्दछ । न्याय, समानता र स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिँदै आएको हाम्रो पार्टीले यस प्रश्नमा विशेष जोड दिनुपर्दछ ।

**राज्यका विभिन्न अंगको लोकतान्त्रीकरण**

नेपालको लोकतान्त्रिक अभ्यासमा राज्यसत्ताको पुरानो संरचना सदैव बाधक बन्ने गरेको छ । जबसम्म राज्यको स्थायी अंग मानिने सेना, प्रहरी र सशस्त्र प्रहरीजस्ता सुरक्षा निकाय, नोकरशाहीतन्त्रका रूपमा विकास भएको प्रशासनयन्त्र र राज्यसत्ता सञ्चालनका अन्य संवैधानिक अंगहरूलाई लोकतान्त्रिक रूपान्तरण गर्न सकिँदैन, तबसम्म लोकतान्त्रिक अभ्यास सबल ढंगले अघि बढ्न सक्तैन । संविधानसभाका माध्यमबाट राज्यको पुनःसंरचना गर्ने र समावेशी लोकतन्त्र स्थापना गर्ने कुरामा मूलधारका राजनीतिक दलहरूका बीचमा सहमति भइसकेको अवस्थामा राज्यका विभिन्न अंगको लोकतान्त्रीकरणको सम्भावना बढेर गएको छ । पार्टीले सङ्घात्मकतामा आधारित हुँदै राज्यको पुनःसंरचना गर्नुपर्ने मान्यतालाई अघि सारेको अवस्थामा राज्यका विभिन्न अंगहरूको पुनर्गठन गर्नु, त्यसलाई समावेशी स्वरूप प्रदान गर्नु र लोकतान्त्रीकरण गर्नु जरुरी हुन्छ । त्यसमाथि

नेपाली सेनाको पुनर्गठन गरी त्यसलाई राष्ट्रिय चरित्रको बनाउने र लोकतान्त्रीकरण गर्ने सवाल लोकतन्त्रको संस्थागत विकासका लागि सर्वाधिक महत्त्वको सवाल हो । पार्टीले अहिलेदेखि नै यस विषयमा ध्यान केन्द्रित गर्नु पर्दछ ।

**राजनीतिक दलहरूको लोकतान्त्रीकरण र समावेशीकरण**

राज्यको पुन:संरचनाका सन्दर्भमा राजनीतिक दलहरूको पुन:संरचना र लोकतान्त्रीकरणको सवाल अत्यधिक महत्त्वको विषय बन्न पुगेको छ । नेपालका मूलधारका अन्य राजनीतिक दलहरूको तुलनामा हाम्रो पार्टी लोकतान्त्रिक अभ्यासमा अग्रणी नै रहँदै आएको छ । परिवर्तित सन्दर्भमा पार्टीलाई थप लोकतान्त्रिक दिशामा अघि बढाउने सन्दर्भमा पार्टीको केन्द्रीय कमिटीको नवौं बैठकले कार्यदल गठन गरी अध्ययनको कामलाई अघि बढाएको छ । नेपाली समाजको बहुलताको अवस्था, लोकतन्त्रका सार्वभौम मूल्य र मान्यता तथा राजनीतिक दलहरूसम्बन्धी स्वीकृत सिद्धान्तहरूका आधारमा दलहरूको लोकतान्त्रीकरण गरिनुपर्दछ । राज्यको पुन:संरचनाले राज्यका सबै अंगहरूमा पछि परेको/पारिएको समुदायको प्रवेशको ढोका खोल्ने संवैधानिक व्यवस्था कायम गर्ने हुँदा अहिले नै पार्टीले तदनुरूपको संरचनागत विकासमा जोड दिएर अघि बढ्नु पर्दछ । ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित बनाउन र नेपाली समाजको विशेषताका आधारमा पार्टीलाई समावेशी स्वरूप प्रदान गर्नका लागि सम्बन्धित क्षेत्रको पार्टी काममा विशेष जोड दिनुपर्दछ । यसका लागि अहिलेदेखि नै विशेष नीति र योजनाका साथ नेतृत्व विकासको काममा केन्द्रित भएर लाग्नु पर्दछ ।

**न्यायिक प्रणालीको लोकतान्त्रीकरण**

नेपालको न्याय प्रणालीमा सामान्तवादी मनोवृत्ति हाबी रहेको छ । भ्रष्टाचार, ढिलासुस्ती र स्वेच्छाचारिता नेपालको न्याय प्रणालीको विशेषता नै बन्न पुगेको छ । नेपालको न्याय प्रणालीमा व्याप्त रहेको अपारदर्शिता, अकर्मण्यता र स्वेच्छाचारितालाई लगाम लगाउने र त्यसलाई निष्पक्ष, सरल र छिटोछरितो बनाउने हो भने न्याय क्षेत्रको परम्परागत ढाँचामा परिवर्तन ल्याउनुपर्ने हुन्छ ।

राज्य सञ्चालनमा जस्तै न्यायिक क्षेत्रको नेतृत्व पनि जनताप्रति जवाफदेही र उत्तरदायी हुने परिपाटीको विकास गर्नु पर्दछ । यसका लागि नेतृत्व छनोटको प्रक्रियालाई संसदीय सुनुवाइ वा जनसुनुवाइसमेतको व्यवस्था गरेर पूर्ण लोकतान्त्रिक, पारदर्शी र जनआधारित बनाउनु पर्दछ । प्रतिनिधिसभाको घोषणामा यस सम्बन्धमा केही प्रतिबद्धता आइसकेको छ, त्यसलाई अझ प्रभावकारी बनाउनु पर्दछ ।

**आर्थिक-सामाजिक व्यवस्था**

जनक्रान्तिको विशेषतासहितको ऐतिहासिक जनआन्दोलनमा व्यक्त भएको भावनाका आधारमा मुलुकलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लैजाने पार्टी नीतिअन्तर्गत लोकतान्त्रिक गणतन्त्रको आर्थिक-सामाजिक व्यवस्था कस्तो हुने भन्ने कुराको निरूपणसमेत गर्नुपर्ने हुन्छ । जनआन्दोलनका क्रममा सडकमा घन्किएको लोकतान्त्रिक गणतन्त्रको नारा न नयाँ जनवादी क्रान्तिअन्तर्गतको नारा नै थियो, न त पुरानो पुँजीवादी क्रान्तिमा सीमित रहेको नारा नै । यस नाराका मुख्यत: निम्न विशेषता रहेका छन् :

पहिलो, राजतन्त्रको समूल अन्त्य गर्ने ।

दोस्रो, सामन्तवादको आर्थिक, सामाजिक र सांस्कृतिक आधारलाई समाप्त गर्ने ।

तेस्रो, नेपाली विशेषता र विशिष्ठताका आधारमा राज्यको पुन:संरचना गर्ने र लोकतन्त्रलाई समावेशी स्वरूप प्रदान गर्ने ।

चौथो, शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट राजनीतिक संकटको समाधान खोज्ने ।

पाँचौं, निरपेक्ष निजीकरण र उदारीकरणको नीतिका कारणले बढ्दै गएको धनी र गरिबबीचको खाडललाई कम गर्ने ।

उपरोक्त विशेषतासहितको ऐतिहासिक जनआन्दोलनद्वारा स्थापना भएको लोकतान्त्रिक गणतन्त्रको आर्थिक-सामाजिक व्यवस्था तदनुरूपकै हुनु पर्दछ । यसका लागि हाम्रो पार्टीले सामाजिक न्याय र समानताको नीतिमा आधारित लोककल्याणकारी राज्य व्यवस्थाको स्थापनालाई लोकतन्त्रको संस्थागत विकासको लक्ष्य बनाउनु पर्दछ । यसअन्तर्गत मिश्रित अर्थव्यवस्था, प्रगतिशील करनीति, जनमुखी बजेट प्रणाली र जनताको प्रत्यक्ष सहभागिताको विकास रणनीति मुख्य विशेषताका रूपमा कायम गरिनेछ ।

**समावेशी र सहभागितामूलक लोकतन्त्र**

समावेशीकरणको अर्थ राजकीय तथा सार्वजनिक मामिलाहरूमा समावेश नगराइएका वा समावेश हुन नसकेका सामाजिक तथा सांस्कृतिक समूह, वर्ग, लिंग तथा क्षेत्रका मानिसहरूलाई विभिन्न उपायद्वारा नीति निर्माण र कार्यान्वयनका तहमा सहभागी हुने अवस्था सिर्जना गर्नु नै हो । नेपालको सन्दर्भमा दलित, महिला, आदिवासी जनजाति, मुस्लिम, मधेसी, कर्णाली प्रदेशलगायत दुर्गम क्षेत्रका बासिन्दाहरू, वर्गीय रूपमा शोषण र उत्पीडनमा परेको श्रमजीवी वर्ग र आर्थिक रूपले विपन्न समुदायहरू नै समावेशीकरण गरिनुपर्ने पक्ष हुन् । समावेशीकरणका सन्दर्भमा सम्बन्धित पक्षको पहिचान, प्रतिनिधित्व र पहुँचको मान्यतालाई आत्मसात् गरिनु पर्दछ ।

जनक्रान्तिको विशेषतासहितको जनआन्दोलनको सफलतापछि मुलुक संविधानसभाका माध्यमबाट लोकतन्त्रको संस्थागत विकासको प्रक्रियामा अघि बढिरहेको छ । यस सन्दर्भमा राज्यको पुन:संरचनाका माध्यमबाट नेपाली समाजको विशेषताका आधारमा सबै पक्षको पहिचान, प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित गरिनुपर्दछ । यसका लागि निर्वाचन प्रणाली, शासन प्रणाली र प्रतिनिधित्वको व्यवस्थामा परिवर्तन गरी तदनुरूप समावेशी र सहभागितामूलक बनाउनु पर्दछ । पछि परेको/पारिएको समुदायको क्षमता अभिवृद्धिका लागि विभिन्न क्षेत्रमा आरक्षण, विशेषाधिकार वा सकारात्मक विभेदको नीतिलाई अवलम्बन गरिनेछ । यसका लागि मानव विकास सूचकांक र गरिबीको अवस्थालाई आधार बनाइनु पर्दछ । उपरोक्त नीतिको कार्यान्वयका सन्दर्भमा भने जुन समुदाय वा क्षेत्र जुन क्षेत्रमा पछि परेको छ, त्यसलाई त्यही क्षेत्रमा लक्षित गरेर माथि उठाउने नीति अवलम्बन गरिनेछ । यस प्रकारको नीति प्रारम्भिक तहमा लागू गरिनुपर्दछ । विशेषज्ञ सेवाका हकमा भने सम्बन्धित विषयको

योग्यतालाई नै आधार बनाइने छ। समावेशीकरण र सहभागितामूलक लोकतन्त्रको स्थापना गर्दा निम्न तीन कुरामा जोड दिइनेछ :

**सबै विशेषताहरू पहिचान**

राज्य निर्माणमा र सञ्चालनमा नेपाल सबै जात-जाति, भाषा-भाषी र धर्म-संस्कृतिका मानिसहरूको साझा फूलबारी हो भन्ने यथार्थतालाई स्थापित गरिनेछ। राज्यको पहिचान र परिचयमा त्यसको कुनै न कुनै रूपमा प्रभाव देखिनु पर्दछ। जातीय, भाषिक, सामुदायिक र सांस्कृतिक पहिचानका सन्दर्भमा राज्य संवेदनशील बन्नु पर्दछ। राज्यको पुनःसंरचना गर्दा सबैका सकारात्मक विशेषताहरूलाई समेट्ने नीति अवलम्बन गरिनुपर्दछ। भाषा, धर्म, संस्कृति, रीति, परम्परा र भेषभूषा बाह्य रूपमा अनुभूत हुने समुदायको पहिचानका आधार हुन्। कुनै न कुनै रूपमा राज्यको पहिचान र परिचयमा त्यसको प्रभाव देखिनु पर्दछ।

**सबै पहिचानहरूको प्रतिनिधित्व**

नीति निर्माणको तहमा सबैको समान पहुँचको अवसर उपलब्ध हुनुपर्दछ। ०४६ सालको परिवर्तनपछि नेपाली जनताले नै मतदानका माध्यमबाट प्रतिनिधि छनोट गर्ने अवसर पाए पनि त्यसको सही प्रकारको सदुपयोग हुन सकेन। जनप्रतिनिधिमूलक निकायमा दलित, महिला, मुस्लिम, आदिवासी-जनजाति र मधेसी समुदायको सहभागिता जनसंख्याको अनुपातमा निकै कम रह्यो। यस प्रकारको अवस्थामा सुधारका लागि राज्यको पुनःसंरचना गरी सबैको सहभागितालाई सुनिश्चित गर्ने मान्यता अघि आएको छ। जनप्रतिनिधिमूलक निकायमा सबैको सहभागितालाई सुनिश्चित गर्नका लागि चुनाव प्रणालीमा परिवर्तन र सुधार गरिनेछ। सबैको सहभागिता सुनिश्चित हुने हिसाबले मिश्रित चुनावको प्रणाली अवलम्बन गरिनेछ। समावेशीकरणको नीतिका आधारमा उम्मेद्‌वार छनोट गर्ने र चुनावी परिणामा जातिगत असन्तुलन उत्पन्न भएको अवस्थामा समानुपातिक सूचीबाट स्वतः पूर्ति हुने संवैधानिक र कानुनी व्यवस्था गरिनेछ। समावेशी र सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चितताका लागि अहिलेदेखि नै पार्टीले विशेष कार्ययोजना बनाएर अघि बढ्नुपर्दछ।

**कार्यान्वयनको तहमा सबैको पहुँच**

नीति निर्माणको तहमा प्रतिनिधित्वले मात्रै पछि पारिएको/परेको समुदायको भूमिका राज्यसत्ताको सञ्चालनमा स्थापित हुन सक्तैन। यसका लागि कार्यान्वयको तहमा समेत उनीहरूको भूमिका विस्तार गरिनुपर्दछ। नीति निर्माणको तहमा हुने सहभागिताको तुलनामा कार्यान्वयन तहमा हुने सहभागिताको चरित्र विशिष्ठ हुने गर्दछ। त्यसका लागि निश्चित प्रकारको पेसागत र व्यावसायिक दक्षताको आवश्यकता पर्दछ। साधन र स्रोतहरूमाथिको पहुँचको अवस्थाले मात्र राज्यसत्ताको विभिन्न अंगहरूमा हुने उसको पहुँच प्रभावकारी हुन सक्दछ। नीति निर्माणका तहमा मात्र सहभागिता रहने अवस्थाले नीतिको प्रभावकारी कार्यान्वियन हुँदो रहेनछ भन्ने हाम्रो आफ्नै अनुभव छ। नेपालका सन्दर्भमा विकेन्द्रीकरण र स्थानीय स्वशासनका प्रयासहरूका विरुद्धमा उच्च प्रशासकहरू नै उभिने गरेको तीतो अनुभवका आधारमा पनि समावेशीकरणको सार्थक प्रयोगका लागि राज्यसत्ताका विभिन्न अंगहरूमा सबैको समान पहुँच र सहभागिता हुन्छ। लोकतन्त्रको संरचनागत र संस्थागत विकासको प्रक्रियामा हाम्रो पार्टीले यस प्रश्नलाई महत्त्वपूर्ण एजेन्डाका रूपमा अघि बढाउनु पर्दछ।

# नेकपा (एमाले) का तर्फबाट अन्तरिम संविधान मस्यौदा समितिसमक्ष प्रस्तुत सुझावहरू

**भूमिका**

जनक्रान्ति (२०६२/६३) मा नेपाली जनताको व्यक्त भावना र जनादेशबमोजिम लोकतान्त्रिक गणतन्त्रात्मक राज्य निर्माण गरी राज्य ढाँचाको पुनःसंरचना एवम् समावेशी मान्यताअनुरूप राज्य व्यवस्था सञ्चालन गर्न, सङ्क्रमणकाललाई समग्रतामा मार्गदर्शन गर्न र नयाँ संविधानको आधारभूमि तयार गर्न अन्तरिम संविधान निर्माण गर्दा मुख्यतया देहायका सिद्धान्तहरूलाई आधार मानी मस्यौदा गर्नुपर्छ :

१. राज्यशक्तिको स्रोत नेपाली जनता हो भन्ने तथ्यलाई हृदयङ्गम गरी जनताको चाहना र आकाङ्क्षाबमोजिम राज्य व्यवस्था सञ्चालन गर्ने र जनताप्रति राज्यका सम्पूर्ण अङ्ग र पदाधिकारीहरू उत्तरदायी र जिम्मेवार बनाइने किसिमको संरचनालाई अन्तरिम संविधानले स्वीकार गर्ने,

२. जनक्रान्तिमा नेपाली जनताद्वारा व्यक्त भएको परिवर्तनप्रतिको चाहनालाई संविधानमा संस्थागत गरी अग्रगमन अनुकूलका व्यवस्थाहरूलाई समावेश गर्ने, सामन्ती निरङ्कुशताका सबै अवशेषहरूलाई पूर्ण रूपले अन्त्य गरी संविधानमा सोहीअनुरूपको व्यवस्था गर्ने, संविधानसभामार्फत राजतन्त्रको पूर्ण अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने जनचाहनालाई संविधानमा समावेश गर्ने,

३. नेपाली जनताको दिगो शान्ति स्थापनाप्रतिको चाहनालाई सम्मान गर्दै स्वशासनको मान्यताअनुरूप राज्यको पुनःसंरचनासहितको समावेशी मान्यताअनुकूलको राज्य व्यवस्था निर्माणका आवश्यक व्यवस्थाहरू संविधानमा समावेश गर्ने,

४. जनताका आधारभूत अधिकारहरूको स्वेच्छाचारी किसिमबाट अतिक्रमण नहुने संवैधानिक प्रत्याभूति गर्ने, यसरी संवैधानिक प्रत्याभूति गर्दा जनताका नैसर्गिक अधिकारहरू जस्तै समानता, स्वतन्त्रता, सुरक्षा, स्वास्थ्य, शिक्षा, न्यायजस्ता न्यूनतम कुराको सुनिश्चितता प्रदान गर्ने,

५. नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र भएकाले सबै वर्ग, जाति, भाषा, धर्म, लिङ्ग, वैचारिक आस्था, क्षेत्रीयताजस्ता कुराका आधारमा भेदभाव नगरी सबैको समान संरक्षण हुने सिद्धान्तलाई आत्मसात् गर्ने,

६. समाजमा पिछडिएको क्षेत्र, शोषित वर्ग, अल्पसङ्ख्यक, अपाङ्ग र दलितहरूको उत्थान र विकासका निम्ति विशेष व्यवस्था गर्ने,

७. कानुनी राज्य, प्रतिस्पर्धात्मक बहुदलीय प्रणाली, राष्ट्रिय हितअनुकूलको जनमुखी अर्थतन्त्र, सञ्चारमाध्यमको स्वतन्त्रता, शक्तिको पृथकीकरण, शक्तिसन्तुलन र नियन्त्रण, पारदर्शिता, जिम्मेवारी र उत्तरदायीपूर्ण राज्यको संरचना र भूमिका, स्थानीय निकायको स्वायत्तता, स्वतन्त्र र सक्षम न्यायप्रणाली, बालिग मताधिकार, प्राकृतिक स्रोतमा पहुँच, खाद्यसम्प्रभुताको प्रत्याभूति, राज्यको स्रोत-साधनमा जनताको समान पहुँच र न्यायोचित वितरणको व्यवस्था, उपभोक्ताको हित संरक्षण, महिलाहरूलाई न्याय दिने कुराको सुनिश्चितता, वातावरणीय न्याय, सुरक्षित पिउने पानीको अधिकार, शुलभ न्यायका निम्ति असहायलाई कानुनी सहायता, बाल न्याय र श्रम न्यायको सुनिश्चितता प्रदान गर्ने ।

८. लैङ्गिक समानताको सिद्धान्तलाई आत्मसात् गर्ने ।

९. महिला, आदिवासी, जनजाति, मधेसी, दलितलगायत सबै जाति तथा समुदायको अधिकारको संरक्षण गर्ने,

१०. स्वच्छ र निष्पक्ष निर्वाचन प्रणालीको स्थापना गर्ने,

११. लामो समयदेखि हल हुन नसकेको नागरिकता समस्याको टुङ्गो लगाई सरल र सहज ढङ्गले सबै नेपाली नागरिकले नागरिकता प्राप्तिको सुनिश्चितता प्रदान गर्ने संवैधानिक व्यवस्था गर्ने,

१२. संयुक्त राष्ट्रसङ्घको बडापत्र र पञ्चशीलका सिद्धान्तका आधारमा राष्ट्रिय हितअनुरूपको परराष्ट्र नीति अवलम्बन गर्ने ।

अन्तरिम संविधानले माथि उल्लिखित सिद्धान्तका आधारमा गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा देहायबमोजिम हुन सुझाव प्रस्तुत गरिएको छ :

**१. प्रस्तावना**

जनक्रान्तिको माध्यमबाट नेपाली जनताले लोकतान्त्रिक गणतन्त्र, राज्यको पुनःसंरचनासहित समावेशी राज्यव्यवस्था, दिगो शान्ति स्थापना गर्न व्यक्त जनादेशलाई मध्यनजर गर्दै, देशको सार्वभौमिकता, स्वाधिनता र भौगोलिक अखण्डताको संरक्षण र सम्बर्द्धनमा पूर्ण कटिवद्ध रहँदै, राज्यशक्तिको श्रोत नेपाली जनता र राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई आत्मसात् गर्दै १२ बुँदे समझदारी, आठबुँदे सहमति र प्रतिनिधिसभा घोषणा-२०६३ को आधारभूमिमा संविधानसभाबाट संविधान नबनेसम्म संवैधानिक निरन्तरताका लागि अन्तरिम संविधान जारी गरिएको सन्दर्भ प्रस्तावनामा उल्लेख हुनुपर्ने र यो संविधान प्रतिनिधिसभाबाट जारी गर्ने व्यवस्था गर्ने ।

**२. सार्वभौमसत्ता**

नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने र यसको प्रयोग विधायिकामार्फत हुने कुरा उल्लेख गर्ने ।

**३. राष्ट्रिय गान**

जनक्रान्तिको भावनाबमोजिमको नयाँ राष्ट्रिय गान बनाउने व्यवस्था गर्ने ।

**४. भाषा नीति**

(क) नेपालीलगायत नेपालका विभिन्न भागमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् । त्यस्तो भाषा बोल्ने जनसङ्ख्याका आधारमा क्रमिक रूपमा ती भाषाहरूलाई अनुसूचीकृत गर्ने व्यवस्था गर्ने । नेपालीलगायत विभिन्न भाषालाई सरकारी कामकाजको भाषा बनाउने व्यवस्था गर्ने । स्थानीय तहमा समेत यही सिद्धान्तलाई आधार मानी भाषा नीतिलाई टुंगो लगाउने ।

(ख) लोप हुन लागेका भाषालाई विशेष संरक्षणको व्यवस्था गर्ने ।

**५. नागरिकता**

(क) वंशजका आधारमा नागरिकता प्राप्त गर्नु नागरिकको अधिकार हो र नागरिकता प्रदान गर्नु राज्यको दायित्व हो । कसैलाई पनि बिनाउचित कारण सो हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था उल्लेख गर्ने ।

(ख) मुलुकमा नागरिकताको समस्या जटिल रूपमा उठ्दै आएको परिप्रेक्ष्यमा ०३७ सालको जनमतसङ्ग्रहको मतदाता नामावलीलाई आधार मानी सरल र सहज प्रक्रियाबाट एकपटक नागरिकता प्रदान गरी समस्यालाई टुङ्गो लगाउने व्यवस्था गर्ने ।

(ग) आमाको नामबाट नागरिकता प्राप्त गर्ने व्यवस्था गर्ने ।

(घ) नागरिकता प्राप्ति र समाप्तिलगायतका विषयहरू कानुनद्वारा निश्चित भएबमोजिम हुने व्यवस्था उल्लेख गर्ने ।

**६. धर्मनिरपेक्षता**

नेपाल धर्मनिरपेक्ष राज्य हुनेछ । आ-आफ्नो आस्थाअनुरूप धर्म मान्न, धार्मिक क्रियाकलाप गर्न पाउने, अरूको धर्ममा हस्तक्षेप गर्न नपाइने, कसैलाई पनि निजको इच्छाविरुद्ध धर्म परिवर्तन गर्न नपाउने कुराको व्यवस्था गरिनुपर्ने ।

**७. मौलिक हक**

(क) मानवअधिकारका अन्तर्राष्ट्रिय मान्यता र प्रचलनअनुरूप विद्यमान मौलिक हकको व्यवस्थामा थप गरी जीवनको अधिकार, स्वास्थ्य, शिक्षा र सुरक्षाको अधिकार, राज्यको तहबाट भएको बदनियतपूर्ण व्यवहारबाट क्षति पुगेको सम्बन्धमा नागरिकको क्षतिपूर्तिको अधिकार, पीडित पक्षको पुनःस्थापना र क्षतिपूर्तिको अधिकार, अल्पसङ्ख्यकको अधिकार, आदिवासीको अधिकार, अपाङ्गको अधिकार, बालबालिकाको अधिकार, बौद्धिक सम्पत्तिको अधिकार, रोजगारीको अधिकार, खाद्य सम्प्रभुताको प्रत्याभूति, पैतृक सम्पत्तिमा छोरी र छोराको समान अधिकारजस्ता विभिन्न हकअधिकारहरूलाई जनताका अधिकारका रूपमा समावेश गर्ने ।

(ख) छुवाछूतको परिपाटीलाई गम्भीर अपराध मानी दण्डनीय व्यवस्था बनाउने कुरा उल्लेख गर्ने ।

**८. राज्यका निर्देशक सिद्धान्त**

(क) नेपाल अधिराज्यको संविधान २०४७ को भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई समयसापेक्ष रूपमा सुधार गरी सोहीअनुरूपका व्यवस्था अन्तरिम संविधानमा समावेश गर्ने ।

(ख) राज्यका विभिन्न तहमा महिलाको एकतिहाइ प्रतिनिधित्व गरिने नीति स्पष्ट उल्लेख गर्ने, मुलुकलाई सबै प्रकारको भेदभावको अन्त्य र हिंसामुक्त बनाउने कुरा समावेश गर्ने । यसैगरी दलित, जनजाति, आदिवासी, मधेसी, अपाङ्ग, श्रमिक, किसान, पिछडिएका क्षेत्र र गरिबीको रेखामुनि रहेका जनता आदि सबैको विकासका निम्ति विशेष कार्यक्रम सञ्चालन गर्ने कुरा राज्यको दायित्व र सरकारको जिम्मेवारीको रूपमा समावेश गर्ने ।

**९. राज्यको आर्थिक नीति**

हालैको जनक्रान्तिमा जनताले अभिव्यक्त गरेको समग्र परिवर्तनको आकांङ्क्षालाई आर्थिक फाँटमा कार्यान्वयन गर्न राज्यको आर्थिक नीति निम्नबमोजिम हुने व्यवस्था गर्ने :

(क) सामन्ती व्यवस्थाको पूर्ण रूपमा अन्त्य गर्ने ।

(ख) क्रान्तिकारी भूमिसुधारलाई कार्यान्वयन गरी अनुपस्थित तथा सामन्ती भू-स्वामित्व व्यवस्थालाई अन्त्य गर्ने, वास्तविक जोताहा किसानलाई जग्गाको मालिक बनाउने, कमैया, भूमिहीन र सुकुमवासीको पहिचान गरी उत्पादनको साधनका रूपमा भूमि उपलब्ध गराउने व्यवस्था गर्ने ।

(ग) आर्थिक क्षेत्रमा राजकीय, सहकारी र निजी क्षेत्रको भूमिकालाई सन्तुलित रूपमा सञ्चालन गरी धनी-गरिबबीचको असमानतालाई न्यूनीकरण गर्ने, गरिबी निवारणका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गर्ने ।

**१०. निर्वाचन पद्धति**

संविधानसभा समावेशी मान्यताअनुरूप बनाउन सबैको समानुपातिक प्रतिनिधित्वका लागि समानुपातिक निर्वाचन प्रणाली अपनाउने व्यवस्था गर्ने । संविधानसभाको निर्वाचनसम्बन्धी सम्पूर्ण व्यवस्था ऐनद्वारा निश्चित गर्ने व्यवस्था गर्ने ।

**११. मतदाताको उमेर**

प्रत्येक १६ वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मतदानको अधिकार प्रदान गर्ने ।

**१२. कार्यपालिका**

(क) व्यवस्थापिकाले कार्यपालिकाको निर्माण गर्ने, सर्वसम्मत वा बहुमतका आधारमा प्रधानमन्त्रीको चयन हुने, प्रधानमन्त्रीले उपप्रधानमन्त्री र मन्त्रीहरूको चयन गर्ने, व्यवस्थापिकाको सदस्य नभएको व्यक्ति पनि मन्त्री हुन सक्ने व्यवस्था गर्ने । प्रधानमन्त्रीसहित मन्त्रीहरूको मन्त्रिपरिषद्को व्यवस्था गर्ने, कार्यपालिकाको सम्पूर्ण अधिकार मन्त्रिपरिषद्मा रहने, मन्त्रिपरिषद् सामूहिक रूपमा र मन्त्री व्यक्तिगत रूपमा समेत व्यवस्थापिकाप्रति उत्तरदायी हुने व्यवस्था गर्ने ।

(ख) यो संविधान र अन्य कानुनको अधिनमा रही नेपालको कार्यपालिकाको सम्पूर्ण अधिकार मन्त्रिपरिषद्मा रहने, देशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्उपर रहने व्यवस्था गर्ने ।

(ग) सङ्क्रमणकालमा बन्ने मन्त्रिपरिषद् सर्वदलीय हुने हुँदा त्यसले सहमतिका आधारमा आफ्नो कार्य-सम्पादन गर्ने र शासन-प्रशासन सर्वदलीय सहमतिका आधारमा तय गरिएको विधि र प्रक्रियाअनुरूप सञ्चालन हुने व्यवस्था उल्लेख गर्ने ।

(घ) प्रधानमन्त्री र मन्त्रीले राजीनामा दिएमा वा व्यवस्थापिकाको बहुमतको विश्वास गुमाएमा आफ्नो पदबाट हट्ने व्यवस्था गर्ने ।

**१३. व्यवस्थापिका**

(क) कानुन निर्माणको सम्पूर्ण विधायिकी कार्य व्यवस्थापिकाले गर्ने,

(ख) आर्थिक कार्य-प्रणालीका सम्पूर्ण व्यवस्थापन व्यवस्थापिकाले तय गर्ने,

(ग) कानुन निर्माणलगायत आफ्ना सम्पूर्ण दायित्व पूरा गर्न र आफ्नो कार्यसम्पादन र सञ्चालनका लागि व्यवस्थापिकाले आफ्नो कार्यविधि आफैं निर्माण गर्ने,

(घ) व्यवस्थापिकाले आफ्नो सदस्य संख्याको दुईतिहाइ बहुमतबाट संविधान संशोधन गर्न सक्ने व्यवस्था समावेश गर्ने,

(ङ) हाल बहालमा रहेको प्रतिनिधिसभालाई प्रतिस्थापन गर्ने अर्को व्यवस्था नभएसम्म यसै प्रतिनिधिसभाले व्यवस्थापिकाको सम्पूर्ण कार्य गर्ने र सात राजनीतिक दल एवम् नेकपा (माओवादी) बीच भएको सहमतिअनुरूप प्रतिनिधिसभाको विकल्पमा बन्ने वैकल्पिक व्यवस्थाले त्यसउप्रान्त व्यवस्थापिकाको कार्य गर्ने उल्लेख गर्ने ।

**१४. न्यायपालिका**

(क) २०४७ सालको संविधानले व्यवस्था गरेको विभिन्न तहको अदालतको व्यवस्थालाई अन्तरिम संविधानमा कायम राख्ने ।

(ख) संवैधानिक अङ्गका पदाधिकारी र न्यायपालिकाअन्तर्गत सबै तहका न्यायाधीशहरूको पुनर्नियुक्तिको सिद्धान्तलाई स्वीकार गरी पुनर्नियुक्ति नहुनेहरू स्वतः पदमुक्त हुने व्यवस्था गर्ने ।

(ग) सर्वोच्च अदालतका न्यायाधीशलगायत पुनरावेदन अदालतका न्यायाधीशको नियुक्ति प्रधानन्यायाधीशले न्यायपरिषद् (न्याय प्रशासनसहित) को सिफारिसमा हुने व्यवस्था गर्ने । जिल्ला न्यायाधीशहरूको हकमा न्याय सेवामा प्रवेश गर्न लोकसेवा आयोगको परीक्षाबाट उत्तीर्ण भएपछि पाउने व्यवस्था गर्ने ।

(घ) न्यायपरिषद्मा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश, न्यायमन्त्री, विशिष्ठ कानुनविद्मध्येबाट मन्त्रिपरिषद्ले तोकेको दुई जना कानुन व्यवसायी रहने व्यवस्था गर्ने । यस परिषद्ले पुनरावेदन अदालतका न्यायाधीशको नियुक्ति र लोकसेवाबाट उत्तीर्ण भएका व्यक्तिहरूमध्येबाट जिल्ला न्यायाधीशमा नियुक्ति, सरुवा र कारवाही गर्ने अधिकार र दायित्वको व्यवस्था गर्ने ।

(ङ) मान्य सिद्धान्तका विरुद्ध सैनिक अदालतबाट भएको निर्णयका उपर सर्वोच्च अदालतमा पुनरावलोकन हुन सक्ने सिद्धान्तलाई स्वीकार गर्दै तदनुरूप व्यवस्था गर्ने ।

**१५. संवैधानिक अदालत**

अन्तरिम संविधानमा संवैधानिक अदालतको व्यवस्था गर्ने, त्यसले संविधान तथा संविधानसभाको निर्वाचन सम्बन्धमा उठेका विवादलाई छिटोछरितो गरी टुङ्गो लगाई संविधानसभाबाट नयाँ संविधान निर्माणको कार्यमा आउन सक्ने बाधाहरूलाई फुकाउने कार्य गर्ने व्यवस्था गर्ने ।

**१६. संवैधानिक निकाय**

(क) अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षण, लोकसेवा आयोग, निर्वाचन आयोगसम्बन्धी २०४७ सालको संविधानले गरेको व्यवस्थालाई कायम राख्ने व्यवस्था गर्ने ।

(ख) महालेखा परीक्षक एक जना नियुक्त हुने हालको व्यवस्था अन्त्य गरी महालेखा परीक्षण आयोग बनाई त्यसमा कम्तीमा तीन जनासम्म महालेखा परीक्षकहरू रहने व्यवस्था गर्ने ।

(ग) संविधानसभा, जनमतसङ्ग्रह र स्थानीय निकायको निर्वाचनका लागि स्वतन्त्र, निष्पक्ष निर्वाचन आयोगको गठन गर्ने ।

(घ) महान्यायाधिवक्ताको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने व्यवस्था गर्ने ।

(ङ) राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अङ्गका रूपमा अन्तरिम संविधानमा समाविष्ट गर्ने ।

**१७. स्थानीय निकाय**

(क) स्थानीय सरकारको अवधारणाअनुरूप राज्यशक्ति निक्षेपण गरी स्थानीय स्वायत्त शासनको सिद्धान्तलाई व्यवहारमा जीवन्त बनाउन सोहीअनुरूपको संरचना र अधिकारको व्यवस्था गर्ने ।

(ख) नेपाल सरकारका स्थानीय तहका सम्पूर्ण विषयगत कार्यालय तथा कार्यालयका भौतिक, आर्थिक र मानवीय स्रोतहरू सम्बन्धित तहका स्वायत्त स्थानीय निकायको मातहतमा रहने व्यवस्था गर्ने र सोही कामका लागि स्थानीय तहमा नेपाल सरकारका विषयगत कार्यालयहरू रहने व्यवस्था नगर्ने ।

(ग) स्थानीय तहमा कामको बाँडफाँट र कार्यविभाजनका आधारमा केन्द्र र स्थानीय स्वायत्त सरकारका बीच प्राकृतिकलगायत अन्य स्रोतबाट प्राप्त आम्दानी र राजस्वको न्यायोचित बाँडफाँट गर्ने व्यवस्था गर्ने ।

**१८. सङ्कटकालीन अधिकार**

सङ्कटकालीन अधिकार मन्त्रिपरिषद्लाई रहने, सङ्कटकालको घोषणा मन्त्रिपरिषद्ले गर्ने र त्यस्तो घोषणा अनुमोदन गराउन एक महिनाभित्र व्यवस्थापिका सभामा पेस गरिनुपर्ने व्यवस्था गर्ने । व्यवस्थापिकाले अनुमोदन नगरेमा सङ्कटकालको अवधि लम्ब्याउन पाइने छैन भन्ने व्यवस्था उल्लेख गर्ने ।

**१९. जनमतसङ्ग्रहको व्यवस्था**

(क) जनआन्दोलनको मुख्य जनादेश लोकतान्त्रिक गणतन्त्र स्थापना भएकाले सो सम्बन्धमा जनताको मत सङ्कलन गरी संविधानसभाले सोहीअनुरूपको संविधान निर्माण गर्न जनमतसङ्ग्रह र संविधानसभाको निर्वाचन एकैपटक गर्ने व्यवस्था हुनुपर्ने ।

(ख) मुलुकको महत्त्वपूर्ण विषयमा निर्णय गर्न जनमतसङ्ग्रहको व्यवस्था समावेश गर्ने ।

**२०. राजनीतिक दलसम्बन्धी व्यवस्था**

राजनीतिक दलको स्वतन्त्रता र प्रतिस्पर्धी बहुदलीय व्यवस्थालाई नियन्त्रण र प्रतिबन्ध लगाउन नसकिने कुराको संवैधानिक प्रत्याभूति हुनुपर्ने व्यवस्थासहित ०४७ सालको संविधानमा रहेको राजनीतिक सङ्गठनसम्बन्धी व्यवस्थालाई कायम राख्ने ।

**२१. विविध**

**(क) संवैधानिक परिषद्**

संविधानमा व्यवस्था भएका सर्वोच्च अदालतका न्यायाधीशलगायतका संवैधानिक पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश र प्रतिनिधिसभाको सभामुख वा व्यवस्थापिकाको प्रमुख रहेको संवैधानिक परिषद्को व्यवस्था गर्ने । प्रधानन्यायाधीशको नियुक्तिको सिफारिसको सम्बन्धमा संवैधानिक परिषद्मा न्यायमन्त्री र सर्वोच्च अदालतका एक जना न्यायाधीशसमेत सदस्य रहने व्यवस्था हुनुपर्ने । त्यस्तो नियुक्ति गर्नुपूर्व संसदीय सुनुवाइ समितिबाट अनुमोदन हुनुपर्ने व्यवस्था गर्ने ।

**(ख) नेपाली सेना**

(अ) नेपाली सेनाको सङ्गठनलाई समावेशी र राष्ट्रिय स्वरूपको बनाउने, नेपाली सेनाको लोकतान्त्रीकरण र आधुनिकीकरण गर्दै त्यसलाई दक्ष र व्यावसायिक बनाउने, नेपाली सेना प्रतिनिधिसभा वा व्यवस्थापिकाप्रति उत्तरदायी हुने र मन्त्रिपरिषद्को मातहतमा रहने व्यवस्था गर्ने ।

(आ) नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न मन्त्रिपरिषद्‌ले एक राष्ट्रिय सुरक्षा परिषद्‌ गठन गर्ने व्यवस्था हुनुपर्ने ।

**(ग) नेपाली राजदूतको नियुक्ति**

नेपाली राजदूतलगायतका अन्य महत्त्वपूर्ण नियुक्ति संसदीय सुनुवाइ समितिको अनुमोदनपश्चात्‌ मन्त्रिपरिषद्‌ले नियुक्ति गर्ने व्यवस्था हुनुपर्ने ।

**(घ) सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन**

नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२६ बमोजिम नै सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संसद्‌बाट गराउने व्यवस्थालाई समावेश गर्ने ।

**(ङ) भ्रष्टाचार नियन्त्रणसम्बन्धी थप व्यवस्था**

संवैधानिक निकाय र न्यायपालिकाका पदाधिकारीबाट हुने भ्रष्टाचार र अनियमितताको छानबिन गर्न व्यवस्थापिकाले विशेष समिति बनाउन सक्ने व्यवस्था गर्ने ।

**(च) विभिन्न आयोग तथा समितिहरू**

महिला आयोग, दलित आयोग, सञ्चार आयोग, किसान आयोग, आदिवासी जनजाति आयोगजस्ता विभिन्न आयोग र समितिहरू आवश्यकताअनुसार कानुनद्वारा बनाउने कुरा अन्तरिम संविधानमा उल्लेख गर्ने ।

**२२. बाधा-अड्काउ फुकाउने अधिकार**

यो संविधान कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा मन्त्रिपरिषद्‌को प्रस्तावका आधारमा प्रतिनिधिसभा वा व्यवस्थापिकाले यस्तो बाधा-अड्काउ फुकाउन सक्ने व्यवस्था गर्ने ।

**२३. खारेजी**

यो संविधान जारी भएपछि नेपाल अधिराज्यको संविधान २०४७ खारेज गर्ने व्यवस्था गर्ने ।

***१४ साउन २०६३***<br>
***माधवकुमार नेपाल***<br>
***महासचिव***

# मानिसको अन्तर्राष्ट्रिय जात

**- परमानन्द भट्ट -**

मानिसको जात एउटै हुन्छ
केवल मानिस !
सृष्टिको सुन्दर सिर्जना
यस धर्तीको विशाल विराटतामा
निर्वाध विचरणको उसको स्वतन्त्रता
विश्व विदारीको सिङ्गो आँगनमा
खेल्न रमाउने चाहनाहरू
बराबरीमा बाँच्न चाहने ऊभित्रका इच्छाहरू
किन बाँधिन्छन्‌ ?
अनेक साँधसिमानाका बारबन्देजहरूले
सीमाभित्रका पनि अझ कैयन्‌ सीमाहरूले
बेरिएको छ मान्छे
जेलिएको छ मान्छे ।

जातभित्रका पनि थप जात
अनि वर्ण/वर्गका घिनौना तहपत्रहरूले
थिचिएको छ मान्छे
उठ्न नसक्ने गरी ।

साँघुरो सङ्कीर्णताकै साम्राज्य हुन्थ्यो भने
कसरी छल्किन्थ्यो बुद्धत्व सातसमुद्र पारिसम्म
मेरो कलम

वसुदैव कुटुम्वकम् बोल्छ
मेरो आवाज दौडिन खोज्छ
क्षितिजको छायासम्म
आस्थाहरू पौडिन खोज्छन्
समताको सागरभित्र
तिम्रो आवाजले पनि सन्देश छरोस्
अनन्तको गर्भसम्म ।

तात्तियूँन कठ्याङ्ग्रिएका औँलाहरू
कस्सिएर जब्बर मुट्ठीहरू
मुर्दावाद ! मूर्दा शान्ति !
शान्ति र सङ्घर्षका किनारा जोड्ने
मूल्यसहितको मानव बाँच्ने
फराकिलो परिवेश खोज्न
जन्माइदेऊ धर्ती !
एकसाथ दुईतिरका चिरागहरू
केवल,
आस्था र अस्तित्वको नागरिकता भिर्ने
क्रान्तिनायक चेग्वेभाराहरू
शान्तिको सन्देश छर्ने
शान्तिनायक बुद्धहरू ।

मिल्काउनु छ उखेलेर
आस्था छोप्ने कुण्ठाहरू
भत्काउनुछ जरैदेखि
मान्छे बाँध्ने सीमाहरू
भेदविभेदका जालभ्mेल च्यात्न
विचार बाँध्ने जन्जिर तोड्न
एउटा आँधी आउनुपर्छ
जड्ताको डङ्गुर बढारेर उडाउने
एउटा डक्टर चाहिएको छ
टाढा दृष्टि भा'को
सिर्जनात्मकता प्रत्यारोपण गर्ने
म सर्वेभवन्तु सुखिनाम् गाउँछु
समय,
तिमी जोरजोरले
विगुल बजाइदेउ सुतेकाहरूसम्म
मानवमस्तिष्कका असङ्ख्य चेतहरूसँग
अतृप्त आस्थाहरू जवाफ मागिरा'छन्
कहिले उदाउँछ आकाशमा रोशनी ?
कहिले हुन्छ मान्छेको अन्तर्राष्ट्रिय जात !?

# नेकपा (एमाले) केन्द्रीय कमिटीको बाह्रौं बैठकमा पारित प्रस्तावहरू

१. नेपाली जनताको क्रान्तिकारी र ऐतिहासिक जनआन्दोलनमा भाग लिने क्रममा आफ्नो अमूल्य जीवनको बलिदान दिनु हुने सम्पूर्ण महान् शहीदहरूमा नेकपा (एमाले) केन्द्रीय कमिटीको यो बैठक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ । केन्द्रीय कमिटीको यो बैठक शहीदहरूले देखाउनु भएको मार्गमा अघि बढ्दै जनआन्दोलनले राखेका लक्ष्यहरू प्राप्तिका लागि निरन्तर क्रियाशील रहने प्रण गर्दछ ।

२. ऐतिहासिक र क्रान्तिकारी जनआन्दोलनको क्रममा घाइते हुनुभएका सबै आन्दोलनकारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै घाइते आन्दोलनकारीहरूको राम्रोसंग उपचार गर्ने कुरामा सरकारले पूर्ण रूपमा ध्यान दिनुपर्दछ । घाइते आन्दोलनकारीहरूको उपचारका साथसाथै उनीहरूलाई यथेष्ट आर्थिक सहायता, घाइतेहरूको भरणपोषण र उनीहरूका परिवारका लागि उपयुक्त रोजगारीको समेत तत्काल व्यवस्था गर्न सरकारसंग यो बैठक माग गर्दछ ।

३. सात दल र नेकपा (माओवादी) बीच भएका बाह्र बुँदे, आठ बुँदे र पाँच बुँदे सहमतिलाई हार्दिक स्वागत एवं समर्थन गर्दै यथाशीघ्र हतियार व्यवस्थापन, सेनाको लोकतान्त्रिकरण, अन्तरिम विधानको घोषणा, अन्तरिम विधायिका र अन्तरिम सरकार लगायतका विषयमा समग्र सहमति कायम गरी जनमत संग्रह र संविधानसभा मार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने दिशातर्फ एकताबद्ध भएर अघि बढ्न सम्पूर्ण राजनीतिक शक्तिलाई यो बैठक जोडदार आह्वान गर्दछ । यो बैठक सम्पूर्ण जनसमुदायलाई पनि एकताबद्ध भएर लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि आ-आफ्नो ठाउँबाट क्रियाशील हुन हार्दिक आग्रह गर्दछ ।

४. यो बैठक सरकार र नेकपा (माओवादी) बीच भएको पच्चिस बुँदे आचार संहिताको पूर्ण पालना गर्न नेकपा (माओवादी) लाई आह्वान गर्दछ । पच्चिस बुँदे आचार संहितामा हस्ताक्षर गरिसकेपछि पनि नेकपा (माओवादी) ले राजनीतिक दलका कार्यकर्ता र सर्वसाधारण जनतालाई कुटपिट र अपहरण गर्ने, धम्की दिने, बलजफ्ती चन्द असूल्ने, हत्या गर्ने, हतियार संकलन र नयाँ सैन्य भर्ति गर्ने र अरू पार्टीहरूको गतिविधिमा अवरोध उत्पन्न गर्ने जस्ता अनुचित, अलोकतान्त्रिक, आपराधिक र गैर जिम्मेवार कामकार्वाही निरन्तर रूपले अघि बढाइरहेकोमा त्यसको भर्त्सना गर्दछ । सहमति र आचार संहिता विरोधी नेकपा (माओवादी) का यस्ता क्रियाकलापहरूको यो बैठक कडा आलोचना गर्दै त्यसप्रति खेद प्रकट गर्दछ र अविलम्व यस्ता क्रियाकलाप बन्द गर्न आह्वान गर्दछ ।

५. लोकतन्त्रको आगमनपछि मुलुकमा शान्ति सुव्यवस्था र अमनचैन कायम होला भन्ने नेपाली जनताको आशामा तुषारापात हुन थालेको छ । राजधानी लगायत देशका विभिन्न भागहरूमै दिनदहाडै बढ्दै गएको चोरी, लुटपाट, डकैति र हत्याका घटनाहरूले सरकार शान्ति सुव्यवस्था कायम गर्न असफल रहेको देखाएको छ । देशको राजधानी लगायत प्रमुख शहर र सदरमुकामहरूमा समेत सरकारको उपस्थिति नदेखिनुले र विभिन्न व्यक्तिहरूले दिने धम्की तथा अवाञ्छित क्रियाकलापहरू विरुद्ध सरकार मौन देखिनुले राज्यको उपस्थिति र अस्तित्वको बारेमा समेत प्रश्नचिन्ह लगाउनुपर्ने दुःखद स्थिति उत्पन्न भएको छ । यस्तो स्थितिको अन्त्य गरी यथाशीघ्र शान्ति, सुव्यवस्था र अमन चैन कायम गरी सरकार छ भन्ने अनुभूति कायम गराउन यो बैठक सरकारको विशेष ध्यानाकर्षण गर्दछ ।

६. शाही सत्ताको बेला बढेको भ्रष्टाचार र प्रशासनिक ढिलासुस्तीलाई नियन्त्रण गर्न र जनतालाई सहज, सुलभ र प्रभावकारी ढंगले सेवा प्रदान गर्न वर्तमान सरकारले सकिरहेको छैन । बढ्दो घुसखोरी, राजनीतिक र प्रशासनिक अन्यौल एवं ढिलासुस्ती तथा चौतर्फी रूपमा व्याप्त अराजकतालाई यथाशीघ्र नियन्त्रण गरेर जनतालाई सहज रूपले सेवा-सुविधा उपलब्ध गराउनेतर्फ तत्परताका साथ लाग्न यो बैठक सरकारको ध्यानाकर्षण गराउंदछ ।

७. जनताको क्रान्तिकारी र महान् जनआन्दोलनद्वारा पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ साल जेठ ४ गते गरेको ऐतिहासिक 'प्रतिनिधिसभाको घोषणा - २०६३' को स्वागत गर्दै यो बैठक त्यसको पूर्ण समर्थन गर्दछ । प्रतिनिधिसभाले गरेको उक्त

महत्वपूर्ण र ऐतिहासिक घोषणाको यथाशीघ्र पूर्ण कार्यान्वयन गर्नुपर्ने आवश्यकतातर्फ सरकारले विशेष ध्यान देओस् भनी यो बैठक माग गर्दछ ।

८. सहकारी आन्दोलन मार्फत आम जनताको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि ठोस ढंगले काम गर्न सकिने हुँदा सहकारीको भावना र संगठनलाई गाउँ-गाउँसम्म पुऱ्याउनु आवश्यक भएको छ । सहकारी आन्दोलन र यसको संरचनाद्वारा आम जनताको जीवनमा परिवर्तन ल्याउन सकिने वास्तविकतालाई बोध गर्दै यो कार्यमा हाम्रा सदस्यहरू समेत सामेल हुनुपर्ने आवश्यकता देखिएको छ । सहकारीका साथसाथै विभिन्न सामुदायिक संगठनहरूमा समेत सामेल भएर जनताको जीवन रूपान्तरणको प्रक्रियामा समेत सक्रिय रूपले सहभागी हुन यो बैठक सम्पूर्ण तहका पार्टी सदस्यहरूलाई आह्वान गर्दछ । त्यस्तै सम्पूर्ण सहकारी क्षेत्रले अघि सारेका मागहरूलाई अविलम्ब पूरा गर्न पनि यो बैठक सरकारसँग माग गर्दछ ।

९. मुलुकमा आरम्भ लोकतन्त्रको सुदृढीकरण र शान्ति प्रक्रियालाई सफल पार्न आ-आफ्नो स्थानबाट योगदान पुऱ्याउन यो बैठक सम्पूर्ण राजनीतिक दल र जनसमुदायमा हार्दिक आह्वान गर्दछ ।

१०. भोकमरी, बाढी-पैह्रो र महामारीबाट पीडित देशको विभिन्न भू-भागका जनताप्रति हार्दिक सहानुभूति प्रकट गर्दै भोकमरी भएका स्थानमा खाद्यान्नको आपूर्ति गर्न तथा प्राकृतिक प्रकोपबाट पीडित क्षेत्रमा राहत, उद्धार र पुनःनिर्माणका कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्न यो बैठक सरकारसंग जोडदार माग गर्दछ ।

११. भुटानी शरणार्थीहरूको स्वेच्छाले सम्मानपूर्वक स्वदेश फर्कने चाहना पुरा हुनुको साटो उनीहरूले आफ्ना माग पूरा गराउनका निम्ति अनसन बस्नु पर्ने बाध्यता समेत उत्पन्न भएको स्थितिप्रति चिन्ता प्रकट गर्दै शरणार्थी समस्या समाधान गर्न प्रभावकारी ढंगले पहल गर्न र आवश्यक वातावरण निर्माण गर्न यो बैठक सरकारसंग माग गर्दछ ।

१२. देशमा भैरहेको विभिन्न मानव अधिकार उल्लंघनका घटनाहरूको छानविन गर्न र मानव अधिकारको संरक्षणका लागि आवश्यक पाइला चाल्न राष्ट्रिय मानव अधिकार आयोगको गठन तत्काल गरियोस् भनी यो बैठक सरकारसँग जोड्दार माग गर्दछ ।

१३. तराईको सप्तरी, सिराहा लगायतका जिल्लाहरूमा जनतान्त्रिक तराई मुक्तिमोर्चाले थालेको चन्दा असुल्ने, अपहरण गर्ने र हत्या गर्ने जस्ता कार्यहरू बढ्दै गएर जनजीवन असुरक्षित हुन थालेको छ । जनतान्त्रिक तराई मुक्ति मोर्चा र नेकपा ( माओवादी) संग सम्बद्ध मधेशी राष्ट्रिय मुक्ति मोर्चाबीच बढ्न थालेको हिंसात्मक मुठभेडले तराईका जिल्लाहरूमा जनजीवन आतंकित बन्न थालेकोले यसको नियन्त्रण र समस्या समाधानका लागि तत्काल वार्ता लगायतका अन्य आवश्यक उपायहरू अघि बढाउन यो बैठक सरकारको ध्यानाकर्षण गर्दछ ।

१४. बेलायतको सैनिक सेवामा संलग्न रहेका नेपाली नागरिकहरूले त्यस सेवामा संलग्न बेलायती नागरिक सरह समान पारिश्रमिक, पेन्सन तथा सुविधा प्राप्त गर्नुपर्छ भनि बेलायती गोर्खा भूतपूर्व सैनिकहरूले अघि सारेका मागहरू जायज छन् । उक्त मागहरू समान कामको लागि समान ज्याला र सुविधा हुनुपर्ने सर्वस्वीकृत न्यायिक मान्यता अन्तर्राष्ट्रिय मानव अधिकार अनुरूप रहेकोले बेलायती गोर्खा भूतपूर्व सैनिकहरूका उक्त मागहरू पूरा गराउन नेपाल सरकारले तत्काल आवश्यक पाइला चालोस् भनी यो बैठक माग गर्दछ ।

१५. भारतीय सरकारका विभिन्न सैनिक सेवाहरू छन् । त्यसमा सेवारत सबै नेपाली नागरिकहरूले कानूनतः सेवाबाट अवकाश पाउंदा निवृत्तिभरण ९एभलकष्यल० स्वतः प्राप्त गर्नु पर्दछ । तर त्यहाँका कतिपय सैनिक सेवामा संलग्न नेपाली नागरिकले पेन्सनको सुविधा नपाएकोले उक्त सुविधा उपलब्ध गराउन नेपाल सरकारले आवश्यक पाइला चालोस् भनी यो बैठक माग गर्दछ ।

१६. संयुक्त राष्ट्र संघ अन्तर्गत विभिन्न मुलुकहरूमा शान्ति सेनाका रूपमा तथा सुरक्षा काममा खटिई जाने नेपाली सेना तथा प्रहरीहरूले उक्त काम वापत प्राप्त गर्ने पारिश्रमिक, भत्ता र सुविधाहरूका बारेमा सम्बन्धित सेना र प्रहरीहरूले पूर्ण जानकारी प्राप्त गर्नु उनीहरूको अधिकार हो । आफ्नो पारिश्रमिक र सुविधा बारे उनीहरूले जानकारी पाउनु पर्दछ । संयुक्त राष्ट्र संघको शान्ति सेना र सुरक्षा कार्यमा संलग्न सेना तथा प्रहरीहरूको पारिश्रमिक तथा भत्ताहरूमा कटौति गरिने चलन छ र यो पारदर्शी ढंगले गरिएको छैन । त्यसैले ती रकमहरूको सही हिसाब-किताब सार्वजनिक गर्न र प्राप्त गरिने पारिश्रमिक तथा भत्ताहरू सबै सम्बन्धित सेना र प्रहरीहरूलाई नै उपलब्ध गराउने व्यवस्था नेपाल सरकारले गरोस् र सेना तथा प्रहरीका जवानहरूलाई सेना र प्रहरीका अधिकारीहरूको निजी सेवा र काममा लगाउने चलन तत्काल बन्द गरियोस् भनी यो बैठक माग गर्दछ ।

१७. यो बैठक देशव्यापी रूपमा र विशेष गरी सुदूर पश्चिम क्षेत्रमा भएको वन विनाश अविलम्ब रोक्न माग गर्दै वन विनाशमा संलग्नहरूमाथि तत्काल आवश्यक कानूनी कार्वाही गर्न माग गर्दछ । त्यस्तै वनको संरक्षण गर्न सामुदायिक वन उपभोक्ता महसंघका मागहरू पूरा गरी अविलम्ब लागू गर्न सरकारको ध्यानाकर्षण गर्दछ ।

१८. मधेशमा रहेको नागरिकता समस्या समाधानको लागि तत्काल आवश्यक पाइला चाल्न यो बैठक सरकारसँग माग गर्दछ ।

१९. देशका विभिन्न भागका साथै यसपल्ट तराईमा समेत राम्ररी वर्षा हुन नसकेकोले सुख्खा परी धान रोप्ने काम हुन सकेको छैन । त्यसैले यसरी पानी नपरी खेती हुन नसकेको क्षेत्रलाई सुख्खा क्षेत्र घोषणा गरी आवश्यक राहतको व्यवस्था गर्न यो बैठक सरकारसँग माग गर्दछ ।

२०. खाद्यान्न लगायत विभिन्न उपभोग्य वस्तुमा बढेको महङ्गीले जनताको जीवन कष्टकर बन्दै गएको छ । यो बैठक महङ्गी नियन्त्रण गरी जनतालाई राहत दिने कार्यमा सरकारले तत्काल ध्यान देओस् भनी माग गर्दछ ।

२१. नेपालका श्रमजीवी वर्गको संगठन स्वतन्त्रताको लागि अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धी ८७ र श्रम अभ्यासमा कलंकको रूपमा रहेको बाँधा तथा बाध्यकारी श्रम प्रथालाई अन्त्य गर्ने अभिसन्धी १०५ पारित गर्न यो बैठक नेपाल सरकार र प्रतिनिधिसभाको ध्यानाकर्षण गर्दछ । साथै आदिवासी-जनजातिहरूको हकहितको लागि बनेको अभिसन्धी १६९ पारित गर्न संसदमा पेश गरिएको प्रस्तावलाई बैठक समर्थन गर्दछ ।

२२. लोकतन्त्रको स्थापना पछि अधिकांश विश्वविद्यालयहरू नेतृत्व बिहिन बन्न पुगेका छन् । लोकतन्त्रको स्थापना भइसकेको यति लामो समयसम्म पनि विश्वविद्यालयमा उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारको नियुक्ति नहुँदा सिङ्गो उच्च शिक्षा क्षेत्र अस्तव्यस्त बन्न पुगेको छ । यो बैठक यथाशीघ्र विश्वविद्यालयका पदाधिकारीहर नियुक्ति गरी उच्च शिक्षा क्षेत्रमा देखिएको समस्या र अन्यौल अन्त्य गर्न सरकारसँग माग गर्दछ ।

२३. विभिन्न उद्योग व्यवसायमा हालैका दिनमा नेकपा (माओवादी)सँग सम्बन्धित ट्रेड युनियनका कार्यकर्ताद्वारा नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट)का नेता, कार्यकर्तामाथि भएको सांघातिक आक्रमणप्रति बैठक खेद प्रकट गर्दछ । अनावश्यक विवाद सृजना गरी जिफण्टसँग आबद्ध युनियनले गरेका सम्झौता भाड्ने र उद्योग व्यवसायमा अराजकता सृजना गर्ने काम तुरुन्त रोक्न यो बैठक नेकपा (माओवादी)को ध्यानाकर्षण गर्दछ ।

# नेपालमा राज्य पुनर्संरचनाको सवाल र सङ्घवाद

## ' डा. पुष्प कँडेल

**जनआन्दोलनको सन्दर्भ र पुनर्संरचना**

जनआन्दोलन-२०६३ का मूलतः तीनवटा उद्देश्यहरू रहेका थिए । पहिलो- लोकतन्त्रको बहाली गर्ने, दोस्रो- शान्ति बहाली गर्ने र तेस्रो- माओवादीसमेत नेपालका समग्र राजनीतिक विचार, भौगोलिक क्षेत्र, जातजाति, समुदाय आदिलाई राज्यको मूल प्रवाहमा समावेश गराउने । यी सबै उद्देश्यपूर्तिका लागि संविधानसभाको चुनावलाई आधार बनाउने पनि यसको मूल माग रहेको थियो ।

जनआन्दोलन-०६३ को सफलतापछि नेपालमा यसको तेस्रो मूल एजेन्डा राज्यको पुनर्संरचनामा (पहिलो शान्ति र दोस्रो लोकतन्त्र) बहस सुरु हुन थालेको छ । जनआन्दोलन-०६३ को राज्यको पुनर्संरचनाको मनसाय राज्यको वर्तमान ढाँचामा परिवर्तन गरी शासन व्यवस्थामा आमूल परिवर्तन गर्नुपर्छ भन्ने आशयको सन्दर्भमा शासनका अन्य अङ्गहरूका अलावा राजनीतिक ढाँचामा पनि परवर्तन रहेको थियो । यस सन्दर्भमा आन्दोलनपछि र खासगरी नयाँ अन्तरिम संविधान निर्माणको प्रक्रिया सुरु भएपछि यस सन्दर्भमा विभिन्न छलफलहरू आएका छन् । यस सन्दर्भमा मूलतः दुई किसिमका विचारहरू, पहिलो देशलाई सङ्घीय ढाँचामा लानुपर्छ भन्ने र दोस्रो, सङ्घीय होइन एकात्मक राज्य व्यवस्थासहितको पूर्ण विकेन्द्रीकरणको ढाँचामा जानुपर्छ भन्ने विचारहरू प्रकट हुन थालेका छन् । प्रस्तुत लेख नेपालको सन्दर्भमा यी दुईमध्ये कुन उपयुक्त हुन्छ भन्ने सन्दर्भमा नै तयार भएको छ ।

**सङ्घवादको परिचय र स्थिति**

राज्य प्रणालीका दुईवटा ढाँचा एकात्मक र सङ्घात्मकमध्ये एकात्मक भन्नाले सार्वभौमसत्ता केन्द्रमा रहने र केन्द्रले दिएको अधिकार तल्ला निकायले पाउने कुरा भन्ने बुझिन्छ भने सङ्घीय व्यवस्था भन्नाले राज्यहरूको संयुक्त स्वरूपमा सार्वभौमसत्ता रहने र तिनीहरूले दिएजति केन्द्रले पाउने स्थिति हो । संसारका करिब दुई सयवटा राज्यहरूमध्ये करिब एक सय ७० वटा एकात्मक रहेका छन् भने बाँकी ३० वटाजति सङ्घीय । खासगरी ठूला देशहरू अधिकांश सङ्घात्मक रहेका छन् भने सानाहरू एकात्मक । युरोपबाहेक तेस्रो विश्वमा नेपालभन्दा साना देश एउटा पनि सङ्घीय छैनन् । ल्याटिन अमेरिकाका अधिकांश ठूला देशहरू सङ्घात्मक छन् भने एसियमा भारत, मलेसिया, पाकिस्तान आदि सङ्घीय रहेका छन् । युरोपमा स्वीट्जरल्यान्ड, जर्मनी, अस्ट्रिया, बोस्निया हर्जगोविना आदि देशहरू सङ्घीय रहेका छन् । अफ्रिकामा नाइजेरिया सङ्घीय ढाँचामा तयार भएको देश मानिन्छ । रुस, बेल्जियम, स्पेन, दक्षिण अफ्रिका आदि देशहरूलाई कसैले सङ्घीय मान्छन् भने कसैले मान्दैनन् । प्रजातन्त्रको जननी बेलायत, विश्वका स्वर्ग मानिएका स्केन्डेनिवियन देशहरू, पहिलो राजतन्त्र फाल्ने देश फ्रान्स एकात्मक छन् भने अमेरिका, स्वीट्जरल्यान्ड आदि देशहरू सङ्घात्मक छन् । पश्चिम युरोपका १७ वटा विकसित देशहरूमध्ये १३ वटा एकात्मक छन् । चीन एकात्मक छ । पूर्वी एसियाका देशहरूमध्ये मलेसियाबाहेक अरू एकात्मक छन् । अफगानिस्तान, फिलिपिन्स, इन्डोनेसिया, श्रीलङ्का आदि देशहरूमा पनि सङ्घात्मकतामा जानका लागि बहसहरू भएका छन् । श्रीलङ्कामा १६ वर्षदेखि लडाइँ पनि चलिरहेको छ । तर, तिनीहरू त्यतातर्फ गएका छैनन् ।

संसारको इतिहास हेर्दा सङ्घात्मक व्यवस्था मूलतः अत्यन्त ठूला उपनिवेशबाट मुक्त भएका देशहरूमा देखिन्छ । अमेरिका, क्यानाडा, अस्ट्रेलिया, भारत, पाकिस्तान, ब्राजिल, अर्जेन्टिना, मेक्सिको, मलेसिया आदि देशहरू यसका उदाहरणहरू हुन् । साम्राज्यवादी देशहरूबाट मुक्त भएका यी देशहरू मुक्त भएको अवस्थामा सङ्घात्मक भए पनि व्यवहारमा भने विस्तारै एकात्मकतातर्फ गएको देखिन्छ । नेपालभन्दा एक सय २१ गुना ठूलो रुसमा अहिले एकात्मकतातर्फ जानुपर्छ भन्ने अभियान चल्न थालेको छ । चुनिएर बन्ने राज्यहरूका गभर्नरहरू केन्द्रबाटै मनोनीत गर्न थालिएको छ । संसारका अधिकांश देशहरूमा अहिले आत्मनिर्णयको अधिकारको आधारमा विभाजित हुने अधिकार दिइएको देखिँदैन ।

दार्शनिक रूपमा सङ्घवादको प्रतिपादन जोहान्स अल्थ्युइसले ल्याएको देखिन्छ भने यसलाई लुडोल्फ ह्युगो, इमानुयल कान्ट, डेबिड ह्युम, जे.एस.मिल आदिले उठाएको देखिन्छ । रुसो भने यस विचारको विपक्षमा रहेको कुरा पनि सङ्घवादको इतिहासबाट देखिन्छ ।

**विकेन्द्रीकरण र सङ्घवाद**

विकेन्द्रीकरण र सङ्घवाद भनेका बिलकुल फरक-फरक कुराहरू हुन् । सङ्घवादले सबभन्दा पहिले सङ्घभित्र भएका एकाइहरूलाई स्वतन्त्रता प्रदान गर्दै सम्फौताका आधारमा मात्र एक हुने कुरा गर्दछ । सङ्घवादमा राज्यहरूको आत्मनिर्णयको अधिकार हुन्छ । यहाँ आत्मनिर्णयको अधिकार भन्नाले उक्त सङ्घभित्र रहने वा स्वतन्त्र राज्य हुने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार हो । हरेक राज्यले उक्त सङ्घमा बस्ने वा नबस्ने भन्ने कुराको निर्क्योल गर्न पाउँछन् । अधिकतम रूपमा त्यसका लागि जनमतसङ्ग्रह हुने गर्दछ । हरेक एकाइलाई स्वतन्त्र नमानीकन सङ्घ बन्नै सक्तैन । यो आत्मनिर्णयको अधिकार कुन बाटो बनाउने वा नबनाउने भन्ने सम्बन्धमा होइन, सङ्घीय राज्यमा रहने कि अलग राज्य बनाउने भन्ने सम्बन्धमा हो । राज्यहरूलाई सङ्घभित्र गाभिसकेपछि पनि सामूहिक रूपमा निर्णय गरी कुनै पनि बेला उक्त सम्फौता भङ्ग गरी राष्ट्र स्वतन्त्र हुनसक्छ । सङ्घीयताअन्तर्गत देशको सार्वभौम सत्ता केन्द्र र राज्यहरूमा बाँडिएको हुन्छ । सङ्घवादमा राज्यहरूले दिएको अधिकार मात्र केन्द्रले प्रयोग गर्न पाउँछ । यसअन्तर्गत केन्द्रको अधिकार क्षेत्रसम्म आउँछ तर त्यहाँबाट तल जान्छ, जाँदैन भन्न सकिँदैन । भारतका विहारलगायत कतिपय राज्यहरू, पाकिस्तान आदिमा स्थानीय तहहरूको कुनै भूमिका छैन ।

सङ्घको परिभाषा दिँदा सङ्घ, अर्धसङ्घ पनि भन्ने गरिन्छ । स्वायत्त क्षेत्रका रूपमा रहेका तर आत्मनिर्णयको अधिकार नभएको अवस्थालाई अर्धसङ्घ भनिएको हो तर वास्तवमा अर्धसङ्घ भन्ने हुँदैन । सङ्घ भन्नेबित्तिकै स्वतन्त्र युनिटहरूको संयुक्त रूप भन्ने बुझिने भएकाले त्यो पूर्ण नै हुन्छ, अर्ध हुँदैन । त्यसैले अर्धसङ्घ भन्नुभन्दा स्वायत्त प्रदेश भन्नु राम्रो हुन्छ ।

माथि उल्लिखित कुराहरूका विपरीत विकेन्द्रीकरणअन्तर्गत सार्वभौम सत्ता केन्द्रमा रहेको हुन्छ । केन्द्रले आफ्नो सहयोगका लागि कतिपय कामहरू खासगरी सेवा प्रवाहसम्बन्धी, स्थानीय तहलाई हस्तान्तरण गर्दछ । त्यस्ता अधिकारहरूमा राजस्व उठाउने, विकास निर्माणका कामहरू गर्ने, कतिपय नियम कानुनहरू बनाउने आदि पर्दछन् । राज्यका तीन काम स्थिरता प्रदान गर्ने, पुनर्वितरण गर्ने र सेवाप्रवाह गर्नेमध्ये थोरैबाहेक सबै काम तल्लो तहमा दिइएको हुन्छ । विकेन्द्रीकरणअन्तर्गत राज्यबाट आफूलाई अलग गरी अर्को राज्य बनाउने अधिकार रहेको हुँदैन । यसबाहेक अन्य विकाससम्बन्धी कुराहरूमा भने आत्मनिर्णयको अधिकार रहेको हुन्छ । त्यसैगरी विकेन्द्रित राज्य प्रणालीअन्तर्गत विभिन्न एकाइहरू केन्द्रको प्रतिद्वन्द्वीका रूपमा होइन, सहयोगीका रूपमा रहन्छन् । जबकि, सङ्घात्मक व्यवस्थामा एकाइहरू पनि सङ्घका प्रतिद्वन्द्वीका रूपमा रहेका हुन्छन् ।

**समावेशी राजनीति र सङ्घवाद**

अहिले समावेशी राजनीति र सङ्घवादलाई एउटै हो कि भन्ने हिसाबले हेरिन्छ । सार्वभौम सत्ता धेरै ठाउँमा बाँड्ने हिसाबले हो भने सङ्घवाद समावेशी हो, होइन धेरैभन्दा धेरै जनतालाई राजनीतिको मूल प्रवाहमा ल्याउने हिसाबले हो भने सङ्घवाद समावेशी हुँदैन । यसले केही नेताहरूलाई राज्यका मन्त्री र मुख्यमन्त्री अवश्य बनाउला तर त्यसले मूल प्रवाहीकरणमा कुनै असर गर्दैन । अहिले भइरहेको राज्यको ढाँचामा एउटा तह थपिनाले मात्रै समावेशी हुने र त्यो नथपिनाले समावेशी नहुने भन्ने सवाल आउँदैन । समावेशी राजनीति भनेको देशका हरेक क्रियाशील नागरिकलाई सक्रिय गराई देश निर्माणका प्रक्रियामा सहभागी गराउनु हो । आर्थिक, शैक्षिक, भौतिक तथा सामाजिक कारणले पछि लागेकाहरूलाई मूल प्रवाहमा ल्याउनु हो । सङ्घीय ढाँचा हुनु र नहुनुले समावेशितामा कुनै असर पार्दैन ।

**मार्क्सवाद र सङ्घवाद**

मार्क्सले कम्युनिस्ट पार्टीको घोषणापत्रको पहिलो वाक्य नै आजसम्मको संसारको इतिहास वर्ग सङ्घर्षको इतिहास हो भनेका छन् । वर्ग सङ्घर्षको इतिहास भनेको आर्थिक कुराहरूमा हुने र नहुनेबीचको इतिहास हो । कम्युनिस्टहरूले यही सिद्धान्तलाई अनुशरण गर्दै गरीबहरू एक हुनुपर्छ भन्ने आह्वान गर्दै आएका हुन् । मार्क्सकै शब्दमा 'संसारका मजदुर एक हौँ' भन्ने नाराले यही कुरालाई इङ्गित गर्दछ । यही कारणले नै कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी मानिन्छन् ।

मार्क्स सङ्घवादको पक्षमा रहेका छैनन् । उनले जहिले पनि अन्तर्राष्ट्रियवाद र वर्गीय एकतालाई जोड दिँदै आएका छन् । लेनिनले राष्ट्रहरूको आत्मनिर्णयको अधिकार भने पनि उनको त्यो भनाइ मूलतः तानाशाही जार शासनबाट पीडित राज्यहरूलाई मुक्त गराउनका लागि लगाइएको नारा थियो । लेनिनले राष्ट्रहरूको आत्म निर्णयको अधिकार भनेका थिए, जातहरूको होइन । यहाँ राष्ट्र र जात फरक-फरक कुरा हुन् भन्ने बुझ्नुपर्छ । राष्ट्र भनेको एउटै भूभागमा बस्ने, एकै किसिमको आर्थिक व्यवस्थामा समाहित, एउटै मनोविज्ञान बोक्ने, एउटै मूलतः संस्कृति र भाषा मान्ने मानिसहरूको समूह हो भने जात भन्नाले एउटै संस्कृति र भाषाअन्तर्गतका तर पूर्णरूपमा आर्थिक, सामाजिक, मनोवैज्ञानिक हिसाबले एकीकृत

नभइसकेका मानिसहरूको समूह हो। भन्न खोजेको के हो भने लेनिन पनि जातीय मुक्तिका हिमायती होइनन्। रोजा लक्जेम्बर्गलगायत अन्य धेरै कम्युनिस्टहरूले पनि जातीय आत्मनिर्णयको अधिकारको कुरालाई विरोध गरेका छन्।

नेपालमा पुष्पलालले जातीय आत्मनिर्णयको अधिकारको कुरा गर्नुभएको छ। तर, उहाँले आफ्ना लेखमा प्रयोग गर्नुभएको जात भन्ने शब्द राष्ट्रको हिसाबले आएको छ। जस्तो : उहाँको लेखमा जातीय उद्योग भन्ने शब्द छ। कहीं जातीय उद्योग हुन्छ ? हुँदैन। यहाँ भन्न खोजिएको राष्ट्रिय उद्योग हो। त्यस्तै, उहाँले मुलुकको उद्योग व्यवसाय जातीय पुँजीपतिहरूमार्फत चलाउन सहयोग गर्ने, निकासी-पैठारी, व्यापार हिन्दुस्तानी पुँजीपतिहरूको हातबाट खोसी जातीय व्यवसायी-व्यापारीमार्फत चलाउने, जातीयकरण भएका तथा सरकारी उद्योग सञ्चालन समितिहरूमा मजदुरहरूको सहयोग र प्रतिनिधित्व राख्ने आदि भन्नु भएको छ। यहाँ पनि जातिलाई राष्ट्रका रूपमा लिइएको भन्ने बुझिन्छ। उहाँ फेरि भन्नुहुन्छ- 'जातिहरूको आत्मनिर्णयको अधिकारलाई हाम्रो पार्टी स्वीकार गर्दछ। तर, हाम्रो पार्टी सङ्कीर्णवादी जातीयताका विरुद्ध छ। एउटा जातिलाई अर्को जातिका विरुद्ध उचाली सबै जनताको संयुक्त विरोध कमजोर पार्ने साम्राज्यवादी तथा सामन्तवादीहरूको कामलाई खत्तम गर्नमा हाम्रो पार्टीको दृढ सङ्कल्प छ।'

मार्क्सवादीहरूको विपरीत सङ्घीय ढाँचाको वकालत गर्ने काम अराजक क्रान्तिकारीहरूले गरेका छन्। प्रुधौं तथा बाकुनिन यसका उदाहरण हुन्। उनीहरू त्यस्ता क्रान्तिकारी मानिन्छन्, जसले राज्यलाई अनावश्यक यन्त्र ठान्दछन् र त्यसलाई ढुट्याउनु पर्दछ भन्दछन्। राज्यविहीनता वा कमजोर सङ्घीयतामा आधारित समाज व्यवस्था उनीहरूको अभीष्ट हो।

तलको नक्सामा देखाइएको अँध्यारो भाग र फुस्रो भागले क्रमशः संसारमा भएका एकात्मक र सङ्घात्मक देशहरूको स्थिति देखाउँछ। रुस, भारत आदि देशहरूमा वास्तविक सङ्घात्मक व्यवस्था नभएता पनि तिनीहरूलाई नक्सामा भने सङ्घात्मकको क्षेत्रभित्र राखिएको देखिन्छ।

**सङ्घवाद र सामन्तवाद**

नेपालमा अहिले एकात्मक राज्य र सामन्तवाद तथा पुँजीवाद तथा सङ्घीयता एउटै कुरा हुन् भन्ने बुझाइ रहेको पाइन्छ। वास्तवमा सामन्तवाद र एकात्मक राज्य संरचना तथा पुँजीवाद र सङ्घीयताबीचमा गोरु बेचेको पनि साइनो छैन। साइनो हुँदो हो त पुँजीवादको सबैभन्दा पहिले विकास भएका पश्चिम युरोपका १७ वटा राज्यहरूमध्ये खास रूपमा भन्ने हो भने तीनवटा (स्वीट्जरल्यान्ड, जर्मनी र अस्ट्रिया) र अर्धस्वायत्त खालको समेत हेर्दा थप दुई (बेल्जियम र स्पेन) मात्र रहने थिएनन्। त्यस्तै संसारका करिब दुई सय राज्यहरूमध्ये खास अर्थमा सङ्घीय रूपमा रहेका करिब २५ वटा राज्यहरू मात्र रहने थिएनन्। यदि एकात्मक राज्य र सामन्तवाद एउटै भएको भए चीन, कोरिया, ताइवान, थाइल्यान्ड, सिङ्गापुर आदि देशहरूमा पुँजीवादको विकास हुने थिएन। एकात्मक राज्य जापान संसारको दोस्रो नम्बरको औद्यौगिक राष्ट्र बन्ने थिएन। वास्तवमा एकात्मक राज्यव्यवस्था र सामन्तवादमा धेरै अन्तर छ। एउटाले सार्वभौमसत्ता एकै ठाउँ केन्द्रमा रहेको राज्यको ढाँचा बताउँछ भने अर्कोले जमिनमा आधारित र आफू काम नगर्ने तर अरूको श्रम शोषण गरी मोजमस्ती गर्ने कुरालाई जनाउँछ। एउटाले सार्वभौम सत्ता एउटा व्यक्तिमा रहने कुरा गर्दछ भने अर्कोले एक ठाउँमा रहने कुरा गर्दछ।

त्यसैगरी पुँजीवाद र सङ्घीयता पनि फरक-फरक कुरा हुन्। पुँजीवादको माऊ अमेरिका सङ्घीय राज्य व्यवस्थाको पनि एउट थालनीकर्ता रहनु एउटा संयोग मात्र हो। पुँजीवाद भन्नाले पुँजीमा आधारित उत्पादन व्यवस्था भन्ने बुझिन्छ भने सङ्घीयता भन्नाले राज्य र केन्द्र सरकारका बीचमा शक्ति बाँडफाँट, सार्वभौमसत्ताको विभाजन र सम्झौतामा आधारित राज्य व्यवस्था भन्ने बुझिन्छ। एकात्मक व्यवस्था पुँजीवादको विकासका लागि अक्सर सहज हुन्छ भने सङ्घात्मक व्यवस्थामा प्रान्तहरूको आ-आफ्नै आर्थिक नीति नियम र सरकार हुने भएकाले त्यति सहज नहुन सक्छ।

सङ्घीयता र प्रजातन्त्रका बीचमा पनि खास सम्बन्ध छैन। सङ्घीय राज्यहरू पनि राजतन्त्रात्मक, निरङ्कुश र सैनिक सरकारहरूअन्तर्गत रहेका हुन सक्छन्। बरु पुँजीवाद र प्रजातन्त्रका बीचमा भने सकारात्मक सम्बन्ध रहेको हुन्छ। जति पुँजीवादको विकास हुँदै गयो, त्यसले त्यति नै स्वतन्त्रता खोज्दछ।

**सङ्घात्मकतामा जानुका कारणहरू र टिक्ने आधारहरू**

संसारमा सङ्घीय व्यवस्थाको सुरुवात दुई किसिमबाट भएका छन्। पहिलो एकताको आवश्यकताले र दोस्रो विभाजनको आवश्यकताले। अहिले भएका सङ्घीय देशहरूमध्ये धेरै एकताको आवश्यकताले वा इकोनोमी स्केल प्राप्त गर्नका लागि सङ्घीय भएका हुन्। सङ्घीयताको सन्दर्भमा जेठो देश स्वीट्जरल्यान्ड, साना-साना गाउँ राज्यका रूपमा रहँदा असुरक्षा हुने महसुस गरी सन् १२९१ मा महासङ्घको ढाँचाको संयन्त्र बनाई एक भएको र त्यसैअनुसार शासन चलाउँदै आएको हो। सन् १८४८ मा उक्त महासङ्घलाई अझै बलियो बनाउनका लागि त्यसभित्रका क्यान्टनहरूले आफ्नो अधिकार कटौती गरी केन्द्रलाई हस्तान्तरण गरेपछि महासङ्घ भनेता पनि स्वीट्जरल्यान्ड सङ्घका रूपमा रहेको छ। यसमा हाल २६ क्यान्टन छन्। अहिले पनि त्यहाँ केन्द्रीय सरकारलाई अझै बलियो बनाउने कुराहरू आइरहेका छन्। अमेरिका पनि यही सिद्धान्तअनुसार बनेको हो। सन् १७७६ मा बेलायतबाट स्वतन्त्र भएपछि बेलायती उपनिवेशअन्तर्गत रहेका विभिन्न राज्यहरूको खुकुलो खालको महासङ्घ बनाइएको थियो। पछि सन् १७८७ मा संविधान तयार गर्दा केन्द्रलाई अझै बलियो बनाउनुपर्ने महसुस गरी सोहीअनुसार राज्यहरूले आफ्ना अधिकारहरू केन्द्रतर्फ बढाएका हुन्। क्यानाडा, ब्राजिल, अर्जेन्टिना, अस्ट्रेलिया, जर्मनी, भारत, रुस आदि सबै देशहरूले स्थापनाका बेलामा भन्दा केन्द्रलाई निकै बलियो बनाउँदै लगेका छन्। सरकारलाई बलियो बनाउने काममा सर्वोच्च अदालतले पनि सहयोग गरेको छ। एक हिसाबले भन्दा अहिले यी देशहरूमा एकात्मक राज्यमा जस्तै केन्द्रीय सरकार बलियो रहेको छ। साह्रै ठूला देशहरू भएकाले एकात्मकतामा बदल्न नमिलेको मात्र हो। त्यसमा पनि रुसले त यो

प्रक्रिया अघि पनि बढाएको छ । त्यहाँ क्षेत्रीय गभर्नरहरू चुनावद्वारा निर्वाचन हुने गरेकोमा अहिले मस्कोद्वारा नै मनोनयन गर्न सुरु गरिएको छ ।

एकात्मकताबाट परिवर्तन भएर सङ्घात्मकतातिर जाने प्रचलन छ । यसअन्तर्गत एकात्मक राज्यलाई विभिन्न भागमा विभाजन गरिन्छ । खासगरी जातीय, भाषिक आदि कुराहरूका आधारमा यो विभाजन हुने गरेको छ । एकात्मकबाट सङ्घात्मकतिर गएका देशहरू अत्यन्त कम छन् । पूर्ण सङ्घात्मक नभए पनि केही स्वायत्ततातिर गएका देशहरूमा बेल्जियम र स्पेन पर्दछन् । सोभियत सङ्घको सङ्घात्मक स्वरूपबाट छुट्टिएर रुस पुनः सङ्घात्मक स्वरूपमा गएको हो । सोभियत सङ्घबाट विभाजित अन्य राज्यहरू एकात्मक नै छन् ।

इतिहासले के देखाउँछ भने सङ्घात्मक वा एकात्मकताबाट स्वायत्त क्षेत्रका रूपमा विभाजित हुनेहरूको स्थिति बुँगोको जस्तो हुँदो रहेछ । एउटालाई छुट्यायो, त्यसपछि अर्को आउँछ, त्यसलाई पनि छुट्यायो, फेरि अर्को आउँछ । रुसको स्थिति अहिले त्यही भएको छ । सन् १९१८ मा पोल्यान्ड र फिनल्यान्ड अलग भए । पछि १५ वटा देशमा विभाजन भए । रुस सोभियतसङ्घबाट अलग भयो तर अहिले उसबाट पनि चेचन्यालगायतका क्षेत्रहरू छुट्टिन कोसिस गरिरहेका छन् । युगोस्लाभियाबाट छुट्टिएको सर्बिया मोन्टेनेग्रोको स्थिति पनि त्यही भएको छ । अहिले सर्बिया र मोन्टेनेग्रो पनि छुट्टिएका छन् । स्पेनले पनि आफ्ना कतिपय क्षेत्रहरूलाई स्वायत्तता दिएको छ तर त्यहाँ पनि केटालाना आदि क्षेत्रहरूमा अलग हुने अभियान चलिरहेको छ । संसारका धेरै देशहरूमा यस्तो भइरहेको छ, कतिपय हामीलाई थाहा नभएको होला ।

दुई किसिमबाट सङ्घात्मक भएकाहरूमध्ये एकताको आवश्यकताले सङ्घात्मक भएकाहरू दिगो रूपमा रहेका छन् भने टुक्रिएर सङ्घात्मकमा गएकाहरू टिक्न सकेका छैनन् । त्यसरी नटिक्नुको मूल कारण एउटा सिद्धान्तका रूपमा कुनैलाई स्वायत्तता दिइसकेपछि अर्कोलाई किन नदिने भन्ने प्रश्न उठ्नु नै हो ।

दुई किसिमका देशहरू सङ्घात्मक रूपमा टिकेका देखिन्छन् । पहिलो, प्राकृतिक स्रोतहरू अत्यन्त धेरै भएकाहरू र दोस्रो आकारमा अत्यन्त ठूलाहरू । जस्तो अमेरिका, ब्राजिल, भेनेजुयला, अस्ट्रेलिया, जर्मनी, अर्जेन्टिना, मेक्सिको, क्यानाडा, रुस आदि यसका उदाहरणहरू छन् । यी देशहरू साधनस्रोत तथा आकार दुवैमा ठूला छन् ।

**नेपाल र सङ्घवाद**

नेपालको सन्दर्भमा सङ्घीयताको सन्दर्भ नौलो कुरा हो । नेपालीले यसका बारेमा धेरै कुराहरू बुझ्न बाँकी छ । सङ्घीय ढाँचामा जानुभन्दा पहिले संसारमा यसको अनुभव कस्तो छ, कस्तो देशमा यो सफल हुन सक्छ, यो प्रगतिशील कुरा हो/होइन र नेपालका सन्दर्भमा यो उपयुक्त छ/छैन भन्ने सम्बन्धमा ध्यान दिनु आवश्यक छ । लेखकलाई नेपालमा सङ्घीय व्यवस्था उपयुक्त छैन भन्ने लागेकाले सबैको ध्यानाकर्षणका लागि यो लेख तयार भएको छ । एकात्मक व्यवस्थाबाट सङ्घात्मक व्यवस्थामा जाने व्यवस्था निकै गम्भीर खालको भएकाले सात वर्षकी बच्चीको विवाहजस्तो हिसाबले खेलखेलमा हुने र जिन्दगीभर पछुताउने स्थिति नहोस् भन्ने लेखकको चाहना हो । नेपाललाई सङ्घीय व्यवस्थामा लैजानुभन्दाअघि सोच्नुपर्ने कुराहरू यसप्रकार छन् :

- सङ्घीय राज्य सफल हुनका लागि शिक्षित जनता, सुहाउँदो खालको आर्थिक समानता र अवसर, देशका बारेमा पूर्ण सचेत र देशको इतिहासप्रति गर्व गर्ने नागरिक, सांस्कृतिक विविधतालाई स्वीकार्ने परम्परा, देशको समग्र भागमा यातायात तथा सञ्चारले पूर्णरूपमा बाँधिएको अवस्था, अन्तर्राष्ट्रिय व्यापारका लागि समुद्री मार्ग र उपयुक्त हवाई यातायातको व्यवस्था, प्रस्टसँग छुट्याउन सकिने राजस्वका स्रोतहरू र त्यस्तो प्रजातान्त्रिक सरकार जसले सङ्घीयताको कुरालाई राम्रोसँग बुझोस् । यसका लागि राष्ट्रियताले ओतप्रोत पूरा राष्ट्रलाई एकताबद्ध सूत्रमा बाँध्न सक्ने बलियो नेतृत्व पनि हुनुपर्छ । भारतमा जवाहरलाल नेहरू, तात्कालीन युगोस्लाभियामा टीटो, तत्कालीन सोभियत सङ्घमा स्टालिन आदि बलिया नेताहरू र त्यसैअनुसारको एकछत्र प्रभाव भएको राजनीतिक पार्टी आवश्यक हुन्छ । त्यसो भएमा मात्र पूरा राष्ट्रलाई एउटै मालामा गाँस्न सकिन्छ । नेपालमा अहिले त्यस प्रकारको नेतृत्व र पार्टी दुवै छैनन् । खण्डित विश्वासका पार्टी र नेतृत्वसहितको अवस्थामा सङ्घीयताले विभाजनलाई अझ प्रबल बनाउने हुन्छ ।
- सामन्तवादको शोषणले नेपाल आर्थिक रूपमा पछि परेको हो, एकात्मक सरकारका कारणले होइन । त्यसैगरी सङ्घीयताले विकासलाई अघि बढाउँछ र एकात्मकताले गर्न सक्तैन भन्ने कुनै ठोस प्रमाण छैन । भेनेजुएलाको सङ्घीय शासन व्यवस्थाभन्दा कोलम्बियाको एकात्मक व्यवस्थामा जनताले स्थानीय जनतालाई बढी अधिकार छ भन्ने गरिन्छ । सङ्घीयताले दिने फाइदा एकात्मक राज्यअन्तर्गतको पूर्ण विकेन्द्रीकरणले पनि दिन सक्तछ ।
- सङ्घीय संरचनामा जाने अधिकांश देशहरू अलगअलग राज्यहरूबाट एक भएका हुन् । अमेरिका, स्वीजरल्यान्ड, सोभियत सङ्घ, भारत आदि त्यसका नमुना हुन् । यहाँ विभिन्न स्वतन्त्र देशहरूका बीचमा भएको सम्झौताका आधारमा सङ्घ बन्दछ । यो सङ्घ एकताका लागि बन्दछ । यसको विपरीत हामीकहाँ बन्ने सङ्घ विभाजनको हिसाबले आउँदैछ । यस्तो सङ्घले जातीय तथा सामाजिक सद्भावलाई खल्बल्याउने हुन्छ ।
- केहीलाई छोडेर संसारका धेरै सङ्घीय देशहरू ठूलाठूला आकारका छन् । ठूला देशहरूमा सरकारलाई जनताको नजिक लैजानका लागि सङ्घीयताको व्यवस्था गरिन्छ । नेपाल त्यति ठूलो छैन, जसलाई मनग्गे राज्यमा बाँड्न सम्भव होस् । युरोपबाहेक तेस्रो विश्वमा स्वतन्त्र खालको कुनै पनि सङ्घीय देश त्यत्रो छैन, जुन नेपालजत्रो वा सोभन्दा सानो होस् । सानो देशमा सङ्घीय व्यवस्था आर्थिक रूपले पनि उपयुक्त हुँदैन । युरोपमा साना सङ्घीय राज्य भए तापनि ती देशहरू युरोपियन युनियनमा एकाकार पनि हुँदैछन्, जुन कुराको हामीकहाँ कमी छ ।

- देशको एउटा क्षेत्रलाई अर्को क्षेत्रको आवश्यकता पर्ने परस्पर निर्भर भौगोलिक अवस्था भएको ठाउँमा मात्र सङ्घीय व्यवस्था सफल हुन सक्छ । नेपालको सन्दर्भमा तराईका लागि पहाडी र हिमाली ठाउँहरू नभए पनि चल्ने तर हिमाली र पहाडी जिल्लाहरूलाई तराई नभई नहुने भएकाले एकअर्कामा निर्भर रहने स्थिति रहेन । नेपालको भू-राजनीतिक अवस्था सङ्घीयताअनुरूपको छैन । त्यस्तै एकतर्फी ढल्केको र तराई क्षेत्रबाट नै नेपाल प्रवेश हुने र पहाडमा खासै साधन स्रोत नभएकाले तराईलाई छुट्टै राज्य बनाइएको अवस्थामा समस्या सिर्जना हुन सक्छ । हरेक क्षेत्रको पहाडी राज्यले समस्या भोग्नुपर्ने हुन्छ । सामन्तवादले गरेको गल्तीको सजाय पहाडका जनतालाई भोगाउने कुरा ठीक होइन ।
- अनुसन्धानहरूले के देखाएका छन् भने जुन देशमा जातीय विविधता बढी छ, त्यस देशको आर्थिक विकास ढिलो हुन्छ । ढिलो हुनुका मूल कारणहरूमा विविधताले ल्याउने द्वन्द्व हो । यस्ता द्वन्द्वहरूले देशमा स्थिरता आउन नदिने भएकाले आर्थिक गतिविधिको गति ढिलो खालको हुन्छ । नेपालमा पनि यो अवस्था आएकै हो, सङ्घीयतातर्फ गइसकेपछि यस्ता द्वन्द्वहरू झन् बढ्ने भएकाले विकासका लागि यो अझ अवरोध हुनसक्छ । यतातर्फ सबैको ध्यान जानुपर्छ ।
- नेपालमा विभिन्न जातजाति छन् तर विभिन्न राष्ट्रहरू छैनन् । छ भने नेपाल मात्र एउटा राष्ट्र हो । केही व्यक्तिहरूले तराईलाई राष्ट्रका रूपमा लिनु हुन्छ तर राष्ट्रका लागि चाहिने तत्त्वहरू त्यहाँ छैनन् । साथै, नेपालको जनसङ्ख्याको बनोट र जातजातिको स्थिति हेर्दा कुनै पनि क्षेत्रलाई कुनै जातिको राज्य बनाउन आवश्यक बहुमत जनसङ्ख्या देखिँदैन, बनाएमा अर्को जातिको अधिकार हनन् हुने देखिन्छ । त्यस्तै सङ्घीयताले पनि सबै जात-जाति र भाषा-भाषीलाई ठाउँ दिन सक्तैन । चेपाङ्ग, राउटे, कुमाल, धिमाल, थामी, राजवंशी, सम्पूर्ण दलितहरू, महिला आदि सबैको अलगअलग राज्य बनाउन सकिँदैन ।
- यो महँगो प्रणाली हो । नेपालको वर्तमान अवस्थाले धेरै सरकारहरू थाम्न सक्दैन । हरेक राज्यमा पुलिस, संसद्, लोकसेवा, निर्वाचन आयोगलगायतका कार्यालयहरू र त्यसका मातहतका सरकारहरूको कारणले उठेको राजस्व सबै साधारण खर्चमा नै जाने हुन्छ । अहिलेकै अवस्थामा पनि त्यही भइरहेको छ भने प्रान्तहरूको संरचना थपिएमा त्यसले झन् बढी भार थप्दछ ।
- हाम्रो विगतको अनुभवले के देखाएको छ भने विकासशील देशहरूमा सार्वभौमसत्ता धेरै ठाउँमा रहने स्थिति दिनुहुँदैन । ०४७ सालको संविधानले संसद्मा राजाको सिद्धान्त ल्यायो । यसको अर्थ संसद्मा रहने सार्वभौमसत्ता राजा र संसद्मा रह्यो । फलतः संसद् विघटनको अवस्था सिर्जना गरी सार्वभौमसत्ता आफ्नो हातमा लिने काम भयो, जुन सार्वभौमसत्ता प्राप्त गर्नका लागि २१ नेपालीहरूको बलिदानलगायत हजारौं व्यक्तिहरूले अङ्गभङ्गको स्थिति बेहोर्नुपर्‍यो ।
- सङ्घीयताले क्षेत्रीय असमानता पनि बढाउँछ । सङ्घीयतापछि धनी क्षेत्र झन् धनी हुन्छन् भने गरिब क्षेत्र झन् गरिब । आर्थिक विकासले पनि यो असमानतालाई कम गर्न सक्तैन । यसले गर्दा राज्यहरूको बीचमा अलगावको भावना बढ्दै जान्छ । त्यसैगरी विभिन्न क्षेत्रहरूको बीचमा लगानी बढाउने नाउँमा अनावश्यक प्रतिस्पर्धा बढाउँछ, जसले गर्दा उत्पादन कुशलता पनि घट्न जान्छ ।
- नेपालको राजस्वको झन्डै तीन चौथाइ हिस्सा काठमाडौं, वीरगन्ज, भैरहवा र विराटनगरबाट उठ्छ । यीबाहेक अन्य राज्यले आफूलाई चलाउने आधार अत्यन्त कम देखिन्छन् । यसो भएमा दुर्गम ठाउँ अझ दुर्गम हुने स्थिति आउँछ भने केही ठाउँहरू सम्पन्न हुँदै जाने स्थिति देखिन्छ । यसले गरिब ठाउँलाई झन् गरिब बनाउँछ, जसले विभाजनलाई नै मद्दत गर्दछ ।
- हामीलाई थाहा छ, नेपालमा जहिले पनि सामन्तवादले आफूलाई एकताको प्रतीकका रूपमा मान्दै आएको छ । त्यो सामन्तवाद अहिले पनि बाँचिरहेको छ । ०६३ को आन्दोलनले यसलाई पाखा लगाएको छ, अन्त्य गराएको छैन । प्रधानमन्त्रीले त्यसलाई जोगाउन खोजिरहेका सम्बन्धमा भोलि सङ्घीयताको नाउँमा विभिन्न राज्यहरूमा नेपालको विभाजन र त्यसपछि जातीय, भौगोलिक, साधन स्रोत आदिका कारणले आउने द्वन्द्वमा सुँड छिराई एकताको प्रतीकको रूपमा सामन्तवाद पुनः बौरिने स्थिति आउन सक्छ । अहिलेको सेना पनि नेपाललाई खण्डीकरणको पक्षमा अवश्य रहने छैन । यसले अहिले पाएको उपलब्धिलाई फेरि शून्यतिर धकेल्ने सम्भावना पनि रहन्छ । अहिलेको आवश्यकता गणतन्त्र हो, सङ्घीयता होइन । प्रहारको निसानालाई त्यतै केन्द्रित गर्नुपर्छ ।
- नेपालले अहिलेसम्म आफ्नो थुप्रै धनराशि पूर्वाधार निर्माणमा खर्च गरेको छ । पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लाका आधारमा थुप्रै बाटाघाटा, पुलपुलेसा, सरकारी भवनहरू र निजी क्षेत्रका लगानीहरू भइसकेका छन् । एक किसिमको हिसाबले सहरीकरणको विकास भइसकेको छ । नेपालको पुनर्संरचना गर्दा पुराना कुराहरूलाई पूरै बिर्सिएर नयाँ कुराहरूमा जाँदा पुरानो पूर्वाधार संरचनाको अधिकांश हिस्सा काम नलाग्ने हुन पुग्दछ । हिजो सदरमुकामहरू परिवर्तन गर्दासमेत कतिपय बस्तीहरू उजाड भएका छन् भने भोलि नेपालको पुनर्संरचनामा कतिपय सदरमुकाम परिवर्तन हुने, नयाँ केन्द्रहरू विकास गर्नुपर्ने आदि स्थिति आउन सक्छ । देख्दा सानो भए पनि यो कुराले नेपालको आर्थिक विकासमा ठूलो असर पार्नेछ र पार्ने स्थिति पनि छ ।

**अहिलेको आवश्यकता**

विश्व बैंकले तेस्रो विश्वका आन्तरिक द्वन्द्व रहेका सबै देशहरूको अध्ययनपछि एउटा निष्कर्ष निकालेको छ, जसले भन्छ- 'द्वन्द्वको मूल कारण आर्थिक विकासमा असफल हुनु हो । त्यस्ता देशहरू जहाँ प्रतिव्यक्ति आय कम, स्थिर र असमान हिसाबले वितरण भएको र निर्यातका लागि प्राथमिक वस्तुहरू भएका देशहरूमा दीर्घकालीन द्वन्द्व हुने गर्दछ । आर्थिक विकासबिना न राम्रा राजनीतिक संस्थाहरू, न जातजातीय र धार्मिक एकरूपता, न सैनिक खर्चले ठूलाठूला द्वन्द्वविरुद्ध सुरक्षा गर्दछ । एकपटक एउटा देश द्वन्द्वमा फसिसकेपछि त्यो देश विस्तारै द्वन्द्वको भूमरीमा पर्दै जान्छ । एउटा भूमरीबाट निस्किएमा अर्को भूमरीमा

पर्दछ र यस्तो हुँदै रहन्छ ।' नेपालको नियति पनि यसभन्दा फरक देखिँदैन । माओवादी द्वन्द्व समाप्त भएपछि पनि नेपाल अब जातीय, धार्मिक, क्षेत्रीय द्वन्द्वमा पर्ने सम्भावना देखिँदैछ । यदि नेपाललाई आर्थिक रूपले विकासको पथमा अघि बढाउन सकिएन भने अहिलेको सङ्घीयताको विषयले यस्तै काम गर्नेछ । त्यसैले नेपालको अहिलेको आवश्यकता भनेको विभाजन होइन, एकता र विकास हो । यसभन्दा पनि मूल कुरो नेपाल विश्व व्यापार सङ्गठनमा प्रवेश गरेको छ ।

विश्वलाई नेपालको बजार खुला गरेको छ । यस्तो अवस्थामा विश्व पुँजीवादसँग आँखा जुधाउन सक्ने बनाउन नेपालमा पनि पुँजीको विकास गर्नु आवश्यक छ । त्यसका लागि सबैभन्दा पहिले देशका कुनाकाप्चामा सडक पुऱ्याउन, शिक्षा प्रणालीलाई एकरूप र गुणात्मक बनाउने, जलस्रोतको उचित हिसाबले उपयोग गर्ने, त्यसलाई बिजुली उत्पादनमा प्रयोग गर्ने र छिमेकी देशतर्फ निर्यात गर्ने आदि काम गर्दै राजनीतिक रूपले एक भए पनि आर्थिक रूपले अहिलेसम्म एकीकरण नभइसकेको नेपाललाई आर्थिक रूपले पनि एकीकरण गर्नुपर्नेछ । नेपालको विकास हुन नसक्नुको एउटा कारण नेपाली बजारको उपयुक्त हिसाबले विकास हुन नसक्नु हो । निर्यात क्षेत्र अत्यन्त कमजोर भएको हाम्रो देशमा, देशको अर्थतन्त्र विकासका लागि आन्तरिक बजारको विकास अत्यन्त आवश्यक छ । आन्तरिक बजारको विकासका लागि नै हामीले नगरपालिकाहरूले लगाउँदै आएको चुँगीकरको ढाट हटाएका हौं । जिल्ला विकास समितिले लगाउने कवाडी तथा प्राकृतिक साधन करहरूको पनि त्यसै आधारमा विकास हुँदैछ ।

देशलाई राज्यराज्यका रूपमा विभाजन गरिएमा तिनीहरूको आर्थिक स्थिति सुधार्नका लागि चुँगीकरबाहेक अन्य कुनै स्रोत रहने छैन । किनभने, राज्यहरूसँग अरू भरपर्दो आयका स्रोतहरू हुने छैनन् । यसले आन्तरिक बजारलाई पनि विखन्डित बनाउने छ र पुँजीको विकासका लागि पूर्ण अवरोध खडा गर्नेछ । युरोपका देशहरू बजार बढाउनका लागि युरोपियन युनियन, अमेरिका, चीन आदि देशहरू साफ्टा, हामी आफैं पनि साफ्टा, बिमस्टेक आदि ठूला सङ्गठनहरूमा गइरहेको अवस्थामा नेपालभित्र चाहिँ पुँजीवादको विकासमा अवरोध सिर्जना गर्नु मूर्खता सिवाय केही हुँदैन । यहाँ संसारका ठूलाठूला फेडरेसनहरू बजारवृद्धिका लागि बनेका थिए भन्ने पनि भुल्नु हुँदैन । नेपालमा जलस्रोतको विकासका लागि पनि विभाजन हुनु हुँदैन किनभने भारतमा तमिलनाडु र कर्नाटकको बीचको काबेरी विवादले अहिले पनि त्यहाँ जलस्रोत विकासका लागि बाधा सिवाय केही गरेको छैन । नदीको प्रकृति नै एक ठाउँबाट निस्कने र अर्को ठाउँमा पुग्ने भएकाले त्यसले दुईवटा राज्यहरूका बीचमा अवश्य पनि विवाद सिर्जना गर्दछ । भारत र नेपालको बीचको यही विवादको कारणले पनि नेपालले जलविद्युत् क्षेत्रमा विकास गर्न नसकेको हो भन्ने कुरा हामीले भुल्नु हुँदैन ।

**निष्कर्ष**

नेपालमा आठ भन्दा बढी धर्म, एक सय आठभन्दा बढी भाषा, एक सय तीन जातजाति तथा अनेकौं खालका संस्कृति रहेका छन् । यो बहुजातीय तथा बहुभाषीय राज्य हो । तर, यी जाति तथा भाषाहरूको एकीकरणबाट विस्तारै नेपाल राष्ट्र बन्ने क्रम पनि चल्दैछ । यो देश एकीकरणको सन्दर्भमा कतिपय ज्यादतीहरू भएका छन् तर अहिले यो सबैको देश हो । यसका दुःख तथा सुख सबैले बाँड्दै आएका छन् । निरङ्कुश राजतन्त्र र यसका मतियारहरूले विगतमा आफ्नो राज्य बलियो बनाउनका लागि नेपाली-नेपालीबीचमा विभेद सिर्जना गरेका छन् । खासगरी प्रशासनिक र सुरक्षाको क्षेत्रमा तराईवासीलाई, आर्थिक स्रोत र साधनको हिसाबमा कर्णालीवासीलाई, राजनीतिक क्षेत्रमा जनजातिहरूलाई यसले गरेको शोषणको विशेषता हो । यसबाहेक परम्परागत रूपमा दलित र महिला समुदायलाई गरिएको शोषण त छँदैछ । यी सबै शोषणहरूलाई समाप्त नगरे नयाँ नेपालको निर्माण सम्भव छैन । तर, विभाजनले र नयाँ विभेद सिर्जना गर्नाले पुरानो घाउ मेटिन्छ भन्ने कुरा सोच्नु गलत हुनेछ ।

विभाजनले पार्टीलाई बलियो बनाउँछ भन्ने सिद्धान्त एमालेकै सन्दर्भमा पनि गलत सावित भइसकेको छ । देशहरूका सन्दर्भमा पनि त्यही हो । नयाँ विभेदले नयाँ विभाजन ल्याउनेछ, नयाँ किसिमका घृणाहरूलाई जन्म दिनेछ, जसले समग्र प्रगतिमा सहयोग होइन, बाधा सिर्जना गर्दछ । मिलन र एकअर्काको समस्या बुझ्ने संस्कृति सुरु भएको अवस्थामा यो विभाजन ठीक होइन । बिरालो कुन रङको छ भन्दा पनि त्यसले मुसा मार्छ वा मार्दैन भन्ने कुरा प्रमुख हो । राष्ट्रलाई धर्मनिरपेक्ष राज्य घोषणा गर्नुलगायतका कतिपय विभेदहरूलाई हटाउनु यस एकीकरणको दिशामा एउटा सकारात्मक कदम हो भन्ने बुझी बाँकी तमाम समस्याहरूलाई समाधान गर्नु पर्दछ । सङ्घात्मक राज्यमा लगेपछि सबै समस्या समाप्त हुन्छ भन्नु गलत हुन्छ । यसले बरु नभएका समस्या सिर्जना गर्छ, जसको अहिले हामीले कल्पनासम्म गरेका छैनौं ।

देशको आर्थिक विकास नभएसम्म यी समस्याहरू आइरहन्छन् । त्यसैले हरेक कुरालाई विचार गर्दा आर्थिक कुराहरूलाई विचार गर्नुपर्ने हुन्छ । मार्क्सवादले भन्ने पनि त्यही हो । अहिले समाधान गर्न नसक्ने भए यस्ता समस्याहरूलाई केही समय थाती राखेमा पनि केही फरक पर्दैन । हतारमा गरेर फुर्सतमा पछुताउनुभन्दा फुर्सत लिएर सोचविचार गरी काम गर्नु राम्रो हुन्छ । यदि अहिले निर्णय गर्न सकिएन भने जनमतसङ्ग्रह वा संविधानसभामार्फत मात्र यो कुराको निर्णय हुनुपर्छ । प्रचण्डपथको यात्राबाट गोर्वाचोभको नियति भोग्न नपरोस्, यसतर्फ सबैले सोच्नुपर्छ किनभने सङ्घात्मक व्यवस्था एकताको सन्दर्भमा प्रगतिशील हुन्छ, विभाजनको सन्दर्भमा अधोगतिशील ।

# आ.व.२०६३/६४ को बजेट : एक विश्लेषण

' डा.गोविन्दबहादुर थापा

**बजेटका अङ्कहरूका सम्बन्धमा**

आर्थिक वर्ष आ.व.२०६३/६४ का लागि झन्डै एक खर्ब ४४ अर्ब रुपियाँको बजेट पेस गरिएको छ । यसमा चालू खर्च ५८.२ प्रतिशत, पुँजीगत खर्च ३१.३ प्रतिशत र साँवा भुक्तानी खर्च १०.५ प्रतिशत छ । आ.व. २०६१/६२ देखि मात्र सरकारी ऋणको साँवा भुक्तानी खर्च यसरी छुट्टै देखाउने गरिएको हो । त्यसअघि यो खर्च पनि चालू खर्चमै समावेश गर्ने गरिन्थ्यो । त्यसैले यसलाई पनि चालू खर्चमा समावेश गर्ने हो भने यो वर्ष चालू खर्च कुल खर्चको ६८.७ प्रतिशत हुन्छ । यसरी सरकारको कुल खर्चमा चालू खर्च ६८.७ प्रतिशत र पुँजीगत खर्च १/३ भन्दा कममा झर्नु विडम्बनापूर्ण कुरा हो । दरबार र सुरक्षा खर्चमा आंशिक र राजपरिषद्को खर्चमा पूरै कटौती गर्दा पनि यस्तो स्थिति रहनु विडम्बनापूर्ण कुरा हो ।

यो बजेटमा अर्को विडम्बनापूर्ण स्थिति साधनका स्रोतहरूमा देखिएको छ । बजेटमा कुल पुँजीगत खर्च ४४ अर्ब ९८ करोड रुपियाँ अनुमान गरिएको छ भने वैदेशिक सहायता र आन्तरिक ऋण ५८ अर्ब ५४ करोड रुपियाँ अनुमान गरिएको छ । अर्थात्, कुल पुँजीगत खर्चभन्दा वैदेशिक सहायता र आन्तरिक ऋण रकम बढी छ । यसबाट वैदेशिक सहायता र आन्तरिक ऋणको रकमबाट चालू खर्च बेहोरिएको प्रस्ट हुन्छ । अर्को शब्दमा झन्डै सम्पूर्ण पुँजीगत खर्च वैदेशिक सहायताबाट मात्र बेहोरिएको छ भने आन्तरिक वा वैदेशिक ऋणबाट पुरानो ऋणको साँवा तिर्ने प्रस्ताव गरिएको छ । यसले सरकारको बित्त स्थितिको नाजुक अवस्था झल्काउँछ । हुन त शिक्षा (२१ अर्ब १८ करोड रुपियाँ) र स्वास्थ्य (सात अर्ब ८२ करोड रुपियाँ) क्षेत्रका विकाससँग सम्बन्धित ठूला खर्चहरू चालू खर्चअन्तर्गत राखिएकाले पनि चालू खर्च यसरी बढी देखिन गएको हो ।

बजेट ऐतिहासिक जनआन्दोलनको सफलता र लोकतन्त्रको बहालीको पृष्ठभूमिमा बनाइएको भएता पनि मूलभूतरूपमा यो बजेट निरन्तरताको बजेट हो । फरक केवल के मात्र छ भने यसमा केही राहत र लोक कल्याणकारी कार्यक्रमहरूको जलप लगाइएको छ । यो बजेटमा जनआन्दोलनको मर्मलाई छुन सक्ने कुनै पनि नयाँ र ठूला राहत र लोककल्याणकारी कार्यक्रम छैनन् । विगत केही समयदेखि मुलुकमा राज्यको पुन:संरचनाको सम्बन्धमा गम्भीर बहस र छलफल चलिरहेको छ । र, समयको माग पनि यही हो । तर, बजेटले राज्यको पुन:संरचनाका सम्बन्धमा कुनै सङ्केतसम्म गरेको छैन । यसले सरकार अर्थात् अर्थमन्त्री अर्थात् अर्थमन्त्रीको पार्टी राज्यको पुन:संरचनाका सम्बन्धमा गम्भीर छैन भन्ने कुराको सङ्केत गर्दछ ।

**दरबारको खर्चका सम्बन्धमा बजेट**

बजेटमा राजदरबारको खर्च जुन रूपमा घटाइएको भनिएको छ, त्यस आधारमा अर्थमन्त्री दरबारको खर्च कटौतीमा अपेक्षा गरिएअनुरूप भित्रैदेखि प्रतिबद्ध नभएको आभास पाइन्छ । राजाले सत्ता आफ्नो हातमा लिएपछि जुन रूपमा दरबारको खर्च बढाइयो, त्यस पृष्ठभूमिमा दरबारको खर्च कटौती गर्न सदनदेखि सडकसम्म चर्को आवाज उठ्यो । त्यसैको फलस्वरूप अर्थमन्त्री दरबारको खर्चका सम्बन्धमा केही न केही गर्न वाध्य भए । त्यसैअनुरूप अर्थमन्त्रीले ७४ करोड ९१ लाख रुपियाँबाट २१ करोड ९७ लाख रुपियाँमा अर्थात् दरबारले आ.व. २०६२/६३ मा गरेको कुल खर्चबाट ७०.७ प्रतिशतले घटाएँ भनेर देखाए । आ.व. २०६२/६३ मा दरबारले गरेको कुल खर्च ७४ करोड ९१ लाख रुपियाँको तुलनामा आ.व. २०६३/६४ मा २१ करोड ९७ लाख रुपियाँ मात्र विनियोजन गरिनु निश्चित रूपमा ठूलो कटौती हो । तर, यहाँनेर कुरा के छ भने अहिले विनियोजन गरिएको रकमलाई सानो देखाउन गत वर्षको मात्र थप निकासा गरिएको रकम उल्लेख गरियो । जबकि राजा ज्ञानेन्द्रले सत्ता लिएदेखि नै विभिन्न प्रयोजनमा घुमाइफिराई ठूलो रकम थप निकासा गर्ने गरिएको देखिन्छ । आफ्नी छोरी तथा भतिजीहरूको विवाह गरिएको वर्ष नै दरबारलाई झन्डै २० करोड रुपियाँ थप निकासा गएको कुरा सञ्चारमाध्यममा त्यतिखेर नै आइसकेको थियो । त्यसैले दरबारको खर्च कटौती गर्ने सम्बन्धमा अर्थमन्त्री इमानदार भइदिएको भए अघिल्ला वर्षहरूको समेत थप निकासाका रकमहरू बजेटमा उल्लेख गर्नुपर्ने थियो । साथै, यहाँ उल्लेख नगरी नहुने अर्को विषय के छ भने अर्थमन्त्रीले राजा र उनको परिवारका सदस्यहरूको भत्ता रकम एक पैसा पनि घटाएका छैनन् । घटाइएको छ त केवल प्रशासन र मर्मत, सम्भार शीर्षकअन्तर्गतको खर्च मात्र । अर्थमन्त्रीले दरबारमा जाने भत्ता रकम तीन करोड २७ लाख रुपियाँ यथावत् राखेका छन् । जुन आ.व. २०५९/६० मा तीन गुणाले बढाइएको थियो । अर्थात् आ.व. २०५८/५९ को १ करोड १० लाख २५ हजार रुपियाँबाट आ.व. २०५९/६० मा एकैचोटि तीन करोड पाँच लाख ७५ हजार रुपियाँ पुऱ्याइएको थियो । त्यसपछि आ.व. २०६०/६१ मा तीन करोड १८ लाख २५ हजार रुपियाँ र आ.व. २०६१/६२ मा तीन करोड २७ लाख रुपियाँ पुऱ्याइएको थियो । अर्थमन्त्रीले यो वर्ष पनि भत्ताका लागि त्यति नै रकम बजेटमा राखेका छन् । यसमा कटौती गरिएको छैन । अर्थात्, राजा ज्ञानेन्द्रले त्यतिखेर आफूखुसी तीन दोब्बर बढाएको भत्ता रकमलाई लोकतान्त्रिक अर्थमन्त्रीले सदर गरेका छन् । प्रतिनिधिसभा घोषणा-०६३ अनुसार राजाको भत्तामा पनि कर लाग्ने भएकाले नेपाल सरकारले उक्त घोषणाअनुसार दरबारबाट कर असुल गर्न सकेमा सो तीन करोड २७ लाख रुपियाँमा कम्तीमा पनि एकचौथाइ रकम करबापत घट्नेछ । अन्यथा, गत वर्षहरूमा झैँ दरबारलाई सो रकम जानेछ ।

भत्ताबाहेक दरबारलाई यो वर्ष १८ करोड ७० लाख रुपियाँबराबरको रकम प्रशासन तथा मर्मतसम्भारका लागि भनेर जाने भएको छ । जबकि आ.व. २०५८/५९ मा यस प्रयोजनका निमित्त १० करोड ५२ लाख ६० हजार रुपियाँ मात्र गएको थियो । आ.व. २०५९/६० मा यो रकम राजाले आफूखुसी तीन दोब्बरभन्दा बढीले बढाएर ३५ करोड ७३ लाख २५ हजार पुऱ्याएका थिए । आ.व. २०६०/६१ र २०६१/६२ मा ती रकमहरू क्रमश: २९ करोड ७३ लाख ५० हजार र २९ करोड ७३ लाख ७५ हजार रुपियाँ थिए भने आ.व. २०६२/६३ मा ३२ करोड २३ लाख ७५ हजार रुपियाँ थियो । यथार्थमा अर्थमन्त्रीले यही रकमलाई घटाएर १८ करोड ७० लाख रुपियाँमा झारेका हुन् । यसमा थप निकासाको रकम जोड्नु सान्दर्भिक हुँदैन । किनभने, यो वर्ष पनि वर्षभरिमा अर्थमन्त्रीले दरबारलाई यस्तो थप निकासा दिने छैनन् भन्ने कुराको ग्यारेन्टी छैन । दरबार यस्तो थप निकासा लिन खप्पिस भइसकेको छ ।

**रक्षा खर्चका सम्बन्धमा बजेट**

रक्षातर्फ थप निकासाबाहेक आ.व. २०६२/६३ मा १२ अर्ब १४ करोड ७९ लाख रुपियाँ खर्च भएको संशोधित अनुमान छ । आ.व. २०६१/६२ मा यो रकम झन्डै ११ अर्ब रुपियाँ थियो । यो वर्ष रक्षाका लागि १० अर्ब ३६ करोड ६२ लाख रुपियाँ विनियोजन गरिएको छ । यस हिसाबले रक्षातर्फ यो वर्ष १ अर्ब ७८ करोड १७ लाख रुपियाँको बजेट घटाइएको छ । यो वर्षको सुरुदेखि नै मुलुकमा युद्धको स्थिति नरहेको र पुनः युद्ध सुरु हुने अवस्था कमजोर हुँदै गएकाले रक्षातर्फ बजेट अरू कटौती गर्न सकिने ठाउँ रहेको धेरैको अनुमान छ । किनभने, युद्ध नहुँदा सेना परिचालन र युद्ध सञ्चालनमा हुने थप खर्च नहुने, सेनाको सङ्ख्या थप गर्ने आवश्यकता नपर्ने, विविध किसिमका युद्ध सामग्री र बन्दोबस्तीका सामान, हवाई जहाज र हेलिकप्टर खरिद गर्ने जरुरत नपर्ने र वीरगति प्राप्त सुरक्षाकर्मीहरूलाई दिइने क्षतिपूर्ति दिनु नपर्ने हुँदा खर्चमा भारी कटौती गर्न सकिने ठाउँ थियो । साथै, अहिले सेनाको सङ्ख्या घटाउँदै लैजान रिक्त हुने दरबन्दीहरू खारेज गर्ने पनि भनिएकाले पनि रक्षातर्फ उल्लेख्य मात्रामा बजेट कटौती गर्न सकिन्थ्यो । अझ अर्थमन्त्रीको ध्यान पुग्न सकेको भए र प्रतिबद्धता भएको भए भारत, चीन, बेलायत, अमेरिका आदि मुलुकहरूमा हालका वर्षहरूमा अनावश्यक रूपमा राखिएका सैनिक सहचारीहरू खारेज गर्न सकिन्थ्यो र गर्नुपर्ने पनि थियो । त्यसो गरिएको भए केही करोड रुपियाँको बजेट त्यहाँ पनि कटौती गर्न सकिन्थ्यो । त्यसैले रक्षा खर्च कटौतीतर्फ पनि बजेटले खासै प्रतिबद्धता देखाउन सकेन ।

**शहीदका परिवारहरूका सम्बन्धमा बजेट**

बजेटमा शहीदका परिवारहरूलाई दिने भनिएको मासिक तीन हजार रुपियाँको निर्वाह भत्ता पनि न दिनेलाई दिएजस्तो, न पाउनेले पाएजस्तो भएको छ । अर्थात्, झारा टार्नेजस्तो भएको छ । यस हिसाबले २१ शहीद परिवारका लागि वार्षिक कुल सात लाख ५६ हजार रुपियाँ लाग्दछ । मासिक पाँच हजार रुपियाँसम्म दिएको भए वार्षिक १२ लाख ६० हजार रुपियाँ लाग्दथ्यो र राज्यका लागि त्यो रकम कुनै ठूलो कुरा थिएन । यसो भएको भए पाउनेलाई पनि केही पाएको जस्तो लाग्दथ्यो । यो रकम त पियनको तलबभन्दा पनि कम भयो । शहीदका छोराछोरीहरूलाई स्नातक तहसम्म निःशुल्क शिक्षा दिने भनिएको छ । यो भनेको ट्युसन र पाठ्यपुस्तक शुल्कसम्म हुन सक्दछ । खान-लाउन पुगे मात्र पढ्न जाने कुरा आउने हुनाले निर्वाह भत्ता नै केही बढी दिनु जरुरी थियो । तर, बजेटले यस्ता कुरामा पनि कन्जुस्याइँ गरेको छ ।

**द्वन्द्वबाट विस्थापित परिवारहरूका सम्बन्धमा बजेट**

द्वन्द्वबाट विस्थापित भएका परिवारहरूको पुनःस्थापनाका सम्बन्धमा पनि बजेट अत्यन्त कन्जुस बनेको छ । त्यस्ता परिवारहरूलाई घर फर्कनका लागि पाँच हजार अनुदान र चार प्रतिशत कम व्याजदरमा १० हजार रुपियाँसम्मको कृषि कर्जा दिने भनिएको छ । र, यस्तो व्याज अनुदान पनि एक वर्षका लागि मात्र दिने भनिएको छ । दुर्गम पहाडि जिल्लाको एउटा सिङ्गो परिवार वर्षौंपछि घर फर्केर घरको मर्मत, सम्भार गरी बस्न लायक बनाउन र तत्कालका लागि खाने व्यवस्था गर्न पाँच हजार रुपियाँले त छेउ पनि पुग्दैन भने नयाँ बाली नभित्र्याइन्जेलसम्म त्यस्तो परिवारले के खाने ? त्यसैगरी जिल्ला सदरमुकामको कृषि बिकास बैंकबाट दश हजार रुपियाँको ऋण लिन थप कति झमेला बेहोर्नुपर्ने हो थाहा छैन । यसरी द्वन्द्वपीडित परिवारहरूका लागि दिइएको राहत पनि झारा टार्ने किसिमको मात्र छ ।

**कति गाउँमुखी छ बजेट ?**

बजेट गाउँमुखी भएको पनि दाबी गरिएको छ । गाविसहरूलाई दिइने अनुदान दोब्बर गरिएको छ भन्ने आधारमा बजेटलाई यसो भनिएको हो । तर, यथार्थमा बजेट यस्तो छैन । गाविसहरूलाई पाँच लाख रुपियाँको अनुदान एमालेको सरकारले ०५२ सालमा नै दिएको थियो । प्रथमतः त्यो पाँच लाख रुपियाँमध्ये पनि अहिले दुई लाख रुपियाँ विद्यालयका शिक्षक र स्वास्थ्यकर्मीको तलबमा खर्च गर्नुपर्ने सर्त राखिएको छ । यस्तो तलब दिने दायित्व केन्द्रीय सरकारको हो । त्यसैले यो केन्द्रको दायित्व गाविसहरूमा सारिएको मात्र हो । अहिले जुन पाँच लाख रुपियाँ थपिएको भनिएको छ । त्यो ससर्त छ र त्यसका लागि जुन सर्त राखिएको छ, त्यो पूरा गरेर गाविसहरूले त्यो रकम प्राप्त गर्न र खर्च गर्न सजिलो छैन । किनभने, बजेटमा भनिएको छ, '.....आर्थिक वर्षको जेठ महिनाभित्र सम्पन्न गरी सार्वजनिक लेखा परीक्षणसमेत सम्पन्न भइसक्नु पर्नेछ ।' विकास आयोजना सम्पन्न भइसकेपछि त्यसको सार्वजनिक लेखा परीक्षण गराइनु निश्चय नै सकारात्मक कुरा हो । तर, सार्वजनिक लेखा परीक्षणको परम्परा अहिलेसम्म नेपालमा कहीँ पनि लागू गरिएको छैन । र, पहिलोपटक र त्यो पनि गाविसहरूमा लागू गरिनु व्यावहारिक देखिँदैन । त्यसैले गाविसहरूले त्यो थप पाँच लाख रुपियाँ उपयोग गर्न सक्ने कुरामा आशङ्का छ । त्यसैले यो बजेट गाउँमुखी छ भन्ने दाबीको पुष्टि हुँदैन । यसबाट अर्थमन्त्री गाउँमा रकम पठाउने भनेको खेर फाल्नु हो भन्ने मानसिकताबाट अझै मुक्त हुन नसकेको प्रस्ट हुन्छ । त्यसैगरी, जिल्ला विकास समिति र नगरपालिकाहरूलाई दिइने अनुदान घटाइनु पनि राम्रो कुरा भएन ।

**समावेशीकरणका सम्बन्धमा बजेट**

हालै सम्पन्न ऐतिहासिक जनआन्दोलनले राज्यको अधिकार र साधनमा आमजनताको व्यापक पहुँचको पनि माग गरेको हो । किनभने, विगतमा त्यस्तै पहुँच नभएकाले आमजनता राज्यसँग असहमत भई अन्तिम छिनोफानोको आन्दोलनमा सरिक भएका थिए । त्यसैले यो बजेट राज्यको अधिकार र साधनमा मुलुकका सम्पूर्ण तह र तप्काका जनताको पहुँच पुऱ्याउने विषयमा केन्द्रित हुनुपर्ने बाध्यता थियो । त्यहीअनुरूप बजेटले समावेशीकरणलाई आफ्नो उद्देश्य र प्राथमिकतामा पनि समावेश गरेको छ । तर, यो प्राथमिकताअन्तर्गत प्रस्ताव गरिएका कार्यक्रमहरूलाई दृष्टिगत गर्दा यस्ता कार्यक्रमले मुलुकमा समावेशीकरण अभियानको सुरुवात नै गर्न नसक्ने देखिन्छ । किनभने, समावेशीकरण प्रथमिकताको दोस्रो बुँदामा 'आधा हेक्टर भन्दा कम जमिन भएका दलित एवम् पिछडिएका सीमान्त कृषक तथा कृषि श्रमिकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी विशेष सुविधा दिइनेछ । र, यस्तो कार्यक्रम अधिराज्यका छ जिल्लामा परीक्षणका रूपमा सुरु गरिनेछ' भनिएको छ । यो बुँदामा उल्लेखित विशेष सुविधा भनेको के र कस्तो हो ? कतै पनि उल्लेख छैन । र, यस्तो कार्यक्रम कहिलेदेखि सुरु गरिने हो, त्यो

पनि उल्लेख गरिएको छैन । त्यसमा पनि यस्तो कार्यक्रम मुलुकका छ जिल्लामा मात्र सुरु गरिने भनिएको छ । यो कार्यक्रम प्रभावकारी नै भयो भने पनि केवल छ जिल्लामा मात्र सञ्चालन गरिने कार्यक्रमले मुलुकभरिलाई कहिले समेट्ने हो, अज्ञात छ । यस आधारमा बजेटले समावेशीकरणको महत्त्वपूर्ण एजेण्डामा 'लिप सर्विस' मात्र दिएको भन्न बाध्य हुनु परेको छ ।

त्यसै गरी बजेटले यही प्राथमिकताअन्तर्गत '... मधेसी समुदायलाई .... नागरिकता दिने विशेष प्रबन्ध मिलाइनेछ' भनेको छ । यसको अर्थ मधेसी समुदायलाई नागरिकता मात्र दिए उनीहरूको समावेशीकरण हुन्छ, नागरिकताका अतिरिक्त उनीहरूको राज्यको अधिकार र साधनमा पहुँच बढाउन अरू कुनै कुराको दरकार पर्दैन भन्ने मानसिकता बजेटले बोकेको देखिन्छ । त्यसै गरी अर्को बुँदामा दलितहरूले खरिद गर्ने जग्गामा लाग्ने रजिस्ट्रेसन दस्तुरमा २० प्रतिशत छुट दिने भनिएको छ । यो बुँदा पनि विडम्बनापूर्ण छ । किनभने, यो सुविधा जग्गा खरिद गर्न सक्ने हैसियत भएका दलितहरूले मात्र पाउन सक्ने सुविधा हो । तर, दलितको समस्या भनेको त जमिन खरिद गर्न सक्ने हैसियत नै नहुनु हो, जमिन खरिद गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुर होइन । त्यसैले बजेटको उद्देश्य उनीहरूलाई जमिन खरिद गर्न सक्ने हैसियतमा पुर्‍याउने हुनुपर्ने थियो । जमिन खरिद गर्ने हैसियत राख्ने दलितले ८० प्रतिशत दस्तुर तिर्नु परेपछि बाँकी २० प्रतिशत तिर्न नसक्ने कुरा आउँदैन । यसरी बजेटले दलितहरूमध्ये पनि सम्पन्न दलितहरूलाई मात्र राहत दिएको छ भने विपन्न दलितहरूको उपेक्षा गरेको छ । अर्थात्, बजेटले आमदलितहरूका सम्बन्धमा झारा टार्ने मात्र काम गरेको छ ।

त्यसै गरी अर्को बुँदामा पाँच करोड रुपियाँभन्दा बढीका आयोजना तथा कार्यक्रमबाट महिलाहरूमा परेको प्रभावको विश्लेषण गरिनेछ भनिएको छ । यो पनि उल्टो कार्यक्रम हो । किनभने, महिलाहरूलाई अनुकुल प्रभाव पार्ने गरी आयोजना तथा कार्यक्रमहरूको तर्जुमा गर्नु पर्नेमा त्यसतर्फ विचार नगरी महिलाहरूमा परेको प्रभावको मात्र विश्लेषण गरेर महिलाहरूलाई के लाभ हुन्छ ?

त्यसैगरी अर्को बुँदामा भनिएको छ- 'प्राथमिक तहमा अध्ययनरत छात्राहरूमध्ये आर्थिक दृष्टिले कमजोर एवम् विपन्न वर्गका ५० प्रतिशत छात्राहरू र सबै दलित विद्यार्थीहरूलाई प्रति विद्यार्थी तीन सय ५० रुपियाँका दरले छात्रवृत्ति रकम प्रदान गरिने छ ।' यो कार्यक्रमलाई राम्रो कार्यक्रम मान्नु पर्दछ । तर, वर्षको तीन सय ५० रुपियाँ र त्यो पनि वर्षको दुईपटक गरी आधा-आधा अर्थात् एक सय ७५ रुपियाँ पाउने हुँदा यसले पाउनेलाई खासै उत्प्रेरण दिन सक्ने देखिँदैन । यसरी समावेशीकरण जस्तो अत्यन्त गम्भीर र संरचना नै परिवर्तन गर्ने खालको राष्ट्रिय कार्यक्रमलाई बजेटले अत्यन्त हल्का र झारा टार्ने हिसाबले लिएको देखिन्छ । यो पाराले मुलुकमा समावेशी समाज र अर्थतन्त्रको निर्माण किमार्थ हुन सक्ने देखिँदैन । अतः यदि यसै हो भने मुलुकले फेरि अर्को आन्दोलन खोजेको छ भन्ने निष्कर्ष निकाल्नुपर्ने हुन्छ ।

**सुकुमवासी र मुक्त कमैयाका सम्बन्धमा बजेट**

नेपालमा बीसौँ लाख सुकुमवासी छन् । र, यिनीहरूको बसोवास र जीविकोपार्जनको विषय मुलुककै लागि एउटा गम्भीर चुनौतीको विषय भएको छ । विगतका प्रजातान्त्रिक सरकारहरूले यो समस्या समाधान गर्न केही प्रयासहरू गरेका हुन् । तर, राजनीतिक अस्थिरताका कारणले ती प्रयासहरूले फल पाउन सकेनन् । त्यसले गर्दा त्यसले सुरुमा द्वन्द्वलाई र पछि आन्दोलनलाई भरपुर सहयोग पुर्‍याएको जगजाहेर छ । मुलुकको यत्रो ठूलो समस्यालाई पनि बजेटले पूर्ण रूपमा बेवास्ता गरेको छ । सुकुमवासी शब्दको उच्चारणसम्म बजेटले गरेको छैन । यो पत्याउनै नसकिने कुरा भएको छ । समावेशीकरण गर्नेतर्फ अघि बढेको भनेर दाबी गरिने बजेटले बीसौँ लाख जनताको सम्बन्धमा एक शब्द पनि उल्लेख गर्दैन भने अर्थमन्त्रीको समावेशीकरणको परिभाषा के हो भनेर सोध्नुपर्ने भएको छ । अर्थमन्त्रीको यो रवैयाले मुलुकमा दिगो शान्तिको जग नहाल्ने निश्चित छ । यस्तो मानसिकताले मुलुकमा समावेशीकरण होइन, हिजोको बञ्चितीकरणलाई नै बढावा दिनेछ । त्यही स्थिति मुक्त कमैयाहरूको पनि छ । छ वर्षअगाडि मुक्त गरिएका पचासौँ हजार कमैयाहरूलाई हालसम्म सरकारले केवल मुक्त कमैया भन्ने प्रमाणपत्र सिवाय अरू केही दिएको छैन । यसले त्यस्ता परिवारहरूलाई केवल कमैयाबाट सुकुमवासीमा परिणत मात्र गरेको छ । अर्थात्, घरबाट निकालेर सडक र जङ्गलमा पठाएको छ । यसले गर्दा उनीहरूको जीवनले भोगिरहेको कष्ट यथावत् रहेको छ वा कतिपय सन्दर्भमा अझ बढेको छ । यही कारणले गर्दा ती कमैयाहरू अहिले आन्दोलनमा उत्रेका छन् । तर, यी कमैयाहरूका सम्बन्धमा बजेटले केवल पशुपालनमा प्रोत्साहित गरिने मात्र भनेको छ । जसको वास बस्ने एकइन्चसम्म जमिन छैन, त्यस्ताले कहाँबाट पशु पाउने, ती पशुलाई कहाँ राख्ने र ती पशु बिक्री भएर आम्दानी नभइन्जेल के खाने ? त्यसैले कमैयाहरूप्रति यस्तो दृष्टिकोण बोकेको बजेटलाई समावेशीकरणतर्फ अघि बढेको बजेट भनेर कसरी मान्ने ? द्वन्द्व समाधान गरी दिगो शान्ति स्थापना गर्ने बजेट भनेर कसरी मान्ने ? त्यसैले यो द्वन्द्व समाधान गर्ने होइन, द्वन्द्व चर्काउने बजेट हो ।

**भूमिसुधारका सम्बन्धमा बजेट**

त्यसैगरी मुलुकलाई पूर्णतः लोकतान्त्रीकरण गर्न मुलुकमा सदियौँदेखि जरा गाडेर बसेको सामन्ती प्रथा र संस्कारको पूर्ण उन्मूलन गर्नु अनिवार्य हुन्छ । भूमि नै सामन्ती प्रथाको मूल आधार भएकाले यसैको कारणले नेपालमा सामन्ती प्रथाको वर्चस्व र हैकम कायम रहेको छ । यसैको कारणले नेपालमा सुकुमवासी, कमैया, सीमान्त र भूमिहीन किसानहरूको समस्या गम्भीर हुँदै गइरहेको छ । यसको अतिरिक्त राजनीतिक अस्थिरता र द्वन्द्वको कारण पनि सामन्ती प्रथा नै हो । यसो भएकाले प्रभावकारी भूमिसुधारको विषय नेपालमा ज्वलन्त मुद्दाका रूपमा रहँदै आएको छ । र, पटक-पटक यस्तो भूमिसुधार कार्यक्रम लागू गर्ने प्रयास पनि हुँदै आएका हुन् । तर, सामन्तवादीहरूकै घुसपैठ र षड्यन्त्रका कारणले नेपालमा यो कार्यक्रम कार्यान्वयन गर्ने प्रयास सफल हुन सकिरहेको छैन । यसपटक जुन किसिमको आन्दोलन भयो र त्यसका अगाडि दरबारले घुँडा टेक्नुपर्‍यो । यस्तो पृष्टभूमिमा बनेको लोकतान्त्रिक सरकारले भूमिसँग सम्बन्धित रहेर जकडिइरहेको समस्या समाधान गर्न गम्भीर रूपले अग्रसर हुनेछ भन्ने जुन आमअपेक्षा थियो, बजेटले त्यसमा पानी फेरिदिएको छ । बजेट वक्तव्यमा यस सम्बन्धमा कानुनी

व्यवस्था गरिनेछ भन्ने मात्र उल्लेख छ । यस्तो झारा टराई भनाइले सरकार भूमिसम्बन्धी समस्यातर्फ प्रवेश गर्नेछ भनेर विश्वास गर्न सकिँदैन ।

**बजेटबाट कोही सन्तुष्ट छैन**

प्रस्तुत बजेटलाई युगान्तकारी जनआन्दोलनको सफलताको परिणामस्वरूप निर्मित सात दलको संयुक्त सरकारको बजेट मान्नु पर्दछ । यो बजेट सात दलको साझा बजेट हो भन्ने कुरा बजेटमा यत्रतत्र उल्लेखित राहत र लोककल्याणकारी कार्यक्रमहरूले सङ्केत गर्दछन् । अन्यथा अर्थमन्त्रीले बजेट वक्तव्यलाई बजारमुखी अर्थतन्त्र, निजी क्षेत्रको विकास, निजीकरण, लगानी, वैदेशी सहायता र वैदेशिक लगानी, खुला व्यापार आदिको यान्त्रिक रटानले भर्दथे होलान् । तर, सात पार्टीको साझा बजेट भएकाले अर्थमन्त्रीले त्यसो नगरी बजेट वक्तव्यलाई राहत, अनुदान, भत्ता, समावेशीकरण आदि शब्दहरूले भरेका छन् । तर, बजेटको आत्मा भने पूर्णतः बजारमुखी छ । अर्थात्, अर्थमन्त्रीजीले तन र मन बजारमुखी अर्थतन्त्रतर्फ र वचन मात्र राहत र लोक कल्याणकारी कार्यक्रमतर्फ दिएका छन् । यो तथ्य प्रमाणित गर्ने दर्जनौं उदाहरणहरू बजेटमा मौजुद छन् । बजेट कतिसम्म कृतघ्न बनेको छ भने निरङ्कुशतन्त्रविरुद्ध जेहाद छेड्ने नेपाल पत्रकार महासङ्घले बजेट पेस भएको भोलिपल्ट बजेटप्रति खेद प्रस्ताव पारित गरी आन्दोलनमा उत्रने निर्णय गऱ्यो । नेपालभरका उद्योग, वाणिज्य सङ्घहरूको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घले बजेटप्रति औपचारिक रूपमा नै पूर्णरूपमा असहमति व्यक्त गऱ्यो । अर्थमन्त्रीले नेपाल उद्योग वाणिज्य महासङ्घको बजेटप्रतिको धारणालाई राजनीतिक बताए पनि बजेटलाई मसिनोसँग अध्ययन गर्दा उनीहरूको असहमति अकारण लाग्दैन । किनभने, फलामको डण्डी, प्लास्टिकका सामान, औषधि, कपडा, तयारी चाउचाउ आदि जस्ता आधारभूत उद्योगहरूमा कर बढाइएको छ । जसले गर्दा यी नेपाली उत्पादनहरू अब प्रतिस्पर्धी नहुने भएका छन् । त्यसैले नेपाली समाजमा यो बजेटबाट सन्तुष्ट हुने कुनै पनि वर्ग र पेसा व्यवसायमा संलग्न सङ्घ, सङ्गठन र व्यक्ति पाइँदैन । कसैले पनि हालसम्म यो बजेटको समर्थनमा वक्तव्य र प्रस्ताव पारित गरेको नपाइएबाट यो बजेट कसका लागि बनाइएको हो भन्ने गम्भीर प्रश्न उठेको छ ।

त्यसैगरी किसान, व्यापारी, व्यवसायी, कर्मचारी, पत्रकार, सुकुमवासी, दलित, महिला, उत्पीडित जाति, जनजाति, शिक्षक, निर्यातकर्ता, पर्यटन व्यवसायी, मुक्त कमैया, भूमिहीन किसान, मजदुर, आन्दोलनका शहीद, घाइते, द्वन्द्वबाट विस्थापित परिवारहरू, वैदेशिक दातृ राष्ट्र र सङ्घसंस्था आदि कोही पनि यो बजेटबाट सन्तुष्ट देखिँदैनन् । कृषि मलमा दिइएको ढुवानी अनुदान खारेज गरिँदा उत्पादनको लागत बढेर ऋणमा डुबेका किसानहरू पुनः अनुदान पाइन्छ भनेर ढुक्क थिए । तर, बजेटले त्यसको सुनुवाइ नगरेकाले किसानहरू रुष्ट भएका छन् । प्रायः सम्पूर्ण उद्योगहरू असुरक्षाका कारणले विगत केही वर्षदेखि रुग्ण भएका छन् । तिनको पुनरोत्थानका लागि उद्यमीहरूले कुनै ठोस राहत र सुविधाको स्वाभाविक अपेक्षा गरेका थिए । त्यसो नगरी बजेटले दुई अर्ब रुपियाँको एउटा कोष खडा गरी त्यसमा सरकारले ५० करोड रुपियाँ राख्ने र बाँकी डेढ अर्ब बैंक तथा वित्तीय संस्थाहरूले राख्ने घोषणा गऱ्यो । अहिले बैंकहरूले प्रश्न गर्न थालेका छन् : उनीहरूले के सर्तमा यस कोषमा पैसा राख्ने ? लागत परेको उनीहरूको फन्ड बिनालाभ कुनै कोषमा किन राख्ने ? बजेटले त्यो पुनरोत्थान कोषमा रकम राखेबापत बैंक तथा वित्तीय संस्थाहरूले के पाउने भन्ने सम्बन्धमा केही बोलेको छैन । र, अर्थमन्त्रीले पनि बजेटपछि त्यसबारेमा केही बोलेका छैनन् । त्यसैले यस्तो अस्पष्ट कोषमा बैंकहरू पैसा राख्न तयार देखिँदैनन् । बैंकहरूले रकम नहालेपछि यो कोष खडा हुन सक्ने देखिँदैन । कथम्कदाचित कोष बनी हालेता पनि त्यो कोषबाट रकम पाउने प्रक्रिया यस्तो बनाइन्छ, जसबाट रुग्ण उद्योगहरूले रकम लिन सम्भवै हुँदैन । विगतमा नेपाल राष्ट्र बैंकले बनाएको २ अर्ब रुपियाँको यस्तो कोषबाट जम्मा २८ करोड रुपियाँ मात्र वितरण हुन सकेकाले यस्तो कोषबाट उद्यमीहरू पटक्कै आशावादी बन्न सकेका छैनन् । त्यसैले सम्पूर्ण उद्यमीहरू बजेटप्रति पूर्णतः असहमत बनेका छन् ।

मुलुकका सम्पूर्ण निर्यातकर्ताहरू बजेटबाट उत्तिकै निरास भएका छन् । किनभने, मुलुकको खस्कँदो निर्यात व्यापारलाई माथि उठाउन बजेटले आकर्षक सुविधाको प्याकेज पक्कै ल्याउनेछ भन्ने उनीहरूको आशा थियो । तर, बजेटमा त्यस सम्बन्धमा कुनै कुरा उल्लेख नहुँदा उनीहरू बजेटप्रति असहमत भएका छन् । जुन बिलकुल स्वाभाविक हो । निर्यातका सम्बन्धमा अर्थमन्त्रीको भनाइ छ : भैरहवामा स्थापना गर्न लागिएको विशेष आर्थिक क्षेत्र पूर्णतः निर्यातलाई प्रोत्साहित गर्नका लागि भएकाले त्यसले निर्यातलाई भरपुर प्रोत्साहित गर्नेछ । तर, निर्यातकर्ताहरूको भनाइ छ : त्यो आर्थिक क्षेत्र स्थापित भई सञ्चालनमा आउने कहिले हो ? त्यसभित्र उद्योगहरू स्थापित भई उत्पादन गर्ने कहिले हो ? ती सबै भोलिका कुरा हुन् । तर, आजका दिनमा निर्यात शिथिल भएको छ । निर्यातमूलक उद्योगहरू धराशायी भएका छन् । निर्यातकर्ताहरू ऋणमा डुबेका छन् । त्यसैले समस्याग्रस्त र प्रोत्साहन दिनुपर्ने आजका निर्यातमूलक उद्योगहरूलाई हो, गर्भधारण नै नभएका उद्योगहरूलाई होइन । त्यसैले बजेटप्रति निर्यातकर्ताहरूको गम्भीर असहमति रहेको छ ।

सरकारी कोषबाट तलब खाने कर्मचारीहरू पनि बजेटप्रति सकारात्मक छैनन् । बजेटले कर्मचारीहरूलाई १० प्रतिशत महङ्गी भत्ता दिने घोषणा गरेको छ । आन्दोलनमा उनीहरूले खेलेको सशक्त भूमिकाले लोकतन्त्र ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको थियो । त्यसैले लोकतान्त्रिक सरकारबाट निम्न वैतनिक कर्मचारीहरूले कम्तीमा पनि परिवार पाल्न पुग्ने तलबभत्ताको अपेक्षा गरेका थिए । त्यसो हुन नसक्दा उनीहरू पनि बजेटप्रति असन्तुष्ट भएका छन् । यस्तो बेलामा पनि कर्मचारीहरूको मर्का हेरिँदैन भने अब कहिले र कसले हेर्ने हो ? उनीहरूको गुनासो छ ।

**साधनका स्रोतहरूको सम्बन्धमा बजेट**

बजेटको सबैभन्दा कमजोर पक्ष भनेको बजेटको कर प्रस्ताव हो । कर प्रस्तावमा एउटै पनि नयाँ र उल्लेख गर्नलायक कुरा छैनन् । राजस्व परामर्श समिति र दर्जनौं व्यावसायिक सङ्गठनहरूले कर प्रणाली सुधारका सम्बन्धमा दिएका कतिपय राम्रा सुझावहरूलाई रद्दीको टोकरीमा फालिएको छ । यो अत्यन्त दुःखलाग्दो कुरा हो । मदिरा, बियर र चुरोटमा व्यापक मात्रामा

राजस्व चुहावट भइरहेको तथ्य विगत केही समयदेखि सार्वजनिक हुँदै आएको हो । केही अनौपचारिक अध्ययनहरूले यी तीन वस्तुमा मात्र चार अर्ब रुपियाँ बराबरको अन्तःशुल्क राजस्व चुहावट भइरहेको अनुमान गरेका छन् । त्यसलाई नियन्त्रण गर्न छुट्टै अन्तःशुल्क विभाग गठन गर्ने र यी वस्तुका बोतल र प्याकेटमा अन्तःशुल्कको स्टिकर टाँस्ने कार्यक्रम दुई वर्ष पहिले बजेटले नै घोषणा गरेको थियो । स्टिकर छाप्न ग्लोबल टेन्डरसमेत आह्वान भइसकेको थियो । त्यति अगाडि बढिसकेको कुरा यो बजेटमा उल्लेखसम्म गरिएको छैन । मदिरासम्ममा त बोतलमा स्टिकर टाँस्ने काम जसोतसो सुरु गरिएको छ । तर, बियर र चुरोटमा अहिले पनि कार्टुनमा स्टिकर टाँस्ने परम्परा यथावत् छ । यसले अर्थ मन्त्रालय चुहावट नियन्त्रण गरी राजस्व बढाउन प्रतिबद्ध नभएको देखाँउछ । यो पनि राम्रो कुरा भएन ।

आन्तरिक ऋणमा अत्यधिक वृद्धि यो बजेटको अर्को कमजोर पक्ष हो । गत वर्ष आन्तरिक ऋणबाट ११ अर्ब ८५ करोड रुपियाँ उठाइएको थियो भने अहिले त्यो रकम १७ अर्ब ९० करोड रुपियाँ पुऱ्याइएको छ । यसले साधन उपयोगमा सरकारले निजी क्षेत्रसँग सोझै प्रतिस्पर्धा गर्ने भन्ने जनाउँछ । अत्यधिक आन्तरिक ऋणले भविष्यमा सरकारको चालु खर्च बढाउने कुरा त छँदैछ, यसले वित्त असन्तुलनको स्थिति पनि सिर्जना गर्न सक्दछ । राजस्व परिचालनमा जोड नदिई ऋण लिन जोड दिने कुरा कुनै पनि दृष्टिले राम्रो होइन ।

यसरी यो बजेट आन्दोलनको भावना र अपेक्षालाई कुनै पनि ढङ्गले छुन नसकेको कमजोर र दिग्भ्रमित बजेटका रूपमा प्रस्तुत भएको छ । समाजमा यो बजेटबाट सन्तुष्ट हुने अहिलेसम्म कोही देखिएको छैन ।

**बजेटका केही सकारात्मक पक्षहरू**

बजेटमा सडक, विद्युत्, शिक्षा, स्वास्थ्य, सिँचाइ आदि भौतिक तथा सामाजिक पूर्वाधारका क्षेत्रहरूमा उल्लेख्य रूपमा लगानी बढाइनु यसका सकारात्मक पक्ष हुन् । विशेषगरी अहिलेसम्म सडक सुविधाबाट वञ्चित भएका जिल्लाहरूमध्ये यही वर्ष सातवटा जिल्लामा सडक सुविधा पुऱ्याउने बजेटको सङ्कल्प सह्रानीय छ । त्यसैगरी ग्रामीण विद्युतीकरण र सिँचाइमा जोड दिइनु पनि प्रशंसालायक छ । तर, मुलुकमा दिगो शान्ति बहाल हुन सकेमा मात्र यी कार्यहरू सम्पन्न गर्न सम्भव हुन्छ । त्यसो हुन नसकेमा बाँकी रहेका भौतिक संरचनाहरू पनि भत्कन सुरु हुन्छ । र, दिगो शान्ति बहाल गर्नेतर्फ बजेट अत्यन्त कमजोर रहेकाले प्रस्तावित आयोजनाहरूको सफल कार्यान्वयनमा शङ्का गर्नुपर्ने भएको छ ।

**बजेट र पारदर्शिता**

अन्त्यमा, बजेटलाई यथाशक्य पारदर्शी बनाउन विगतमा जतिसुकै प्रयास गरिएको भएता पनि नेपालको बजेट तर्जुमा र प्रस्तुति प्रणाली अझै पनि वाञ्छित मात्रामा पारदर्शी हुन सकिरहेको छैन । यसको ज्वलन्त उदाहरण थप निकासा दिइएको रकम सम्बन्धित निकायको शीर्षकमा नदेखिनु हो । उदाहरणका निमित्त यो वर्षको बजेट वक्तव्यको दफा १६७ मा आ.व. २०६२/६३ मा दरबारतर्फ विभिन्न शीर्षकमा ४० करोड ५० लाख र थप निकासा ३४ करोड ४१ लाख रुपियाँ गरी जम्मा ७४ करोड ९१ लाख रुपियाँ खर्च भएको छ भन्ने बेहोरा उल्लेख गरिएको छ । जबकि त्यही पुस्तिकाको अनुसूची ६ मा त्यस वर्ष दरबारतर्फ गएको रकम ३५ करोड ५० लाख ७५ हजार रुपियाँ मात्र देखाइएको छ । तब, बाँकी ३९ करोड ४० लाख २५ हजार रुपियाँ बजेटका कुनकुन शीर्षकहरूबाट निकासा दिइएका हुन् भन्ने कुरा अर्थमन्त्रीले भने मात्र थाहा हुने, अन्यथा थाहा नहुने अवस्था छ । यो अवस्थाले गर्दा बजेटमा उल्लेखित अङ्कहरूका आधारमा मात्र बजेटको मूल्याङ्कन र विश्लेषण गर्न नसकिने भएको छ । यो परम्परा राम्रो भएन । दरबारको जस्तै रक्षा, प्रहरी वा अन्य निकाय र प्रयोजनमा पनि विभिन्न शीर्षकबाट थप निकासा गएको हुन सक्तछ । तर, अर्थमन्त्रीले नभनेकाले त्यो कुरा अरू कसैले पनि थाहा पाउन सकेनन् । यसको सुधार हुनुपर्दछ ।

# संविधानसभा सँगसँगै जनमतसङ्ग्रह गर्नुपर्छ

**माधवकुमार नेपाल, महासचिव**

**० केन्द्रीय कमिटीको बाह्रौं बैठकको सन्देश के हो ?**

- हाम्रो पार्टी एकताबद्ध रूपमा वर्तमान समयका कार्यभारहरूलाई पूरा गर्नका लागि दृढतासाथ अग्रसर छ भन्ने कुरा यस बैठकले स्पष्ट पारेको छ । साथै, अहिलेको मुख्य काम संविधानसभाको निर्वाचन र लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि सम्पूर्ण आन्तरिक मतभेदहरूलाई थाँती राख्दै सिंगो पार्टी पंक्तिलाई एकताबद्ध रूपमा अगाडि बढ्न यो बैठकले आह्वान गरेको छ । मुलुकका समस्या समाधान गर्नका लागि स्पष्ट दृष्टिकोण र कार्यक्रमका साथ जानुपर्छ भन्ने ठहर गर्दै पार्टीले त्यसका लागि आफूलाई सबै हिसावले तयार पार्ने काम गरेको छ । दुई साता लामो छलफल र बहसपछि हामीले मुलुकलाई निकास दिनका लागि ठोस एजेन्डा अगाडि सारेका छौं । मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि संविधानसभाको निर्वाचनसँगसँगै जनमतसंग्रह गर्नुपर्छ भन्ने निष्कर्ष हाम्रो पार्टीले निकालेको छ ।

**० संविधानसभाभन्दा अगाडि जनमत संग्रहको आवश्यकता किन पऱ्यो ?**

- सीधै संविधानसभामा जाँदा धेरै किसिमका जटिलताहरूको सामना गर्नुपर्छ । कस्तो संविधान निर्माण गर्ने भन्ने प्रश्न नै अनुत्तरित रहन्छ । संविधानसभाको निर्वाचन भइसकेपछि पनि त्यहाँ राजतन्त्र राख्ने कि नराख्ने भन्ने बहस हुन्छ । त्यसकारण संविधानसभामा जानुभन्दा पहिला राजतन्त्रका विषयमा टुंगो लगाउनुपर्छ भन्ने मान्यता हामीले अगाडि सारेका छौं । यसका लागि संविधानसभाको निर्वाचनमा दुईटा मतपत्र तयार गर्नुपर्छ । एउटा- राजतन्त्र राख्ने वा गणतन्त्र स्थापना गर्ने र अर्को- संविधानसभामा कुन पार्टीलाई मत दिने भन्ने मतपत्र राखेर दुबै निर्वाचन एकसाथ गर्नुपर्दछ । जनमतसंग्रहबाट गणतन्त्र

स्थापना गर्ने जनमत प्रकट भयो भने गणतन्त्रात्मक संविधान बन्छ, राजतन्त्र राख्ने जनमत आयो भने त्यही किसिमको संविधान बन्छ । जटिल समस्यालाई जनमतका माध्यमबाट समाधान गर्ने सरल उपाय यही हो भन्ने हामीलाई लागेको छ ।

**० मुलुकमा गणतन्त्रका पक्षमा जनमत बनिरहेका बेला सीधै संविधानसभाको चुनाव गर्दा पनि गणतन्त्रात्मक संविधान नबन्ला र ?**

- संविधानसभाको निर्वाचनबाट गणतन्त्र आउँदैन भन्ने होइन । तर, संविधानसभाको निर्वाचन भइसकेपछि फेरि राजतन्त्र राख्ने कि नराख्ने भन्ने विषयमा बहस र मतामत गर्नुभन्दा जनताको प्रत्यक्ष सहभागितामा राजतन्त्रका विषयमा टुंगो लगाउनु राम्रो हुन्छ । संविधानसभामा संवैधानिक राजतन्त्रका पक्षधरहरू पनि निर्वाचित भएर आउन सक्छन् । उनीहरूसँग फेरि त्यहाँ किन बहस गर्ने ? त्यसभन्दा अगाडि नै जनमतसंग्रहमार्फत जनताले प्रत्यक्ष मतदानद्वारा राजतन्त्रका विषयमा निर्णय गर्नु नै सबैभन्दा लोकतान्त्रिक विधि हो । यसबाट राजनीतिक रूपमा कसैले वेइमानी गर्ने सम्भावना पनि रहँदैन ।

**० संविधानसभाका लागि राष्ट्रिय सहमति बनिरहेका बेला जनमतसंग्रहको मुद्दालाई अरू दलहरूले स्वीकार गर्लान् त ?**

- यसमा हामीले अरू दलहरूलाई पनि सहमत गराउनुपर्छ । सीधै संविधानसभाको निर्वाचनमा जाँदा आउने जटिलताहरूका बारेमा सबै दलहरूसँग छलफलपश्चात् राष्ट्रिय सहमति कायम हुन्छ भन्ने हामीलाई विश्वास छ ।

**० यसका लागि पार्टीले के गर्छ ?**

- हामी सबै राजनीतिक दलहरूसँग यस विषयमा कुराकानी गर्छौं र यस विषयमा सहमति बनाउँछौं ।

**० मुलुकका राजनीतिक शक्तिहरूको विश्लेषणका बारेमा बैठकमा केही नयाँ छलफल भएको हो ?**

- हामीले मुलुकमा चार किसिमका राजनीतिक शक्तिहरू रहेको निष्कर्ष निकालेका छौं । अहिले मुलुकमा अति दक्षिणपन्थी सामन्ती अभिजात्य वर्गको प्रतिनिधित्व गर्ने राजतन्त्रको नेतृत्वमा रहेको सामन्ती अभिजात्यवादी शक्ति, उग्रवामपन्थी धार बोकेको शक्ति, बुर्जुवा सुधारवादमा फँसेको शक्ति र आमुल परिवर्तनको सोच बोक्ने शक्ति गरी चार शक्तिहरू छन् भन्ने हाम्रो निष्कर्ष छ ।

लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा हाम्रो मुलुकमा अहिले राजतन्त्रवादी, वुर्जुवा सुधारवादी र गणतन्त्रवादी गरी तीनवटा राजनीतिक धारहरू विद्यमान छन् । हामी गणतन्त्रवादी धारलाई एकताबद्ध पार्ने, वुर्जुवा सुधारवादी धारलाई आफ्नो पक्षमा ल्याउने र राजतन्त्रवादी धारलाई सम्पूर्ण रूपमा पराजित गर्ने दृष्टिकोणका साथ अगाडि बढ्नुपर्छ ।

**० प्रधानअन्तर्विरोधका बारेमा पनि बैठकमा छलफल भएको हो ?**

- हाम्रो पार्टी एकमतका साथ राजतन्त्रसँग नै नेपाली जनताको अन्तर्विरोध प्रधान रहेको निष्कर्षमा पुगेको छ । त्यसका विरुद्धमा सम्पूर्ण शक्तिहरूलाई गोलबन्द गर्नुपर्छ भन्ने हाम्रो पार्टीको सर्वसम्मत ठहर छ । निरंकुश राजतन्त्र पराजित भए पनि राजतन्त्र अझै पनि कायम छ । यसले अहिले पनि सामन्तवाद र दलाल नोकरशाही पुँजीवादको प्रतिनिधित्व गरिरहेको छ । यो अहिले पराजित भएको छ । तर, समाप्त भएको छैन । राजनीतिक रूपमा राजतन्त्रसँग नेपाली जनताको अन्तर्विरोध प्रधान भएकै कारण यसलाई फाल्नुपर्ने र गणतन्त्र स्थापना गर्नुपर्ने भएको हो । त्यसकारण राजतन्त्र नै अहिले पनि हाम्रो प्रहारको मुख्य निशाना हो भन्ने निष्कर्ष पार्टीले निकालेको छ ।

**० त्यसका लागि अब के गर्नुपर्छ त ?**

- हामीले राजतन्त्रलाई समाप्त पार्नका लागि लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरूबीच मोर्चा बनाउनुपर्छ भन्ने निर्णय गरेका छौं । यसको विस्तृत कार्ययोजना हाम्रो पार्टीको स्थायी कमिटीले तयार गर्नेछ । हामीले यस्तो मोर्चामा गणतन्त्र पक्षधर राजनीतिक शक्ति, जनवर्गीय संगठन, सामुदायिक संगठनलगायत विभिन्न व्यक्तिहरूलाई समेत समावेश गर्ने धारणा बनाएका छौं । गणतन्त्र पक्षधर शक्तिलाई एउटै बृहद् मोर्चामा गोलबन्द गरेर गणतन्त्रको आँधीवेहरी सिर्जना गर्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

**० गणतन्त्र पक्षधर शक्तिहरूबीच मोर्चा बनाउँदा कांग्रेसलगायत सहयात्री अरू दलहरू झस्किदैनन् ?**

- मलाई त्यस्तो लाग्दैन । किनभने, कांग्रेसभित्र पनि गणतन्त्रको आवाज उठिरहेको छ । राजतन्त्रका बारेमा निरपेक्ष रहने निर्णयमा पुगेको यो पार्टी ढिलो-चाँडो गणतन्त्रका पक्षमा आउनेछ भन्ने मलाई विश्वास छ । त्यसका लागि हामी प्रयत्न गर्नेछौं ।

**० प्रतिनिधिसभा विघटन गर्ने सहमति भइसकेपछि विकल्पबारे पार्टी कुनै निष्कर्षमा पुगेको छ ?**

- हामी अहिलेसम्म कुनै निष्कर्षमा पुगेका छैनौं । तर, असार २ गते सात दल र माओवादीबीच भएको सहमतिप्रति हामी प्रतिबद्ध छौं । हाम्रो पार्टीको केन्द्रीय कमिटीको बैठकले त्यसप्रति प्रतिबद्धता प्रकट गरेको छ । अहिले हामीले छलफल अगाडि बढाइरहेका छौं । प्रतिनिधिसभाको विकल्पमा कस्तो किसिमको अन्तरिम व्यवस्थापिका निर्माण गर्ने भनेर अहिले छलफल भइरहेको छ ।

**० पार्टीले तीन महिने जनअभियान किन सञ्चालन गर्न लागेको हो ?**

- हामीले मुख्यतया: तीन उद्देश्यका साथ लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान चलाउने निर्णय गरेका छौं । पहिलो, पार्टी संगठन विस्तार र सदस्यता वितरण तीब्र पार्नेछौं । दोस्रो, आमजनतालाई संविधानसभाको औचित्य र लोकतान्त्रिक गणतन्त्र स्थापनाको आवश्यकताका बारेमा बुझाउनेछौं । त्यसका लागि परिवर्तित परिस्थितिमा पार्टीका धारणाहरू आमजनतासमक्ष लैजानेछौं । तेस्रो, पार्टीका कार्यकर्तालाई पार्टीका पछिल्ला नीति र निर्णयहरूका बारेमा स्पष्ट पार्नेछौं । त्यसका लागि हामी प्रशिक्षण कार्यक्रमहरूलाई पनि यसैसाथ सञ्चालन गर्ने योजना बनाएका छौं । समग्रमा, जनताका घर, आँगन र

टोलमा पुगेर लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानमार्फत आँधीबेहरी सिर्जना गर्नका लागि हामीले जनअभियान सञ्चालन गर्ने निर्णय गरेका छौं ।

**० पार्टीले सरकारको कामको मूल्यांकन कसरी गरेको छ ?**

- सरकारको कामको मूल्यांकन गर्दा केही कमजोरीहरू देखिएका छन् । हामीले त्यसको आलोचना गरेका छौं । शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलनको बलमा स्थापित सरकारले जनतालाई परिवर्तनको खासै अनुभूति दिन सकेको छैन । जनताले अपेक्षा गरेअनुरूप सरकारले गति लिन सकेको छैन, ढिलासुस्ती व्यापक छ । सरकारका कामका कारण जनतामा सरकारले क्रान्तिकारी कार्यभार बिर्सेको हो कि भन्ने आशंका उत्पन्न भएको छ । हामीले सरकारलाई यी कमजोरीहरू सुधारेर आमजनताको चाहना, जनआन्दोलनको भावना र पार्टीको नीतिअनुसार अगाडि बढ्न निर्देशन दिएका छौं । हाम्रो पार्टीका तर्फबाट सरकारको नेतृत्व गर्ने टोलीले आफ्ना क्षमता, दक्षता र योग्यता देखाएर काम गर्नुपर्छ भन्ने निर्देशन बैठकले दिएको छ ।

**० माओवादीले बाह्र बुँदे समझदारी र पच्चीस बुँदे आचारसंहिता उल्लंघन गर्दै अहिले पनि पार्टीका कार्यकर्तामाथि ज्यादति जारी राखेका छन् । यसबारे के भन्नुहुन्छ ?**

- माओवादीले हाम्रो पार्टीका कार्यकर्तामाथि जुन किसिमका ज्यादति जारी राखेका छन्, त्यसको हामी घोर विरोध गर्दछौं । बाह्र बुँदे समझदारी र पच्चीस बुँदे आचारसंहिताको पालना नगरेर माओवादीले आफ्नो विश्वसनीयतामा प्रश्न उठाएका छन् । हामीसँग कुरा गर्दा हाम्रो पार्टीसँग मित्रवत सम्बन्धको कुरा गर्ने तर व्यवहारमा हाम्रा कार्यकर्तामाथि प्रहार केन्द्रित माओवादीको व्यवहारका बारेमा हामीले उनीहरूको नेतृत्वसँग कुरा उठाएका छौं । कुरा एउटा र व्यवहार अर्को गर्ने माओवादीको क्रियाकलापले राजनीतिक विश्वासको वातावरण बनाउँदैन । माओवादीले आफ्ना अराजनीतिक गतिविधिहरू अविलम्ब बन्द गर्नुपर्छ ।

**■ विष्णु रिजाल**

# राजाका सबै अधिकार समाप्त

## ' विष्णु रिजाल

जनआन्दोलनका बलमा पुनःस्थापित प्रतिनिधिसभा र त्यसका आधारमा बनेको सर्वदलीय सरकारले एक सय दिनमा उल्लेख्य र दूरगामी महत्त्वका निर्णयहरू गरेका छन् । राजालाई वैधानिक रूप कमजोर र अधिकारविहीन बनाउन यस अवधिमा सरकार र संसद्ले खेलेको भूमिका धेरै हदसम्म सफल, प्रशंसायोग्य र अनुकरणीय रहेको छ । राजालाई केन्द्रमा राखेर कायम गरिएका सबैखाले व्यवस्थाहरूलाई समाप्त पार्नका लागि सरकार तथा संसद्का यी कदमहरू कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ ।

१५ महिनासम्म निरङ्कुश शासनको अभ्यास गरेका राजा ज्ञानेन्द्र जनआन्दोलनले सफलता प्राप्त गरेको तीन महिनामै सम्पूर्ण रूपमा अधिकारविहीन भएका छन् । लामो समयदेखि कानुनी रूपमा उनले उपभोग गर्दै आएका सबै अधिकारहरू प्रतिनिधिसभाले कटौती गरेपछि उनी वैधानिक रूपमै अधिकारविहीन भएका छन् । नेपाली सेनामा रहेको उनको कानुनी र वैधानिक पहुँचलाई समेत समाप्त पार्ने गरी तयार भएको संशोधित सैनिक ऐन मन्त्रिपरिषद्ले पारित गरेर प्रतिनिधिसभामा जाने क्रममा रहेको छ । सो ऐन पारित भएपछि सेनासँगको राजपरिवारको साइनो सम्पूर्ण रूपमा समाप्त हुनेछ । अहिले राजासँग राष्ट्रप्रमुखबाहेक कुनै पद बाँकी छैनन् ।

राजा, रानी र युवराजले ओगटिरहेका सबै पद तथा कार्यकारी अधिकारहरू कटौतीका लागि मन्त्रिपरिषद्ले निर्णय गरी प्रतिनिधिसभासमक्ष केही नेपाल ऐन संशोधन विधेयक-०६३ पेस गरेको थियो । जेठ ४ गते प्रतिनिधिसभाद्वारा जारी ऐतिहासिक घोषणाको मर्म र भावनाअनुसार १६ ऐन खारेजी तथा २३ ऐन संशोधनको निर्णय गरिएको थियो । कानुनमन्त्रीको संयोजकत्वमा सरकारद्वारा गठित प्रतिनिधिसभाको घोषणा कार्यान्वयन सुझाव समितिले दुई महिनासम्म अध्ययन गरी खारेजी र संशोधनको सुझाव दिएको थियो ।

०६१ माघ १९ पछि राजाले जबर्जस्ती जनताका राजनीतिक अधिकारहरू खोसेपछि चर्केको जनआन्दोलनका सामु उनी झुक्नासाथ उनका राजनीतिक अधिकारहरू समाप्त भएका थिए । तर, नियमावली, नियम र ऐनमा रहेका उनका अधिकारहरू भने त्यसपछि पनि कायमै थिए । संविधानसभाले राजाका विषयमा टुङ्गो नलाउन्जेल उनलाई पूर्ण रूपमा दरबारका पर्खालभित्रै कैद गर्नका लागि पुराना ऐनहरूको खारेजी र संशोधनलाई महत्त्वपूर्ण ठानिएको छ । राजालाई सबै ऐन, कानुन र नियमहरूबाट नाम मात्रको बनाउने काम अन्तिम चरणमा पुगेको छ । राजाका अधिकार समाप्त पार्दै मन्त्रिपरिषद्ले १६ वटा ऐन खारेज गर्नुका साथै २३ ऐन संशोधन गर्ने निर्णय गरेपछि उनी विधिवत् रूपमा सम्पूर्ण रूपमा अधिकारविहीन हुने भएका छन् ।

प्रतिनिधिसभाको पुनःस्थापनापश्चात् जेठ ४ गते जारी ऐतिहासिक घोषणाको मर्म, भावना र निर्देशनबमोजिम पुराना कानुनहरूको संशोधन तथा खारेजीले मुलुकमा वास्तविक अर्थमा लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गरेको छ । राजालाई केन्द्रमा राखेर बनाइएका सबै ऐनहरू खारेज गर्ने निर्णयले लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि उल्लेख्य योगदान गर्ने

जनअपेक्षा गरिएको छ । राजाले मनोमानी रूपमा गर्ने नियुक्ति, मनोनयन, पदस्थापन, बढुवा, तलबवृद्धिजस्ता स्वविवेकीय र कानुनी सबै अधिकार नयाँ व्यवस्थापछि समाप्त भएका छन् । सरकारले गठन गरेको प्रतिनिधिसभाको घोषणा कार्यान्वयन सुझाव समितिको सिफारिसमा ती ऐनहरू खारेजी तथा संशोधनको निर्णय गरिएको हो ।

नयाँ व्यवस्थापश्चात् मुलुकमा पहिलोपटक राजा सम्पूर्ण रूपमा अधिकारविहीन भएका छन् भने जनताको प्रतिनिधिका रूपमा प्रधानमन्त्रीले कार्यकारी अधिकारहरू प्रयोग गर्ने भएका छन् । विश्वविद्यालय, परिषद् वा कोषमा रहने राजपरिवारको नियन्त्रण र प्रभाव नयाँ व्यवस्थापछि स्वतः समाप्त भएको छ । जनआन्दोलनको आदेशअनुसार वर्तमान सर्वदलीय सरकारले गरेका यी निर्णयहरूले नेपालको लोकतान्त्रीकरण प्रक्रियामा दूरगामी महत्त्व राख्ने विश्वास गरिएको छ ।

प्रतिनिधिसभाले राजपरिषद्सम्बन्धी ऐन खारेज गरेपछि संरचनागत रूपमै सो संस्था खारेज भएको छ । राजाले विगतमा दिने गरेको साहेबज्यू तथा चौतारियाको पद्वी पनि खारेज भएको छ । राजाले सल्लाहकार नियुक्त गर्नसक्ने व्यवस्थासहितको सल्लाहकार नियमावलीसमेत खारेज भएपछि अब उनले सल्लाहकार राख्न पाउने व्यवस्था समाप्त भएको छ ।

**खारेज भएका सोह्र ऐन**

(क) सभा वा संस्थासम्बन्धी ऐन-२००५

(ख) राजसभा नियमहरू-२०१९

(ग) मुलुकी ऐन अदलको महलको नं. ८

(घ) राजसभा सचिवालयका कर्मचारीहरूको सेवा-सुविधा ऐन-२०२१

(ङ) राष्ट्रिय शिक्षा समिति ऐन-२०२८

(च) सल्लाहकार नियमावली-२०२९

(छ) नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
ऐन- २०४८ को दफा ७

(ज) राजपरिषद् स्थायी समिति (कार्यव्यवस्था) नियमावली- २०४८

(झ) साहेबज्यू तथा चौतारियासम्बन्धी नियमावली-२०४९

(ञ) राजपरिषद् कार्यव्यवस्था नियमहरू-२०५०

(ट) महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन- २०५२ को दफा ९ को (क) र अनुसूची ३

(ठ) मूल्य अभिवृद्धि कर ऐन- २०५२ को अनुसूची २ को क्रमसङ्ख्या नं. १

(ड) राजपरिषद् स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी नियमावली-२०५२

(ढ) संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन-२०५३ को दफा १० र अनुसूची

(ण) मानवअधिकार आयोग ऐन-२०५३ को अनुसूची

(त) संसद्का महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन-२०५५ को दफा १४ र अनुसूची ३ ।

मन्त्रिपरिषद्ले २३ वटा ऐनहरूलाई संशोधन गर्ने निर्णय गरेको छ । राजालाई त्रिभुवन विश्वविद्यालयको कुलपति, रानीलाई पशुपति क्षेत्र विकास कोषको अध्यक्ष तथा युवराजलाई खेलकुद परिषद्को संरक्षक र श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अध्यक्षबाट हटाउने गरी ऐन संशोधन गर्ने निर्णय गरिएको छ ।

**संशोधन गरिएका २३ ऐन**

(क) नेपाल कानुन व्याख्यासम्बन्धी ऐन-२०१०

(ख) गैरसैनिक हवाई उडान ऐन-२०१५

(ग) घरजग्गा कर ऐन-२०१९

(घ) मुलुकी ऐन

(ङ) स्थानीय प्रशासन ऐन-२०२८

(च) गुठी संस्थान ऐन-२०३३

(छ) श्री ५ महेन्द्र प्रकृति संरक्षण ऐन- २०३९

(ज) लुम्बिनी विकास कोष ऐन- २०४२

(झ) महेन्द्र संस्कृत विश्वविद्यालय ऐन- २०४३

(ञ) पशुपति क्षेत्र विकास ऐन-२०४६

(ट) न्याय परिषद् ऐन-२०४७

(ठ) न्याय प्रशासन ऐन-२०४८

(ड) लेखा परीक्षण ऐन- २०४८

(ढ) लोकसेवा आयोग ऐन-२०४८

(ण) अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन-२०४८

(त) खेलकुद विकास ऐन-२०४८

(थ) त्रिभुवन विश्वविद्यालय ऐन-२०४९

(द) महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको सर्त तथा सुविधासम्बन्धी ऐन-२०५२

(ध) संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त तथा सुविधासम्बन्धी ऐन-२०५३

(न) मानवअधिकार आयोग ऐन-२०५३

(प) संसद्का महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको सर्त तथा सुविधासम्बन्धी ऐन-२०५५

(फ) आय कर ऐन- २०५८

(ब) सरकारी मुद्दासम्बन्धी ऐन-२०४९

**उत्तराधिकारी ऐन संशोधन**

१६ ऐन खारेज र २३ ऐन संशोधन गर्ने निर्णय गरेपछि सरकारले राजगद्दी उत्तराधिकारीसम्बन्धी ऐन पनि संशोधन गर्ने निर्णय गरेको छ । राजगद्दीमा राजाका जेठा छोराको एकाधिकार रहँदै आएकोमा सरकारले राजाकी जेठी छोरीले पनि राजगद्दी सम्हाल्न पाउने नयाँ व्यवस्था गरेको छ । तर, सो ऐन संशोधन गर्ने सरकारी निर्णय भने विवादमा परेको छ । राजतन्त्रकै भविष्यमाथि प्रश्न उठिरहेको र सो ऐन संशोधन नगरे दैनिक कामकारबाहीमा समेत कुनै असर नपर्ने हुँदाहुँदै सरकारले ऐन संशोधन किन गऱ्यो भन्ने प्रश्न उठिरहेको छ । नेकपा (एमाले) ले सो संशोधनले भ्रम र आशङ्का सिर्जना गरेको भन्दै विरोध जनाएको छ । विधेयकले जनआन्दोलनपछि पहिलोचोटि राजतन्त्रलाई मान्यता दिएको उल्लेख गर्दै केन्द्रीय कमिटीको बैठकमा नेताहरूले गम्भीर आपत्ति जनाएका थिए । 'राजतन्त्रलगायत मुलुकका सामु रहेका सबै राष्ट्रिय र महत्त्वपूर्ण विषयहरूको समाधान संविधानसभाको निर्वाचनको प्रक्रियाबाट गरिनेछ भन्ने कुरामा आमसहमति भइसकेको अवस्थामा मन्त्रिपरिषद्ले राजगद्दी उत्तराधिकारीसम्बन्धी विधेयक बनाउनु र संसद्बाट पारित गराउन खोज्नु जनआन्दोलनको जनादेशविपरीत हुन्छ'- एमालेद्वारा जारी वक्तव्यमा भनिएको छ । छोरीलाई पनि राजगद्दी उत्तराधिकारी बनाउने व्यवस्थासहित सरकारले विधेयक पारित गरी संसद्मा लैजाने निर्णय गरेको थियो ।

राजसंस्थाका विषयमा सम्पूर्ण निर्णय गर्ने काम संविधानसभाले गर्ने भएकाले त्यसभन्दा अगाडि राजतन्त्रलाई बलियो बनाउने गरी कुनै पनि काम गर्न नहुने पार्टीले जनाएको छ ।

**सैनिक सचिवालय खारेज**

राजासँग नेपाली सेनाको सम्बन्ध औपचारिक रूपमा विच्छेद भएको छ । सरकारले राजदरबारभित्रको सैनिक सचिवालय खारेज गरेपछि राजा र सेनाको सम्बन्ध समाप्त भएको हो । प्रतिनिधिसभाको घोषणाको मर्म र भावनाअनुकुल हुने गरी सैनिक ऐन संशोधन गर्न सुझाव समितिले गरेको सिफारिसमा पनि राजालाई सैनिक क्षेत्रबाट पूर्ण रूपमा अलग गर्ने सिफारिस गरिएको छ । प्रतिनिधिसभाले राजालाई सेनाको परमसेनाधिपतिबाट मुक्त गरे पनि उनले सेनामा गर्ने काम यथावत् थिए । सैनिक सचिवालयको खारेजी र सैनिक ऐन संशोधनपछि सेनामा राजाको कुनै गन्ध नआउने विश्वास गरिएको छ । सेनामा राजपरिवारको कुनै किसिमको प्रभाव र छायाँ नपरोस् भनेर पूर्ण रूपमा सचेतता अपनाइएको पाइएको छ । सैनिक ऐनमा प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने र प्रधानसेनापति मन्त्रिपरिषद्प्रति उत्तरदायी हुने व्यवस्था गरिएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहने तीन सदस्यीय सुरक्षा परिषद्को स्वरूप परिवर्तन गर्दै पाँच सदस्यीय बनाइएको छ । जसमा रक्षा, गृह, अर्थ र परराष्ट्रमन्त्री सदस्य र सरकारका मुख्यसचिव सदस्यसचिव रहने व्यवस्था गरिएको छ । पहिलोपटक प्रधानसेनापतिलाई सुरक्षा परिषद्को सदस्यबाट हटाएर नियमित आमन्त्रितका रूपमा बैठकमा बोलाउने व्यवस्था गरिएको छ ।

मन्त्रिपरिषद्को बैठकले राजदरबारभित्रको सैनिक सचिवालय खारेज गरेका कारण राजाले प्रत्यक्ष वा परोक्ष रूपमा सेनामाथि कुनै किसिमको प्रभाव पार्न नसक्ने विश्वास गर्न सकिन्छ । विगतमा सेना, प्रहरी, सशस्त्र प्रहरी र गुप्तचरहरूको परिचालन सैनिक सचिवालयले नै गर्ने अभ्यास रहेको थियो । एक पूर्वजर्नेलका अनुसार, प्रधानसेनापतिभन्दा शक्तिशाली दरबारका सैनिक सचिव हुन्थे । सुरक्षासम्बन्धी सम्पूर्ण कुरामाथि सचिवालयकै नियन्त्रण थियो । नियम-कानुन मिचेर कसलाई पुरस्कृत गर्ने वा कसलाई दण्डित गर्ने भन्ने कुरा पनि सचिवालयले नै निर्धारण गर्दथ्यो ।

प्रतिनिधिसभाको बलमा चलिरहेको संयुक्त सरकारले राजालाई सम्पूर्ण पद तथा शक्तिबाट मुक्त गर्ने घोषणा गरेपछि राजा अधिकारविहीन भएका छन् भने सेनाको तथाकथित राजभक्ति कानुनी र वैधानिक रूपमै समाप्त भएको छ । प्रधानसेनापति प्यारजङ्ग थापाले प्रतिनिधिसभाका सभामुख सुवास नेम्वाङबाट शपथग्रहण गरेपछि विधिवत् र औपचारिक रूपमा नेपाली सेना जनताको नियन्त्रणमा आएको छ । तर, सरकारले अमान्य घोषणा गरेपछि पनि प्रधानसेनापति प्यारजङ्ग थापाले असार २३ गते राजाको जन्मदिनमा दरबारमै पुगेर सलामी टक्र्याएपछि सेनाप्रति अविश्वास र आशङ्का बढाएको छ । अझ जनआन्दोलनका दमनकारीमाथि छानबिन गरी कारबाहीको सिफारिस गर्न गठित उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगले बयानका लागि बोलाउँदा अटेर गरी पोखरा भ्रमणमा जाने प्रधानसेनापतिको रबैयाले त सिङ्गो सैनिक सङ्गठनकै बारेमा प्रश्नहरू उठेका छन् । अन्ततः उनी आयोगसमक्ष उपस्थित भए पनि प्रश्नहरू अझै साम्य भएका छैनन् ।

सरकारले पर्याप्त छलफलबिना नै गरेका केही निर्णयहरू विवादित भए पनि तिनको नियत भने खराब छैन । राजगद्दी उत्तराधिकारीसम्बन्धी ऐनलाई यसको एउटा उदाहरण मान्न सकिन्छ । त्यसैगरी प्रतिनिधिसभाले काम नपाएझैँ गरी सानातिना काममा अल्झिनुहुँदैन भन्ने आमअपेक्षा छ । संसद् परिसरभित्र सूर्तीजन्य पदार्थ सेवनमा प्रतिबन्ध लगाउनु वा यस्ता कुनै विषय

सङ्कल्प पारित गर्नुले जनआन्दोलनको अपेक्षा पूरा हुँदैन । प्रतिनिधिसभा जति अवधि रहन्छ, लोकतन्त्र र जनताका पक्षमा उसले युगान्तकारी कामहरू गर्नुपर्दछ ।

# लेबनानको पीडा

**' अग्निशिखा**

'तिमीसँग तिम्रो लेबनान छ, मसँग मेरो लेबनान । तिम्रो लेबनान कहिले सिरियासँग छुट्टिन्छ, कहिले ऊसँग जोडिन्छ । सधैँ सीमाको जोड-तोडमा लागिरहन्छ । तर, मेरो लेबनान न कहिल्यै छुट्टिन्छ, न कहिल्यै जोडिन्छ, न आफ्नै हैसियतभन्दा माथि हुन्छ, न हैसियत घटाउँछ ।' विश्वविख्यात् साहित्यकार खलिल जिब्रानले आफ्नो मुलुक लेबनानको सन्दर्भमा भावनात्मक रूपमा लेखेका थिए । जिब्रानको त्यही मुलुक अहिले इजरायली क्रोधको सिकार बनेको छ ।

प्रथम विश्वयुद्धपश्चात् ओट्टोमन साम्राज्यको पतन भएको थियो । त्यस पतनसँगै ग्रेटर सिरिया विभाजित भयो र सिरिया, लेबनान तथा प्यालेस्टाइन मुलुकहरूको अभ्युदय भएको थियो । जिब्रानले नवोदित अरब मुलुकहरूको पहिचानको सन्दर्भमा व्यापक रूपमा लेखेका थिए । विशाल सिरियासँग फियोजस्तो टपक्क टाँसिएको सानो मुलुक लेबनानले लामो समयसम्म गृहयुद्ध भोगेको थियो । पटक-पटक इजरायली आक्रमण पनि खेपेको छ । सिरिया र इजरायलको 'प्लेग्राउन्ड' बन्दै आएको छ लेबनान ।

इजरायलमा शक्तिको दम्भ छ । उसको शब्दकोशमा 'अनुचित' भन्ने शब्द नै छैन । ऊ अमेरिकाको 'लाडला' हो । त्यसैले ऊ विरुद्ध संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा प्रस्ताव पेस हुँदा अमेरिकाले सहस्रपटक भिटो प्रयोग गर्दै आएको छ । अमेरिकाले काखी च्याप्नाले नै इजरायलको उन्माद बढ्ने गरेको छ । आक्रमण, नरसंहार र अतिक्रमण उसको नित्य कर्म बन्दै आएको छ । प्यालेस्टिनीहरूको घर भत्काउने कार्यको विरोधमा बुल्डोजरसामु उभिएकी एक अमेरिकी युवतीलाई इजरायली डोजरले किचेरै मारेको थियो । तर पनि, अमेरिका मौन रहेको थियो ।

इजरायली निर्दयता र मानव-द्वेषी कर्मका गाथा प्रशस्त छन् । कसले बिर्सेको छ लेबनानको साब्रा र शातिला नरसंहार ? जहाँका शरणार्थी शिविरमा समेत सैयौँ प्यालेस्टिनी शरणार्थीको हत्या भएको थियो । कसले बिर्सेको छ बाह्र वर्षअघिको निष्कासन काण्ड ? हमास समूहले छ जना इजरायली सैनिकको हत्या गरेपछि सो समूहको समर्थक भएको आशङ्कामा मात्र चार सय जना प्यालेस्टिनीलाई उनीहरूकै भूमिबाट निष्कासित गरिएको थियो ।

त्यस निष्कासन काण्डमा, ती प्यालेस्टिनीहरूलाई आँखामा पट्टी बाँधेर तथा हातमा हत्कडी लगाएर इजरायलको कब्जामा रहेको दक्षिणी लेबनानको 'सुरक्षा क्षेत्र' मा पुऱ्याइएको थियो । लेबनानी ट्याङ्ककमान्डरले पस्न नदिएर फिर्ता पठाएको थियो । निष्कासितहरू इजरायलतर्फ फर्किंदा टाउकोमाथि इजरायली सैनिकहरूले गोली बर्साएका थिए । फेरि लेबनानतर्फ नै लखेटेका थिए । र, इजरायल-लेबनानको सीमा रहेको 'नो मेन्स ल्यान्ड' को चट्टाने बाँझो भूमिमा, हिमपात हुने ठाउँमा जाडोले कठ्याङ्ग्रिँदै र पानीसमेतको अभावमा तड्पिँदै सामूहिक मृत्यु मर्नका लागि अलपत्र छोडेका थिए ।

यतिखेर, लेबनानमा रहेका सशस्त्र सङ्गठन हिज्बुल्लाहले दुई जना इजरायली सैनिकको अपहरण गरेपछि लेबनानले अतिक्रमण र आक्रमण भोग्नुपरेको छ । त्यस अपहरणलाई कसैले पनि उचित ठहऱ्याउन सक्दैन । त्यसरी नै, अपहरणको यो मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन र अपहरित सैनिकलाई छुटाउन अनवरत कूटनीतिक प्रयास गर्नुको साटो लेबनानको सम्प्रभुता मिच्नु, आक्रमण गर्नु, गैरसैनिक सैयौँ नागरिकको हत्या गर्नु, हजारौँलाई पलायन हुन बाध्य पार्नुलाई कुनै हालतमा उचित ठहऱ्याउन सकिन्न । जिब्रानको धरती लेबनानलाई इजरायली क्रोधको सिकार बन्नबाट जोगाउन अन्तर्राष्ट्रिय पहलमा ढिलाइ किन ?

सायद, लेबनानको नियति नै आक्रमण र आधिपत्यको पीडा भोग्नु हो । माउन्ट लेबनानका नाममा मुलुकको नाम रहेको लेबनानमा प्रागऐतिहासिक कालदेखि नै मानिसको बसोवास रहँदै आएको छ । पहिलो बासिन्दा फोनेसियन थिए । इशापूर्व १८०० मा इजिप्सीयन, हिट्टिटेट्स, आसिरियन, बेबिलोनियन र पर्सियनजस्ता विदेशी शक्तिहरूले फोनेसियनका सहरी राज्यमा नियन्त्रण जमाएका थिए ।

इशापूर्व ३३२ मा मेसेडोनियाका प्रसिद्ध जनरल अलेक्जेन्डर (सिकन्दर) ले लेबनानमाथि विजय हासिल गरेका थिए भने इशापूर्व ६४ मा रोमन साम्राज्यको अधिनमा यो मुलुक परेको थियो । तत्पश्चात् त्यहाँ इशाई धर्मले प्रवेश गऱ्यो । धेरै लेबनानी क्रिश्चियन भए । तथापि, सन् ६०० मा अरब प्रायद्वीपका मुस्लिमहरूले लेबनानमाथि आधिपत्य जमाए र इशाई धर्ममाथि इस्लाम धर्म हाबी भयो ।

सन् ११०० तिर युरोपका इशाई धर्मका अभियानकर्ता (क्रुसेडर) हरूले लेबनानमा आक्रमण गरे । उनीहरू मुस्लिमबाट पवित्र भूमि (प्यालेस्टाइन) फिर्ता लिन चाहन्थे । तर, दुई सय वर्षपछि इजिप्टको मामेलुक शासनले बचेखुचेका इसाई धर्मका

अभियानकर्तालाई लेबनानबाट लखेट्यो । सन् १५१६ मा ओट्टोमन तुर्कहरूले लेबनानमाथि विजय हासिल गरेर त्यसलाई ओट्टोमन साम्राज्यको एउटा हिस्सा बनाए । त्यसयता प्रथम विश्वयुद्ध (१९१४-१९१८) सम्म लेबनानमाथि त्यस साम्राज्यले शासन गर्‍यो ।

प्रथम विश्वयुद्धमा ओट्टोमन साम्राज्यको पतन भए पनि लेबनान विदेशी शक्तिको आधिपत्यबाट मुक्त भएन । विश्वयुद्धको समाप्तिपश्चात् त्यस मुलुकमा ग्रेट ब्रिटेन र फ्रान्सले आधिपत्य जमाए । लेबनानको राजनीतिक मामिला हेर्ने जिम्मा फ्रान्सले लिएको थियो । फ्रान्सले माउन्ट लेबनानमा रहेका इसाई र तटीय क्षेत्रमा रहेका मुस्लिमहरूलाई एउटै सरकारमा भित्र्यायो । फ्रेञ्चहरूले लेबनानको संविधान निर्माण गर्न मद्दत गरे र १९४३ मा लेबनानले पूर्ण स्वतन्त्रता प्राप्त गर्‍यो । स्मरणीय छ, सिरियाले भने १९९१ मा मात्र लेबनानलाई अलग राज्यको रूपमा मान्यता प्रदान गरेको थियो ।

पन्ध्र वर्ष नबित्दै असन्तुष्टि र विद्रोह भड्किन थाल्यो । ७० प्रतिशत मुस्लिम र ३० प्रतिशत इसाई जनसङ्ख्या रहेको लेबनानमा मुस्लिमहरूले सरकारविरुद्ध विद्रोह गर्न थाले । पश्चिमा मुलुकहरूसँग राजनीतिक तथा सैनिक गठबन्धन गर्ने सरकारको योजना उनीहरूलाई पचेको थिएन । यसबाहेक, उनीहरू आफ्नो जनसङ्ख्या वृद्धिसँगै सरकारमा बढी अधिकार चाहन्थे । यसै समयमा, प्यालेस्टाइन भूमिको मुक्तिका लागि लडेका प्यालेस्टिनी विद्रोहीसँगै इजरायल-अरबयुद्धका कारण प्यालेस्टिनीहरू लेबनानमा भित्रिए । इसाईहरू प्यालेस्टिनीको विरोधमा थिए भने मुस्लिमहरू समर्थनमा । प्यालेस्टाइन मुक्ति सङ्गठन (पीएलओ) को गतिविधि लेबनानमा बढ्न थाल्यो । त्यहाँ चार लाख भन्दा बढी प्यालेस्टिनी अरब रहेका छन् ।

सन् १९७५ मा इसाई तथा मुस्लिम-पीएलओ गठबन्धनबीच गृहयुद्ध भड्कियो । दसौं हजार जनता मारिए । छिमेकी मुलुक सिरियाले हजारौं सेना लेबनानमा पठायो । १९७६ को अन्त्यतिर पूर्ण लडाईं टुङ्गिए पनि समूह-समूहका बीच लडाइँको शृङ्खला रोकिएन । प्यालेस्टिनी विद्रोहीहरू सीमापार इजरायलमा रकेट प्रहार गर्थे भने त्यसको बदलामा इजरायलले आँखा चिम्लेरै लेबनानमा आक्रमण गरेर व्यापक जनधनको क्षति गर्थ्यो ।

जुन १९८२ मा इजरायलले लेबनानमा व्यापक रूपमा खुलेआम आक्रमण गरेको थियो । पीएलओलाई दक्षिण लेबनानबाट लखेटेको थियो र पश्चिमी बेरुतलाई घेरा हालेको थियो । त्यसै वर्ष निर्वाचित राष्ट्रपति तथा क्रिश्चियन मिलिसियाका नेता वशिर गमाएलको हत्या भयो । क्रिश्चियन मिलिसियाहरूले त्यसबापत इजरायलको अधिनमा रहेको पश्चिमी बेरुतस्थित शरणार्थी शिविरमा आक्रमण गरेर निहत्था हजारौं प्यालेस्टिनी शरणार्थीहरूको हत्या गरेका थिए । र, त्यस नरसंहारमा इजरायली सैनिकहरूले कुनै हस्तक्षेप नगरेर आँखा चिम्लेका थिए । यस नरसंहारपछि लेबनानमा शान्ति-सुव्यवस्था कायम गर्न सरकारले विदेशी फौजलाई निम्त्यायो । फलस्वरूप, अमेरिका, फ्रान्स, इटली र संयुक्त अधिराज्यले लेबनानमा सेना पठाए । पहिले नै त्यहाँ भित्रिएका राष्ट्रसङ्घीय शान्तिसेनालगायत इजरायली र सिरियन सैनिकहरू लेबनानमा रहिरहे ।

त्यसै वर्ष पदावधि सकिनुअघि नेसनल एसेम्बलीले नयाँ राष्ट्रपतिको छनोट गर्न नसकेपछि राष्ट्रपति अमिन गमाएलले अर्का इसाई, जनरल माइकल आउनलाई नयाँ राष्ट्रपति छनोट नहुन्जेल काम गर्ने गरी प्रधानमन्त्रीमा नियुक्त गरे । मुस्लिमहरूले यो अन्तरिम सरकारलाई मान्न अस्वीकार गरे । उनीहरूको भनाइमा यसले १९४३ मा भएको सत्ता साझेदारीको सम्झौताको उल्लङ्घन गरेको थियो, जसमा मुस्लिमलाई प्रधानमन्त्री बनाउनुपर्ने व्यवस्था थियो । फलतः लेबनानमा दुईवटा सरकार भए ।

१९८९ मा इसाई रेने मौवादलाई नयाँ राष्ट्रपतिको रूपमा नेसनल एसेम्बलीले निर्वाचित गर्‍यो । अठारौं दिनमा नै उनको हत्या भयो । त्यसपछि अर्का इसाई एलियास हरावीलाई उक्त पदमा निर्वाचित गर्दै एसेम्बलीले मुस्लिम बहुमतलाई बढी शक्ति दिने सम्झौतालाई अनुमोदन गर्‍यो । तर, यो सम्झौता वा हरावी सरकारलाई मान्न माइकल आउनले अस्वीकार गरे । परिणामस्वरूप, हरावीद्वारा समर्थित सिरियन कमान्डोहरूले आउनको सेनालाई पराजित गरे । त्यसपश्चात् पनि निजी मिलिसिया समूहहरूबीच लडाइँ चलिरह्यो ।

१९९१ को मध्यसम्ममा प्रायःजसो निजी मिलिसिया समूहहरू भङ्ग भए । लेबनानमा रहेका आफ्ना सैनिक अखडा छोड्ने लेबनानी सरकारले दिएको आदेशलाई प्यालेस्टिनीहरूले मानेनन् । प्यालेस्टिनीविरुद्ध सरकारले शृङ्खलाबद्ध लडाइँ छेड्यो र पराजित गर्दै उनीहरूलाई निःशस्त्र बनायो । १९९३ र १९९६ मा इजरायलले दक्षिण लेबनानमा हिज्बुल्ला गुरिल्लाका अखडामा आक्रमण गर्‍यो । लाखौं ग्रामीण जनता घरबार छोडेर भाग्न बाध्य भए । सिरियाली सेना लेबनानमा रहिरह्यो । तर, गतवर्ष सिरियाविरोधी एक नेताको हत्यामा सिरियाली खुफिया संस्थाको हात रहेको आरोपमा सिरियाविरुद्ध विशाल जनप्रदर्शन भयो । लेबनानी जनताको मागअनुरूप लेबनानबाट आफ्नो सेना हटाउन सिरिया बाध्य भयो ।

# सपना र विपनामा मैले बुझेको चीन

**' बालकृष्ण चापागाईं**

कल्पना नै मानिसको अन्तरात्माको सपना हो । जब सपना विपनामा परिणत हुन्छ, अनि मानिसलाई लाग्दछ, कल्पनाले गन्तव्यको खोजी गरिरहेको हुँदो रहेछ भनेर । मैले आफ्नो उमेरको बाल्यकालमा चाइनिज कलमबाट चीनप्रतिको धारणा आफ्नै

प्रकारले बनाएको थिएँ । त्यो हुनुमा चाइनिज कलम बलियो हुन्छ भन्ने मान्यता थियो । चाइनिज कलमले लेख्न पाए साँच्चिकै अहोभाग्य ठानिन्थ्यो । अक्षर पनि राम्रा हुने र कलम पनि बलियो । गाउँमा कसैले चाइनिज कलम ल्यायो भने पूरै स्कुलभरि त्यसको चर्चा हुन्थ्यो । मेरो कक्षामा पढ्ने साथीले चाइनिज कलम ल्याएपछि मलाई पनि तुरुन्त चाहियो भनेर बाबा आमासँग झगडा गरेको अहिले पनि भर्खरै जस्तो लाग्छ । तर, यो कुरा पुरानो भइसकेको छ । सायद यो कुरा अहिले अनौठो लाग्न पनि सक्छ । समयले ल्याउने हरेक परिवर्तनलाई मानिसले आत्मसात् गरेर अघि बढ्नैपर्छ । चाइनिज कलमको कुरा छोडौँ, अहिले चीनबाट विश्व बजारमा चीनको कति सामान पुग्छ, त्यसको लेखाजोखा गरेरै साध्य छैन । मैले उक्त प्रसङ्ग ल्याउनुको तात्पर्य चीनसँगको मेरो साइनो जोड्ने क्रम कसरी सुरु भयो भन्ने कुरासँग मात्र सम्बन्धित छ । मेरो जीवनको राजनीतिक साइनो पनि संयोगै भनौँ चिनियाँ क्रान्तिका नेता माओत्सेतुङसँगै सुरुमै जोडियो । मैले नेपालको राजनीति राम्रोसँग बुझ्न नपाउँदै माओत्सेतुङको रेडबुक पढ्ने अवसर प्राप्त भयो । भर्खर १५/१६ वर्षको उमेरमा माओको रेडबुक पढेपछि जीवन त त्यसै गतिमय भयो, सारा समस्याको समाधान रेडबुकमै भेट्न थालियो । यो २०३५-०३६ सालको कुरा हो । रेडबुक पढ्ने र रेडगार्ड बन्ने हाम्रो राजनीतिक यात्रा सुरु भयो । चीनमा भएको सशस्त्र जनविद्रोह, किसान मार्च, यस्तै यस्तै चिनियाँ क्रान्तिकारी दस्तावेजहरू पढ्ने र नेपाली धर्तीमा चिनियाँ क्रान्तिबाट सिको गर्दै सङ्गठित आन्दोलनमा सरिक हुने हाम्रो जीवनको दिनचर्या नै भयो ।

माओको जीवनी, माओत्सेतुङका छानिएका रचनाहरू, चिनियाँ कथाहरू, चाओ एनलाई, ल्यू सुन, लिउ साओ चीलगायत तमाम नेता तथा प्रगतिशील साहित्यकारहरूका जीवनीदेखि रचनाहरू समेत पढ्ने, बुझ्ने र नेपाली भूमिमा त्यसलाई कसरी लागु गर्ने भन्ने हाम्रा दैनिक छलफल र बहसको विषय हुन्थ्यो त्यतिबेला । जुन बेलाको मेरा आदरणीय व्यक्तित्वहरू हुनुहुन्थ्यो- गोपीरमण उपाध्याय, रोहितराज क्षेत्री, ऋषिराम भुसाल, सहकर्मी मित्रहरू घनश्याम भूसाल, कृष्ण अधिकारी, नारायण लुइँटेल, गङ्गाधर लुइँटेल, अर्जुन भण्डारी, माया भण्डारी, कविराम अर्याललगायतका साथीहरू । हामी नेपालको लाल क्रान्तिका लागि होमिइसकेका विद्यार्थी भइसकेको ठान्दै सबैलाई लाल विद्यार्थी बनाउने अभियानमा लाग्यौँ । हाम्रो यात्रा जारी रह्यो, भित्री रूपमा रेडगार्ड, बाह्य रूपमा अखिलका विद्यार्थीहरूको पहिचानमा । त्यतिबेला मार्क्सवाद, लेनिनवादका कुरा गर्दा सिद्धान्तमा जोड हुन्थ्यो अनि क्रान्तिको कुरा गर्दै चिनियाँ क्रान्तिको कुरा आउँथ्यो । हामी कल्पना गर्थ्यौं र रमाउँथ्यौं । आहा कस्तो क्रान्ति चिनियाँ क्रान्ति, नेपालमा पनि त्यस्तै क्रान्ति भए हुन्थ्यो, अब हामीले गर्ने हो त्यो क्रान्ति । चीनको क्रान्तिका गाथा र कथा धेरै पढिन्थ्यो, पढाइन्थ्यो । तर, त्यतिबेला लाग्थ्यो, त्यो लाल पताका फहराएको चीन देख्न पाए कस्तो हुन्थ्यो होला, त्यो त त्यतिबेला सपनाको कुरा मात्र थियो । त्यो लाल पताका फहराएको चीन, विशाल भू-भाग र ठूलो जनघनत्व भएको चीन हरेक सचेत मानिसका लागि साँच्चिकै उत्सुकताको विषय थियो । संसारका सातौँ आश्चर्यमा पर्ने पाँच हजार भन्दा बढी किलोमिटरको ग्रेटवाल भएको चीन, क्रान्तिको सफलता प्राप्त गरेको चीन, श्रमजीवी जनताले आफ्नो मुक्ति दिवस मनाएको चीन, आहा कस्तो स्वर्णिम चीन । हामीलाई अनेकौँ उत्सुकता थियो, जिज्ञासा थियो, हाम्रो मनमा अनेकौँ कल्पना कोरिएको थियो । मनको चित्रमा कोरिएको, त्यो चीन घुम्ने अवसर यही २००६ जुलाई १ देखि ८ सम्म मिल्यो, यो पङ्क्तिकारलाई । मैले चीन जसरी बुझेको थिएँ, जे देखेँ, यो मेरो जीवनका लागि साँच्चिकै नयाँ रह्यो, मान्छेले प्रकृतिमाथि कसरी विजय हासिल गर्दो रहेछ भन्ने कुराको अलौकिक अनुभूति मैले गरेँ । यो मेरो पहिलो प्रतिक्रिया हो चीन भ्रमणको ।

हाम्रो टोलीमा मसहित जनआस्थाका सम्पादक किशोर श्रेष्ठ, घटना र विचारका सम्पादक देवप्रकाश त्रिपाठी, तरुण साप्ताहिकका सम्पादक परशु घिमिरे, सम्बोधन साप्ताहिकका सम्पादक गोकुल बाँस्कोटा, प्रकाश साप्ताहिकका सम्पादक नवराज शर्मा, जनएकता साप्ताहिकका कार्यकारी सम्पादक दामोदर तिमिल्सिना थियौँ । नेपाली आकाशबाट उडेर हामी तिब्बततर्फ लाग्यौँ । तिब्बतका डाँडाकाँडा हेर्दै हामी ल्हासा विमानस्थलमा एक घण्टाका लागि उत्रियौँ । चिनियाँ कम्युनिस्ट पार्टीले आफ्नो ८५ औँ स्थापना दिवसको अवसर पारेर हामीलाई निमन्त्रणा गरेको थियो । चीनको राजधानी बेइजिङदेखि ल्हासासम्मको ५२ सय किलोमिटरसम्मको संसारकै सबभन्दा अग्लो भू-भाग हुँदै रेल्वे सेवा सुरु भएको दिन पनि त्यही थियो । जब तिब्बतको भूमि सुरु भयो, ल्हासा विमानस्थल पुग्ने बेलासम्म पनि त्यहाँका डाँडाकाँडाहरू उजाड र अधिकांश ठाउँमा रूख विरुवा केही पनि नभएको देखियो । त्यसलाई नयाँ ढङ्गले विकास गर्न चीनले निरन्तर प्रयास जारी राखेको पनि पाइयो । यसको विकासको एउटा ताजा ज्वलन्त उदाहरण भनेको तिब्बतको भू-भागमा रेल्वेसेवा ल्हासा पुगेपछि फेरि त्यही विमानबाट हामी चीनको छिन्दु सहरमा उत्रियौँ र मिनसान होटलमा बस्यौँ । २ जुलाई बिहानदेखि चिनियाँ कम्युनिस्ट पार्टीले तयार गरेको कार्यक्रमअनुसार हामी अवलोकनतर्फ लाग्यौँ ।

त्यस दिनको बिहान हामीले विश्वकै दुर्लभ मानिने पान्डा जनावर भएको क्षेत्रको अवलोकन गर्‍यौँ । पान्डा जनावरको सुरक्षाका लागि चिनियाँ सरकारले गरेको व्यवस्था र पर्यटकीय आकर्षणका लागि अपनाइएका तरिकाहरू साँच्चिकै अनुकरणीय देखियो । त्यसपछि हामी दुई हजार दुई सय ६० वर्षअघि निर्माण भएको 'डुजियान' नदीको बाँधको अवलोकन गर्‍यौँ । जुन बाँधलाई त्यतिबेलाका पुर्खाहरूले बाँसका चोयाबाट जाली बुनेर त्यो जालीभित्र ढुङ्गाहरू राखी बन्द गरेर नदी फर्काउन र खण्ड-खण्डमा विशाल बाँध निर्माण गरी ठूलो नदीलाई छेन्दु सहरमा विभिन्न भागमा सिँचाइ प्रबन्ध मिलाइएको चिनियाँ पुर्खाको पौरख हेर्ने मौका पाइयो । मान्छेले चाह्यो भने कतिसम्म गर्न सक्दो रहेछ भन्ने झन्डै २२ सय वर्षअगाडिको उदाहरण हामीले देख्यौँ । 'छेन्दु' सहरको अर्बन प्लानिङ हेर्‍यौँ । कुनै बेला गणनामै नपर्ने 'छेन्दु' सहरको विकास, त्यसको योजना र त्यहाँको प्रविधिलगायत समग्र पक्षमा भएको प्रगतिलाई हेरेर विश्लेषण गर्ने हो भने साँच्चिकै आश्चर्यजनक रहेको छ । त्यसको साँझ हामी जहाजबाट इचाङमा पुगेर बस्यौं । हाम्रो यात्राको चौथो दिन बिहानको हाम्रो कार्यक्रम विश्वको सबैभन्दा ठूलो हाइड्रोपावर 'थ्री गर्जेज परियोजना बाँध' को अवलोकन गर्‍यौँ । याङ्ची नदीमा निर्माण कार्य झन्डै सम्पन्न हुन थालेको २२ हजार मेघावाट क्षमताको जलविद्युत् परियोजना हेर्दा लाग्छ, मान्छेले चाह्यो भने के पो गर्न सक्दो रहेनछ । इचाङबाट हामी त्यो पावर प्रोजेक्टमा पुग्ने क्रममा स्थानीय बसद्वारा गएका थियौँ । नदीको वरिपरि, पहाडका डाँडाकाँडा र विकासका लागि उनीहरूले बनाएका योजना र त्यसको कार्यान्वयनका तरिका हेर्दा चीनले गरेको प्रगतिबाट जो-कोही पनि आश्चर्यचकित हुन्छ नै । याङ्ची नदीमा निर्माणाधीन हाइड्रो पावरबाट उत्पादित बिजुली विश्व बजारमा पुग्दा त्यसबाट हुने आम्दानीले नै चीनलाई फेरि आर्थिक उन्नतिको नयाँ शिखरमा पुर्‍याउनेछ ।

विश्वको सबभन्दा ठूलो थ्री गर्जेज ड्याम परियोजनाको अवलोकनपश्चात् हामी फेरि इचाङ फर्क्यौँ । त्यसपछि हाम्रो उहान सहरतर्फ बसबाट सुरु गर्‍यौँ । बसबाटै हामीले उहान सहरको अवलोकन गर्‍यौँ । अत्यन्तै रमणीय सहर रहेछ उहान । अटो मोबाइल्सका वस्तुहरूको उत्पादनमा विश्वको दोस्रो सहर मानिने उहान साँच्चिकै मनमोहक लाग्यो । त्यो सहरमा हामी बास भने

बसेनौं तर जानकारी भने लियौं । इचाङदेखि झन्डै छ घण्टा बसमा यात्रा गर्दा चीनको कृषि वस्तीको पनि राम्रो अवलोकन भयो । कृषिलाई आधुनिकीकरण गर्ने अभियानमा उनीहरूले राम्रो सफलता हासिल गर्दै गएको देखियो ।

त्यस दिन साँझ हामी उहान सहरबाट एमयू २४८१ नम्बरको जहाजबाट हाइकु सहरमा पुग्यौं र Bao Hua Grand Hotel मा बास बस्यौं । हाम्रो भ्रमणको पाँचौं दिन निशान बङ्गुर फार्मको अवलोकन गऱ्यौं । ६० हजार बङ्गुरपालन गरिएको एउटै फार्मको अवलोकनपश्चात् हामी त्यहाँ ग्रामीण बस्तीहरूको अवलोकनतर्फ लाग्यौं । समुद्री किनाराका किसान बस्तीहरूको अवलोकन गऱ्यौं । कम्युनिस्ट पार्टीका स्थानीय नेताहरूसँग त्यहाँको वस्तुस्थितिबारे जानकारी लिने काम भयो । त्यसपछि हामीले खाना खाइसकेपछि हाइनानका वरिष्ठ अधिकारी र कम्युनिस्ट पार्टीका नेताहरूसँग भेट गऱ्यौं र नेपाल र चीनका विषयमा दोहोरो संवाद भयो ।

हाम्रो यात्राको छैठौं दिन हामी एनान प्रान्तको हाइकु सहरबाट बिहान होटल छोड्यौं र बेइजिङतर्फ प्रस्थान गऱ्यौं । विमानस्थल सहरबाट टाढै हुने हुनाले त्यस बीचमा पर्ने महत्त्वपूर्ण स्थलहरू र विकास निर्माणका कुराहरू अवलोकन गरियो । बुद्धको ठूलो मन्दिरको पनि अवलोकन गऱ्यौं त्यहाँ । निकै ठूलो लगानीमा निर्माण भएको उक्त बुद्ध मन्दिर घुम्न हामीलाई निकै समय लाग्यो । झन्डै चार घण्टाको उडानपछि चीनको राजधानी बेइजिङ् पुग्यौं । हाम्रो यात्राको सातौं दिन बिहान हामीले माओको समाधिको अवलोकनपश्चात् *बेइजिङ रिभ्यु* पत्रिकाको कार्यालय अवलोकन र प्रकाशनबारे जानकारी लियौं । त्यसपछि चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका ब्युरो सदस्य एवम् चिनियाँ सरकारका उप-विदेशमन्त्री झाङ झिजुङसँग औपचारिक भेट भयो । यस भेटका क्रममा चीन र नेपालको द्विपक्षीय सम्बन्ध र दुवै देशको वर्तमान अवस्थाबारे जानकारी आदान-प्रदान भयो । हामीले नेपालको परिवर्तित राजनीतिक स्थितिका बारेमा जानकारी गरायौं भने चिनियाँ उप-विदेशमन्त्रीबाट चीनले अगाडि बढाएको आर्थिक योजना र विकासका बारे जानकारी प्राप्त भयो । यसपछि हामीले चाइना रेडियोको अवलोकन गऱ्यौं । यस क्रममा नेपाली पत्रकार र नेपाली भाषामा समाचार वाचन गर्ने सञ्चारकर्मीहरूको समूहसँग पनि भेट भयो । त्यो स्टेसनमा हाम्रो अन्तर्वार्ता पनि लिइयो । केही क्षणका लागि भए पनि स्टेसनभित्र नेपालमै भएजस्तो अनुभूति भयो । यसका अलावा हामीले बेइजिङ सहर अवलोकन गर्ने काम गऱ्यौं ।

हाम्रो यात्राको आठौं दिन बिहान सर्वप्रथम हामी संसारको सातौं आश्चर्यमध्येको एक पाँच हजार किलोमिटरभन्दा धेरै भू-भाग ओगटेको ग्रेटवालको अवलोकन गर्न गयौं । त्यहाँबाट फर्केपछि खाना खायौं र केही समयको आरामपश्चात् चीनका एक सामन्ती राजा बसेको स्थल, जसलाई समर प्यालेस पनि भनिँदो रहेछ, त्यसको अवलोकन गऱ्यौं । सामन्ती राजाहरूले आफ्नो मोजमस्तीका लागि बनाएको त्यो स्थल अहिले राम्रो पर्यटकीय स्थल बनेको देखियो । सोही दिन राती नौ बजे नेपाल फर्किने क्रममा CA 979 को उडानबाट बैककतर्फ लाग्यौं ।

**चीनबाट सिक्ने कुरा**

चीनबाट फर्केपछि के सिकेर आयौं भन्ने जिज्ञासा म स्वयम्मा भयो । चीनबाट नेपालले सिक्ने कुराहरू धेरै छन्, चिनियाँहरूबाट सिक्ने पहिलो कुरा राष्ट्रियता हो । उनीहरूमा आफ्नो राष्ट्रप्रतिको प्रेम र त्याग साँच्चिकै प्रेरणादायी देखियो । उनीहरूले आफ्नो राष्ट्रका बारेमा बोल्दा तौली-तौली बोल्ने र आफ्नो देशको गरिमा र प्रतिष्ठाप्रति अत्यन्तै गम्भीर भएको पाइयो । दोस्रो कुरा, आर्थिक विकास र विकासका योजनाहरूप्रति उनीहरूको सचेतना र लगनलाई हामीले सिक्नैपर्ने देखियो । तेस्रो कुरा, उनीहरूले गरेको वस्तुको उत्पादन र आफ्नो मुलुकभित्रका हरेक सम्भावनाहरूलाई आर्थिक उन्नतिको पक्षसँग जोडेर आन्तरिक र बाह्य पर्यटकहरू आकर्षित गर्ने योजना जुन बनाएका छन्, त्यसबाट पनि हामीले धेरै कुरा सिक्नु जरुरी देखिन्छ । चौथो कुरा, चिनियाँहरू बिनातुकका कुरा गरेर समय खर्च गर्ने गरेको देखिएन । हामी मुलुकमा एकले अर्कोलाई तेजोबध गर्ने, खुट्टा तान्ने, आपसी द्वन्द्वमा फस्ने गरेका घटनाक्रमहरूबाट गुज्रिरहेका छौं भने चिनियाँहरू कसरी मुलुकको आर्थिक विकास गर्ने र संसारको सबभन्दा विकासशील र सम्पन्न मुलुक हुने भन्ने दौडमा रहेको देखियो । उनीहरूले झै नेपालीहरूले १० वर्ष एकताबद्ध भएर विकासमा लाग्ने हो भने नेपालले साँच्चिकै ठूलो विकासको फड्को मार्न सक्ने बलियो सम्भावना देखिन्छ । यसमा सिङ्गो राष्ट्रको एकता, प्रतिबद्धता, लगन, इच्छाशक्ति र निष्ठाको खाँचो देखिन्छ ।

# सामयिक दुई पुस्तक

नेपाली राजनीतिको मुख्य मुद्दा बनेको संविधानसभामा केन्द्रित *'संविधानसभा : स्वरूप र प्रक्रिया'* र जनताको बहुदलीय जनवादका विषयमा केन्द्रित *'जनताको बहुदलीय जनवादका आधारहरू'* नामक राजेन्द्र गौतमका हाले प्रकाशित पुस्तकहरु समसामयिक हुनुका साथै यी विषयमा सामान्य चासो राख्ने पाठकका लागि समेत उपयोगी र ज्ञानबर्द्धक छन् ।

अहिले सर्वत्र चर्चा, बहस र चिन्तनको सवाल बनेको संविधानसभासम्बन्धी प्रस्तुत पुस्तक *'संविधानसभा : स्वरूप र प्रक्रिया'*ले सामान्यदेखि बौद्धिक पाठकहरूसम्मको भोक मेटाउने अपेक्षा गर्न सकिन्छ । लेखक गौतमले अन्तर्राष्ट्रिय अनुभवहरूका परिप्रेक्ष्यमा नेपालमा संविधानसभाको निर्वाचन कस्तो हुन सक्छ भन्ने बाटो देखाउने प्रयास गरेका छन् । ३४ देशका भिन्न र जटिल अनुभवहरू अवश्य पनि नेपालका लागि उपयोगी सिद्ध हुने विश्वास गर्न सकिन्छ । पछिल्लो अवधिमा भएका राजनीतिक घटनाक्रमका दस्तावेजहरूलाई परिशिष्टमा राख्नु थप महत्वपूर्ण पक्ष हो । संविधानसभाका विषयमा राजनीतिक दल, तिनका नेतादेखि बुद्धिजीवीहरूसम्मका धारणाहरू समेटिएको पुस्तकमा राज्यको पुनःसंरचनाका विषयमा समेत चर्चा गरिएको छ ।

यस पुस्तकमा संविधानसभाका लागि उपयुक्त हुनसक्ने निर्वाचन प्रणाली र प्रयोगहरूको चर्चा गर्नुका साथैसंविधानसभाका सदस्यहरूको संख्या २ सय ६५ प्रस्ताव गरिएको छ । १ सय २० जना पहिलो हुनेले जित्ने, १ सय २० जना प्रत्येक दलहरूले आफ्ना उम्मेदवारहरूका जाति/जनजाति, भाषा, दलित, महिला, पेसा, वर्ग र अल्पसंख्यकहरूलाई समेत समानुपातिक तबरले सूची बनाई उम्मेदवारी मनोनयनका निम्ति आफ्ना दलको सूचीमा रहेका उम्मेदवारको नाम दर्ता गर्ने र दलले प्राप्त गरेको मतका आधारमा निर्वाचित हुने व्यवस्था मिलाउने र त्यसो गर्दा पनि निर्वाचित हुन नसकेका अल्पसंख्यक जातिहरूलाई २५ सिटको व्यवस्था गरी निर्वाचित सभासद्को संख्याबाट एकल संक्रमणीय मतका आधारमा त्यसको निर्वाचन गर्ने प्रस्ताव गरिएको छ ।

गौतमको दोस्रो पुस्तक *'जनताको बहुदलीय जनवादका आधारहरू'* मा नेपाली कम्युनिस्ट आन्दोलनलाई प्रजातान्त्रिक आन्दोलनको अभिन्न अंगका रूपमा विकसित गर्न त्यसको वैचारिक तथा सैद्धान्तिक नेतृत्व गर्ने जननेता मदन भण्डारीको जीवनी, राजनीतिक-वैचारिक यात्रा, नेपाली कम्युनिस्ट आन्दोलनको प्रारम्भदेखि सातौं महाधिवेशनसम्मका महत्त्वपूर्ण निर्णय, नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवादको दार्शनिक तथा सैद्धान्तिक आधार, जनताको बहुदलीय जनवादी कार्यक्रम र सिद्धान्त र परिवर्तित सन्दर्भमा जनताको बहुदलीय जनवादका बारेमा र यसको सान्दर्भिकताका बारेमा यथोचित विश्लेषण गरिएको छ ।

# संस्मरण अन्तर्वार्ता

**कमरेड तुलसीलालसँग मैले २०४५ सालमा जाति, भाषा, धर्म, वर्ग, राष्ट्र, राज्य र तिनीहरूको अन्तर्सम्बन्धबारे लामो कुराकानी गरेको थिएँ । ती कुरा निकै महत्त्वपूर्ण हुनाले मैले लिखित रूपमा प्रश्न दिएर उत्तर लेखिदिन अनुरोध गरेँ । उहाँले उत्तर पनि लेखेर दिनुभयो । त्यसबेला विभिन्न कारणवश तत्काल यो अन्तर्वार्ता प्रकाशित हुन सम्भव भएन । केही पछि डेरा सर्दा पुस्तक-पत्रिकाहरूको चाङमा यो हराउनाले म ज्यादै चिन्तित भएँ । १८ वर्षपछि बल्ल मैले यो भेटाएँ । वास्तवमा यो ज्यादै उपयुक्त समयमा भेटियो । देशमा संविधानसभाद्वारा नयाँ संविधान बनाउने सन्दर्भमा यी विषयमा व्यापक चर्चा चलिरहेका हुनाले स्व. कमरेड तुलसीलालको नवौँ स्मृति दिवसको सन्दर्भमा १८ वर्ष पुरानो अन्तर्वार्ता प्रकाशित गरिएको छ ।**

**– मोदनाथ प्रश्रित**

**० नेपाली राष्ट्र बनेको छ, बनिरहेछ वा बनेको छैन ?**

- मलाई लाग्छ, 'नेपाली राष्ट्र' नभनी 'नेपाल राष्ट्र' भन्नुपर्छ । नेपाली राष्ट्र भन्नाले दार्जीलिङमा बस्ने नेपाली हुन् कि होइनन् ? हुन् भने 'नेपाली राष्ट्र' भित्र उनीहरू पनि पर्छन् कि पर्दैनन् । अनि, नेपालभित्रका मुसलमान, इसाई, यादव, राजवंशी इत्यादिलाई के भन्ने ? उनीहरू पनि नेपाल राष्ट्रभित्र पर्छन् कि पर्दैनन् ? यदि पर्छन् भने उनीहरूले बोल्ने भाषाहरू सबै नेपाली भाषा हुन् कि होइनन् ? हुनतः नेपाली भाषा भन्नाले नेपालभित्र बसोवास गरिरहेका सबै जातिहरूका भाषाहरूलाई नेपाली भाषाहरूमध्येका भनेर गाँसिनुपर्ने हो अनि नेपालभित्रका सबै जातिहरू पनि नेपालीमध्येकै गनिनुपर्ने हो । तर, आज यस पञ्चायती व्यवस्थाले नेपाली शब्दको अर्थ नै सङ्कुचित गर्दै लगिरहेको देखिन्छ ।

'नेपाली' शब्द एउटा व्यापक शब्द हो, जसले नेपालभित्रका सबै जातिहरू र भाषाहरूलाई समावेश गरेको हुनुपर्छ ।

जहाँसम्म 'नेपाल राष्ट्र' को सवाल छ, भौगोलिक रूपले नेपाल एउटा देश हो, जहाँ विभिन्न जातिका मानिसहरू छन् र विभिन्न भाषाहरू छन् । यहाँ सबैको राजनीतिक, आर्थिक र सामाजिक स्वार्थ एउटै हुन सकेको छैन । कुनै जाति अगाडि बढेका छन् भने कुनै जाति पिछडिएका छन् । अनि, एक जातिको मानिसले अर्को जातिको मान्छेलाई हामी सबै एउटै जातिका हौँ भनेर बिनाभेदभाव व्यवहार गर्नुको सट्टा हेला गर्ने र व्यवहारमा पनि भेदभाव गर्ने चलन चलेरै आएको छ । जबसम्म यसरी जातिवाद र इलाकावादको भावना रहन्छ, त्यसबेलासम्म नेपाल एउटै राष्ट्र भयो भन्न अप्ठ्यारै छ । बेलायतमा पनि अनेक जातिहरू थिए होलान् तर उनीहरूले जाति विशेषको ध्यान दिनुको सट्टा आफ्नो सम्पूर्ण बेलायत र बेलायतवासीहरूको स्वार्थलाई ध्यान दिन्छन् । यस्तै स्वीजरल्यान्डमा तीन भाषाभाषी जनता भएर पनि उनीहरू जाति विशेषको कुरा नगरी सबैले सबैलाई स्वीस भन्ठान्छन् र बिनाजातीय भेदभाव व्यवहार गर्छन् । यसरी नै स्वीजरल्यान्ड एउटा राष्ट्र बन्न पुगेको छ । यहाँ नेपालमा नोकरी पेसामा पनि जातीयता र पारिवारिक सम्बन्धसम्मको कुरा निक्लन्छ । अनि, नेपाल एउटै राष्ट्र बनिसक्यो भनेर कसरी भन्ने ? जबसम्म देशमा जातिवाद, इलाकावाद, नातावाद, कृपावाद चल्नेछ, त्यो देशले 'राष्ट्रको' रूप लिन सक्दैन ।

कुनै देश राष्ट्र बन्नका निम्ति जातिवाद, इलाकावाद, नातावाद-कृपावाद स्वतन्त्र भएर राष्ट्रवादी भावनाले व्याप्त हुनुपर्दछ । जब सबै जातिहरूमाथि समान व्यवहार हुन्छ, सबैले समान अधिकार प्राप्त गर्नेछन् र सबै भाषाभाषी र इलाकाहरूका जनता सामूहिक रूपले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा देशका मालिक बन्ने छन् र एकले अर्कामाथि भ्रातृत्वपूर्ण व्यवहार गरी पिछडिएका जातिका छन् भने उनीहरूलाई पनि हर क्षेत्रमा आफ्नै स्तरमा कसरी उठाउने भन्ने चिन्ता सबैले लिन थाल्छन्, त्यहीँबाट राष्ट्रियताको भावना जागी 'नेपाली एउटा 'राष्ट्र' बन्नेछ । आज नेपालको राजनीतिमाथि साम्राज्यवादको छाया छ अनि नेपालको अर्थ व्यवस्थामा नवउपनिवेशवादी विदेशी पुँजीले कब्जा गरेर लाँदैछ र नेपालमा विदेशको विकृत संस्कृतिले बढावा पाइरहेको छ र यी कुराहरूको विरोधमा नेपालीहरूले बोल्न पाउँदैनन् र यसलाई हटाउनुपर्छ भन्ने भावना छ भनेर कसरी भन्ने र राष्ट्रिय भावनाको अभावमा नेपाल एउटा राष्ट्र बनिसक्यो भनेर कसरी भन्ने ?

साथीले भन्नुभयो- 'माने भञ्ज्याङमा भारतीय सेना आयो, हामीले विरोध गर्‍यौँ । यो राष्ट्रियताको भावना हो ।' यतिले नै नेपालमा राष्ट्रियताको भावना छ र नेपाल एउटा राष्ट्र बन्दैछ भनेर भन्न मिल्दैन । हामीले माने भञ्ज्याङमा केही समयका निम्ति भारतीय सेना आएको त विरोध गर्‍यौँ तर नेपालमा अङ्ग्रेजी साम्राज्यवादको फौजी भर्तीकेन्द्र राखेको कुराचाहिँ बिर्स्यौं । अनि, हामीहरू भारतबाट आँप बेच्न आउनेहरू, परबल बेच्न आउनेहरू, हिलोबाट प्लास्टिक टिप्नेहरूको त घोर विरोध गर्छौं तर हाम्रो उत्पादनका साधनहरू, उद्योग, व्यापार, खानी, ठूलठूला ठेक्कापट्टा र हाल आएर खेत बगानहरू पनि विदेशी एकाधिकार पुँजीपति वर्गले जो कब्जा गर्दै लगिराखेका छन्, त्यसको विरोध गर्ने कुरामा हामीलाई वास्ता छैन । बरु हाम्रो देशको सरकारले यसलाई बढावा नै दिँदै गइरहेको छ भने यहाँ राष्ट्रवादी भावना छ भनेर कसरी भन्ने ? र, बिना राष्ट्रिय भावना नेपाल कसरी राष्ट्र बन्यो भन्ने ? हामीले आफ्नो देशलाई राजनीतिक क्षेत्रमा विदेशीको प्रभुत्वबाट मुक्त गरेर, आर्थिक क्षेत्रलाई पनि विदेशीको कब्जाबाट मुक्त गरेर जब स्वतन्त्र आर्थिक विकास गर्नेछौँ र यसमा सबै नेपाली जनता सहभागी बन्ने छन्, अनि गएर हामीले भन्न सक्नेछौँ- नेपाल एउटा राष्ट्र बन्यो भनेर । नेपाल आज एक स्वतन्त्र राष्ट्रका रूपमा होइन,

नवउपनिवेशवादतिर अगाडि बढ्दैछ । हाम्रो देशमा विकासको स्वरूप नवउपनिवेशवादी छ र फलस्वरूप देशको अर्थव्यवस्थामा विदेशीकै प्रभुत्व छ । देश विकासको फल नेपालका जनताले होइन, विदेशी एकाधिकार पुँजीले नै भोग गर्ने बाटो खोलिदिएको छ ।

जहाँसम्म माने भञ्ज्याङको कुरा छ, हामीले दार्जीलिङको समस्यालाई वर्गीय दृष्टिकोणले होइन, जातीय दृष्टिकोणले हेर्‍यौं, अनि कम्युनिस्ट राज्यको रूपमा होइन, कम्युनिस्ट विरोधी जातीय राज्यका रूपमा हेर्न चाह्यौं । स्पष्टतः यो मार्क्सवादी दृष्टिकोण होइन, सामन्तवादी दृष्टिकोण हो र यहीअनुरूप दार्जीलिङभित्र हाम्रो सिमाना पारी हाम्रा तर्फबाट के-कस्तो काम गर्‍यौं भन्ने बिर्स्यौं र यसकै प्रतिक्रियास्वरूप उनीहरूका तर्फबाट के भयो, त्यो मात्र अगाडि ल्यायौं । यसलाई राष्ट्रवादको लक्षण हो भन्न मिल्दैन, बरु यसलाई सङ्कुचित र झगडालु राष्ट्रवाद नै भन्नुपर्छ । निश्चय पनि हामी आफ्नो देशमा अर्काको हस्तक्षेप होस् भन्ने पक्षमा छैनौं । अनि, हामीले पनि अर्काको देशभित्र हस्तक्षेप गर्ने सवाल आउँदैन । र, छिमेकी देशहरूसँग असल छिमेकीका रूपमा रहँदा नै राष्ट्रवादको रक्षा हुनेछ ।

**० अहिले नेपालको शासन सत्ताको स्वरूप वर्गीय छ कि जातीय ?**

- सत्ताको स्वरूप जहिले पनि वर्गीय हुन्छ, जातीय होइन । हिटलरजस्तो क्रूर हुकुमशाही शासन जसले आर्य जातिको नाउँमा संसार जित्न खोज्यो । त्यसले लादेको नाजीवादी व्यवस्थासम्म पनि जातिवादी व्यवस्था नभएर वर्गीय व्यवस्था थियो र त्यसले जर्मनको एकाधिकार पुँजीपति वर्गको स्वार्थको प्रतिनिधित्व गरेको थियो ।

भारतमा नेहरूजीको राजलाई बाहुनको राज भन्न सकिन्नथ्यो । नेहरूजीप्रतिको राज भारतको पुँजीपति वर्गको राज भन्न करै लाग्छ । यस्तै बेलायतको सत्तामा थ्याचर छिन् भने त्यहाँ अङ्ग्रेजको राज होइन, पुँजीवादी राज नै भन्न आवश्यक छ । बङ्गालमा ज्योति बसुको राज बङ्गालीको राज होइन, वामपन्थीको राज भन्न करै लाग्छ । पहिले बी.सी. रायको राज, अहिले ज्योति बसुको राज, दुईटै बङ्गाली जातिका भएर पनि उनीहरूले चलाएको राजको चरित्र फरक छ । एउटाको चरित्र पुँजीवादी थियो भने अर्को पुँजीवादीबाट अझ मुक्त हुन नसकेता पनि यसलाई कमसेकम वामपन्थी राज्य भन्न करै लाग्छ ।

नेपालमा सूर्यबहादुर थापा प्रधानमन्त्री भएपछि थापाको राज, मरीचमानसिंह श्रेष्ठ प्रधानमन्त्री भएपछि नेवारको राज भन्न मिल्दैन । माथिदेखि तलसम्म नेवारै नेवार भरे पनि यदि यस्तै निर्दलीय पञ्चायती व्यवस्था रहन्छ भने यसलाई नेवारको राज होइन, सामन्ती राज नै भन्न करै लाग्छ ।

तसर्थ, कुर्सी कुन जातिको मान्छेले ओगटेको छ भन्ने कुराले सत्ताको चरित्र टुङ्गिदैन । यस व्यवस्थाले लिएको वर्ग चरित्रले नै सत्ताको चरित्र निर्धारित गर्दछ ।

नेपालको सत्ताको चरित्र एकातिर सामन्ती छ भने अर्कोतिर यसले नव-उपनिवेशवादी चरित्र लिएर गइरहेको छ । यस व्यवस्थामा सामन्ती चरित्र पनि ह्रासमान स्थितिमा छ भने नव-उपनिवेशवादी चरित्र बढ्दो स्थितिमा छ ।

**० यदि वर्गीय सत्ताभित्र जातीय सत्ता पनि छ भने कुन-कुन जातिको छ, कति-कति मात्रामा छ ?**

- सामन्ती वर्ग जातीयताको पनि पक्षपाती हुन्छ । यसकारण यहाँ माथिल्लो वर्गमा कुनै-कुनै काममा जातीय भेदभाव पनि शून्य छ भनेर भन्न सकिन्न । तर, यो जातीय भेदभाव सामन्ती व्यवस्थाकै अङ्ग मात्र हो । सामन्ती व्यवस्था खत्तम भएपछि नै हर प्रकारको जातीय भेदभाव स्वतः मेटिएर जान्छ ।

**० के नेपालमा खस जातिको शासन सत्ता छ ? वा, खस जाति भनेर क-कसलाई लिन सकिन्छ ?**

- मलाई लाग्छ, आजका राजनीतिक समस्या यस्ता प्रश्नहरूले टुङ्ग्याउँदैनन् । आज जातीय सवाल होइन, वर्गीय सवाल नै मुख्य हो । एउटा भारी बोक्ने बाहुन होस् वा मगर अथवा नेवार- उनीहरूको जीवनमा उनीहरूकै जातिकै मान्छे सर्वेसर्वा भए पनि कुनै फरक आउँदैन । उनलाई चाहिएको छ, यस व्यवस्थाको वर्गीय चरित्रमा परिवर्तन । विभिन्न जातिको फूलबारी यो नेपालमा सबैमाथि उही शोषण र दमन चलिराखेको छ ।

यसैकारण देश र जनताको कल्याण चाहनेहरूले जातिको कुरा गर्नुको सट्टा वर्गीय स्थितिको कुरा गरौं । वर्गीय स्थितिअनुसार सबैको उही हाल हुने हो । जातिको सवाललाई लिएर राजनीतिलाई हेर्नु सामन्ती दृष्टिकोण हो ।

**० नेपालमा हिन्दू धर्म या वर्ण व्यवस्थाको प्रचारमा नेवार जातिको भूमिका कस्तो छ ?**

- नेवारहरूले शङ्कराचार्यको आगमनभन्दा पहिलेदेखि हिन्दू धर्म र बौद्ध धर्मलाई समान रूपले आदर गरेर आएका थिए । बौद्ध धर्म मान्ने गृहस्थहरूले टुप्पी राख्ने र जनै लाद्ने गर्थे । गृहस्थहरू कामका आधारमा बाँडिएका थिए, जातका आधारमा होइन । अहिले पनि टुप्पी राख्ने र जनै लाउने बौद्ध मतावलम्बी नेवारहरू पाइन्छन् । आफूलाई हिन्दू नै भन्ने र टुप्पी राख्ने बौद्धमतावलम्बी श्रेष्ठ परिवारहरू अहिले पनि धेरै छन् । हिन्दूमत र बौद्धमत सिद्धान्तको कुरो थियो, जातको कुरा होइन, शङ्कराचार्यको आगमनभन्दा पहिले पशुपतिनाथको पूजा पनि बौद्ध मतावलम्बी पण्डितहरूले नै गरेर आएका थिए । शङ्कराचार्यले बौद्ध पण्डितहरूलाई डराएर उनीहरूको ज्यान लिने काम गरे । शास्त्रहरू जलाएर पठाए । कतिको टुप्पी काटिए, जनै चुँडालिए । बन्दी बनाइए । कत्तिलाई हिन्दू धर्ममा परिणत गरे । फेरि पनि नेवारहरूले बुद्ध मन्दिर र हिन्दू मन्दिरलाई समान आदर गरेर आए । नेवारहरूमा जातीय कट्टरता थिएन । एउटै परिवारमा पनि आफ्नो खुसीअनुसार कोही हिन्दू धर्मावलम्बी थिए भने कोही बौद्ध मतावलम्बी रहन्थे । धर्म जातीयतामा बाँडिएको थिएन ।

बुद्ध स्वयम् जातिवाद र वर्ण व्यवस्थाका कट्टर विरोधी थिए । विभिन्न ठाउँबाट आएका विभिन्न जातका मानिसहरू जो नेपाल आएर बसे, नेवार भए । यसमा धेरै अगाडि आएका माडवारीहरू पनि नेवार भएर गएको पाइन्छ । नेवार जातिमा जातीय कट्टरता नहुँदा नै जयस्थिति मल्लले करिब पाँच-छ सय वर्षअघि नेवारहरूलाई चार वर्ण ३६ जातमा बाँड्ने काम गरे र अन्तमा जसले यो जात तोड्छ, उसलाई पञ्चमहापातक लागोस् भन्ने 'श्राप' पनि दिएर गएर । त्यसपछि नै नेवारहरू कट्टर 'वर्ण-भेदमा

बाँडिए । यो कट्टरता नेपालमा प्रजातन्त्रको हावा नलागेसम्म रह्यो । प्रजातन्त्रको हावाले यसलाई ढलमलायो । फेरि पनि वर्ण-भेदको भावना मेटिसकेको छ भन्न मिल्दैन ।

प्रजातान्त्रिक व्यवस्था स्थापना भएर औद्योगिक विकासका साथसाथ यो जातीय भावना क्रमशः लोप भएर जानेछ । जहाँसम्म प्रचारको सवाल छ, नेवारहरू न धर्म प्रचारक हुन्, न वर्ण व्यवस्थाका प्रचारक हुन् ।

**० नेपालमा सम्पर्क भाषाको आवश्यकता छ कि छैन ?**

- नेपाल एउटा बहुभाषीय देश हो । तिनीहरूमध्ये कतिको ऐतिहासिक महत्त्व छ, यसैकारण यी भाषाहरू बचाउन पनि योग्य छन् । अर्को कुरा, हाम्रो देशका विभिन्न जातिहरूको विकासका निम्ति, उनीहरूको सुविधाका निम्ति पनि उनीहरूका भाषाहरूको विकास गरेर आफ्नै भाषामा पढाउने र सरकारी अड्डा-अदालतमा बोल्ने, लेख्ने र काम चलाउनु आवश्यक छ । सम्पर्क भाषाको नाउँमा एउटै भाषामा जोड दिँदा विद्यार्थीहरूको विकासमा अवरोध खडा हुन्छ भने अर्कोतिर त्यो भाषा शुद्धसित बोल्न नसक्दा उनीहरूलाई गिज्याउने र होच्याउने कुरोको सिकार बन्छन् र उनीहरूमा हीनभावना जाग्न थाल्छ । अनि, अड्डा-अदालतमा स्पष्टसँग कुरा राख्न नसक्दा अर्थको अनर्थ हुन जाने डर पनि उत्तिकै रहन्छ ।

यसैकारण हाम्रो पहिलो सरोकार यी भाषाहरूलाई कसरी विकास गर्ने भन्ने हुनुपरेको छ । रुसमा पनि पहिले एउटै भाषामा जोड दिइन्थ्यो तर अक्टोबर समाजवादी क्रान्तिपछि त्यो समाजवादी ‘सोभियत सङ्घ’ बन्यो । समाजवादी व्यवस्थाले त्यहाँका सम्पूर्ण भाषाहरूलाई समान अधिकार दियो र ती भाषाहरूको विकासका निम्ति उत्तिकै मद्दत गऱ्यो, अनि जुन भाषाको अक्षर थिएन, ती भाषाहरूका निम्ति उपयुक्त अक्षर (लिपि) पनि बनाइदियो । जुन भाषा बोल्ने ४५ घर मात्र थिए, त्यो भाषालाई पनि उत्तिकै महत्त्व दिएर विकास गरियो ।

अरू भाषालाई दबाएर होइन, सबै भाषाहरूप्रति समान आदर र माया गरेर नै हाम्रो देशको एकतालाई अझ सुदृढ गर्न सकिनेछ । जहाँसम्म सम्पर्क भाषा छ, यसलाई लाद्ने होइन, विभिन्न जातिहरूको आपसी सद्भावनाले यस्तो सम्पर्क भाषा उम्रेर आउनेछ ।

भाषाको सवालमा हामीमा अलि सङ्कुचित भावना पाइन्छ । सबै भाषालाई आदर गर्नुको सट्टा आफ्नै भाषामा सबै थोक होस् भन्नु सामन्ती दृष्टिकोण हो । हामीलाई आफ्नो देशका विभिन्न भाषाभाषी सम्पूर्ण जनतालाई समान रूपले विकास गर्नुछ, यसै उद्देश्यले ती भाषाहरूको पनि विकास गरिदिनु आवश्यक छ ।

अब आयो सम्पर्कको सवाल । पुरानो जमानामा जुन इलाकामा गयो, उही भाषा सिकेर जनतासँग सम्पर्क गरिन्थ्यो । एउटै मान्छेले सबै जातिहरूका भाषा सिक्न सक्तैन । फेरि पनि उसले दुई-चार भाषा सिक्न सक्तछ । यसैले हरेक नेपालीले आफ्नो मातृभाषा वा जातीय भाषा, अनि नेपालमा चलेका विभिन्न भाषाहरूमध्ये कमसेकम एक अर्को भाषा र साथै एउटा अन्तर्राष्ट्रिय भाषा सिकेर लिनु जरुरी देखिन्छ ।

नेपालकै दुई भाषा जान्दा आपसी सद्भावना बढेर आउँछ, एउटा भाषाले अर्को भाषालाई थिच्यो भन्ने भावना हट्छ । जहाँसम्म अन्तर्राष्ट्रिय भाषाको सवाल छ, यदि नेपालले अन्तर्राष्ट्रियस्तरमा आधुनिक विकास गर्ने हो भने एउटा विकसित अन्तर्राष्ट्रिय भाषा नसिकी हुन्न । अस्ति मात्र कुन चाहिँ हो, नेपाली भाषासेवीको दिन मनाउँदा मैले रेडियोबाट सुनें : ‘हामी अङ्ग्रेजी भाषामा विरक्त नहौं, अर्को भाषामा सबै कुरा गरौं- जापानमा जस्तै ।’

भाषा एक यस्तो कुरा हो, जसबाट हामी एक-दोस्रोको अनुभवबाट सिक्दछौं । त्यसकारण जति बढी जान्न सक्यो, उति मानिसको ज्ञानको विकासमा मद्दत मिल्छ । मानौं, हामीले हवाईजहाज अथवा टेलिभिजन अथवा कम्प्युटर बनाउनुछ भने के नेपाली भाषाको प्रकाण्ड विद्वान्ले यो ज्ञान प्राप्त गर्न सक्नेछ ? कोही-कोही भन्छन्, अङ्ग्रेजी होइन, संस्कृत पढौं । उनीहरू भन्ठान्छन्, वेदमा सबथोक पाइन्छ । वेदमा सूर्य, आगोको प्रार्थना पाइन्छ तर एउटा टेलिफोन बनाउनुपऱ्यो भने कसरी बनाउने हो भन्ने कुरा छैन । संस्कृतका पुस्तकहरूमा पहिलेका ऐतिहासिक कुराहरू पाइन्छन्, आधुनिक कुराहरू पाइन्छन् । सामाजिक, आर्थिक वा राजनीतिक सवालमा पनि यसले आदिम साम्यवाद, दास व्यवस्था र सामन्ती व्यवस्थासम्मको ज्ञान दिन सक्छ । यसले पुँजीवादी व्यवस्था अथवा समाजवादी व्यवस्था र आधुनिक साम्यवादी व्यवस्थाबारे कुनै ज्ञान दिन सक्तैन । संस्कृत भाषाकै प्रकाण्ड विद्वान्ले यी कुराहरूको ज्ञान हासिल गर्न सक्ने छैन ।

अङ्ग्रेजी भाषा, रसियन भाषा आदिको ज्ञान हामीलाई उत्तिकै जरुरत छ । रसियनहरूले नयाँ विकासका साथै पुराना कुराहरूका ज्ञानका निम्ति संसारमा भएभरका पुस्तकरु, हाम्रो देशसँग सम्बन्धित पुराणहरू, रामायण, महारभारत, गीता आदिसमेत उल्था (अनुवाद) गरेका छन् । यसकारण उनीहरूलाई एउटै भाषामा काम चल्छ । हामीले यसरी विश्वका सम्पूर्ण कृतिहरू उल्था गर्न सक्ने स्थिति छैन । यसैकारण हामीले आफ्नो ज्ञान बढाउन कमसेकम एउटा अन्तर्राष्ट्रिय भाषामा निपूण हुन करै लाग्छ ।

यसैकारण भाषाको सवालमा कमसेकम तीन भाषाको ज्ञानमा जोड दिनु आवश्यक देखिन्छ । अनि, यसै तरिकाले क्रमशः सम्पर्क भाषा पनि उभ्रेर आउनेछ ।

**० नेपालमा जाति र भाषाका आधारमा राजनीतिक या प्रशासनिक इलाका विभाजन हुन सक्ला या हुन उपयुक्त होला ?**

- यो हुन सक्छ र उपयुक्त पनि हुनेछ । जहाँ एक वा एकभन्दा बढी जिल्लाहरूमा कुनै भाषाको प्रधानता छ, त्यो जिल्ला वा जिल्लाहरू मिलाएर त्यस इलाकाको भाषा, संस्कृति, साहित्य र कलाको विकास एवम् ऐतिहासिक सम्पदा र पर्यावरणको सुरक्षाका निम्ति एउटा विकास क्षेत्र बनाउन सकिन्छ र बनाउन राम्रो हुनेछ ।

एकातिर विभिन्न इलाकाहरूको विकासका निम्ति यसरी भाषाबाट इलाका बाँडिन्छ भने अर्कोतिर हाम्रो अगाडि यस्ता कार्यहरू पनि छन्, जो एउटै भाषाबाट इलाकाले सम्पन्न गर्न सक्तैन । स्कुलहरू एउटै भाषाबाट इलाकामा हुन सक्छ ।

यसबीचमा त्यहाँका विद्यार्थीहरूले अरू भाषा पनि सिकिलिएको हुन्छ । एउटा अन्तर्राष्ट्रिय भाषाको पनि केही ज्ञान प्राप्त गरिसकेको हुन्छ । अनि, कलेजमा पढ्दा आफ्नै भाषामा मात्र होइन, अरू भाषामा पनि पढ्न सक्ने भएको हुन्छ ।

कलेज कुनै भाषावार इलाकामा हुन सक्छ भने कतै नहुन पनि सक्ला । विश्वविद्यालय र उच्च टेक्निकल शिक्षालयहरू सबै भाषावार इलाकाहरूमा सम्भव हुँदैन । यी कुराहरू राष्ट्रिय स्तरमा मात्र हुन सक्नेछ । यस्तै कतिपय विकास कार्यहरू एउटै भाषावार इलाकामा मात्र सीमित नभएर विभिन्न इलाकाहरूसँग सम्बन्धित हुन्छ । कतिपय विकास कार्य, विकास कार्यक्रम राष्ट्रिय स्तरमा सुल्झाउनुपर्ने हुन्छ । यसैकारण एकातिर भाषावार इलाका आवश्यक छ भने अर्कातिर हाम्रा अगाडि आपसी राष्ट्रिय सद्भावना र राष्ट्रिय एकतालाई सुदृढ गर्दै लाने जिम्मेवारी पनि छ । यो राष्ट्रिय एकता एकले अर्कालाई दबाएर होइन, आपसी सद्भावना र सहयोग बढाएर नै कायम हुनेछ । भाषावार इलाका त्यस इलाकाको द्रुत विकासका निम्ति हो, इलाकीय अथवा साम्प्रदायिकता फैलाउनका निम्ति होइन । साम्प्रदायिकताको विरोधमा भने सबै जनताले एक भएर सङ्घर्ष गर्नु जरुरी छ । यसका निम्ति केन्द्रीयस्तरका काम-कारबाहीहरू, नोकरी, पेसा इत्यादिमा निष्पक्षताका साथ बिनाभेदभाव सबैले योग्यताका आधारमा भर्ती हुने कुराको ग्यारेन्टी हुनुपर्छ ।

यसले एकातिर इलाकाको विकास हुन्छ भने आपसी राष्ट्रिय भावना पनि बढ्नेछ । समाजवादी सोभियत सङ्घले हाम्रा अगाडि भाषावार वा जातीय इलाकाहरूका साथै राष्ट्रियताको भावना पनि कसरी सामञ्जस्य मिलाएर जान सकिन्छ भन्ने एक सुस्पष्ट उदाहरण पेस गरेको छ ।

*तुलसीलाल अमात्य*
*२०४५/५/१९*

# त्यो अन्तरपीडा खाटा बसेको घाउ भएको छ

## ' युवराज बास्कोटा

कुरा गएको १८ मई २००६ अथवा ४ जेठ २०६३ को हो । देशभित्र १९ दिन लामो समयसम्म चलेको शान्तिपूर्ण लोकतान्त्रिक जनआन्दोलनको बलमा जनताको सर्वोच्चता कायम हुने गरी सम्पूर्ण रूपले अधिकारसम्पन्न हुँदै गएको पुन:स्थापित संसद्ले अभूतपूर्व राजनीतिक परिवर्तन ल्याउनुका साथसाथै एउटा नयाँ सिराबाट राजनीतिक संस्कारको विकास गर्नसक्ने भन्ने सूक्ष्म बुझाइ र यसैको दम्भमा जीवन खर्चिएकाका लागि पत्यार लाग्नै गाह्रो पर्ने परिवर्तन पो ल्याइदिन्छ कि भन्दै प्रवासी नेपाली सङ्घ (भारत) का महासचिव खेमचन्द्र ढकाल र म आ-आफ्नै सङ्गठनात्मक कामको व्यस्ततामा रमाएका थियौँ । साढे चार बजेको हुनुपर्छ, खेमचन्द्रजीको मोबाइलमा लामो कुराकानी हुन्छ । त्यस्तो केही भए बताइहाल्नु होला भनी मैले यसबारे साह्रै धेरै जान्ने उत्कण्ठा पनि राखिनँ । एकैछिनपछि उहाँले मलाई जनसम्पर्क समितिका नेता बालकृष्ण पाण्डेसँग भर्खरै मोबाइलमा भएको कुराकानीबारे बताउनुभयो ।

स्वदेशमा सम्पन्न हुँदै आएको संसद्को बैठकले भर्खरै मात्र श्री ५ को सरकारको सट्टा नेपाल सरकार लेखिने, राष्ट्रिय सम्पदा चिन्हित नामका अगाडि लगाइने गरिएको शाही शब्दलाई सम्पूर्ण रूपले खारेजी गरिनेलगायत अन्य थुप्रै कुरामा राजाको अधिकार कटौती गऱ्यो रे ! अन्यान्य प्रवासी नेपालीहरूले सम्बन्धित देशमा अवस्थित शाही नेपाली दूतावासका ठाउँमा नेपाली दूतावासको बोर्ड लगाउनैपर्ने दबाबमूलक वातावरण सिर्जना गरे रे ! शाहीले पनि दिल्लीस्थित दूतावासमा गएर केही गर्नुपर्छ भन्दै प्रस्तावको रूपमा पाण्डेजीले खेमचन्द्रजीसँग भनेको कुरा मलाई पुऱ्याउनुभयो । हामीले केहीबेर यसैबारे सोच्यौँ । यत्तिकैमा सङ्घका अध्यक्ष रामलाल काफ्लेजीको फोन आयो, फेरि खेमचन्द्रजीले मलाई भरे ठीक आठ बजे दूतावास जाने र देशभित्र संसद्ले गरेको फैसलाको स्वागत गर्दै तत्काल शाही नेपाली दूतावासको सट्टा नेपाली दूतावास गर्न दबाब सिर्जना गर्ने, यदि कसैले मानेन भने कालो मोसो लगाएरै भए पनि शाही शब्दको अन्त्येष्टि गर्ने भइयो भन्दै मलाई यसबारे सविस्तार अवगत गराउनुभयो ।

केहीबेरपछि झन्डै छ बजेको हुनुपर्छ, सङ्घका तर्फबाट यसको अगुवाइ गर्दै म स्वयम् जान्छु भनेँ । तपाईं अभानेस्ववियुका तर्फबाट जानुपर्छ भन्दै उहाँले मलाई कुरा राख्नुभयो । *सिमानापारि* प्रकाशनको काम बित्यो, बिग्रियो भन्ने लाग्दालाग्दै पनि आन्दोलन भनेपछि हुरुक्कै हुनैपर्ने मेरो स्वभाव र त्यसमा पनि उद्दण्डता मिश्रित अलिक लडाकूपन भएको आन्दोलनको स्वरूपबारे सुनेपछि म तुरुन्तै सहमत भएँ । मानसिक रूपमा यसप्रति तयार रहँदै काममै जुटिरहेका थियौँ । यत्तिकैमा सङ्घका दिल्ली राज्य नेता रामप्रसाद न्यौपानेजीसँग हाम्रो भेट हुन्छ र हामी उहाँलाई पनि जान तयार गर्नतिर लाग्छौँ । उहाँ पनि सरक्कै तयार हुनुभयो । मेट्रोद्वारा सोझै बाराखम्बा रोड, नयाँदिल्लीस्थित नेपाली दूतावास पुग्ने निधो गऱ्यौँ हामी तीनैजनाले । सवा सात बजेतिर बाटो लाग्यौँ । गर्मीमा मेट्रो हिँड्दा पाइने आनन्द वास्तवमै अर्कै हुन्छ । यसैमा मन रमाएकै हुन्थ्यो, यसमा पनि अझ दाजु रामप्रसाद न्यौपानेका ठेट स्याङ्जाको आफ्नोपन झल्कने कुराले हामी झन् रसाएका थियौँ ।

पौने आठ बजे दूतावासअगाडि पुग्यौँ । दूतावासअगाडिको त्यो दिनको दृश्य देखेर आज पनि म आश्चर्यचकित हुन्छु । हाम्रो त छोटो समयभित्र तय गरिएको सानो स्वरूपको कार्यक्रम थियो, माथि भनिएझैँ । तर, आन्दोलनको ठूलै समूह आउनसक्छ भन्ने भान दूतावासवासी शाही मतियारहरूलाई परेको रहेछ कि क्या हो कुन्नि ! पछि बुझ्दा यिनैको हारगुहारमा तिलकमार्ग थानाको एसएचओसहित एक सय २५ जति पुलिस जवानको तैनाथी थियो । यत्तिका सुरक्षाकर्मीका अलावा सातवटा ससाना पुलिस भ्यान र दुईवटा ठूला सवारी ओसार्ने बंकर गाडीहरू थिए त्यहाँ । अनि, प्रशस्तै बाँसका डन्डा, अश्रुग्यासका सेल र लट्ठाहरू रोमाञ्चक ढङ्गले सजाएरै राखिएको थियो ।

मुलुकको परिवर्तित राजनीतिक घटनाक्रमसँगसँगै जोडिन चाहने विभिन्न खालका पत्रकारहरू दर्जनभन्दा बढी सङ्ख्यामा जुटिसकेका थिए यतिबेलासम्ममा यहाँ । जनअधिकार सुरक्षा समितिलाई पनि बोलाइएको छ, आउँदैछ कि एकैछिन पर्खिनुपर्ला भन्दै उनीहरूका लागि बाटो हेर्न लाग्यौं । यतिबेरसम्ममा हाम्रा साथीहरूको सङ्ख्या क्रमशः बढ्न लाग्यो तर जनअधिकार नामको चरो पनि यहाँ आएन । दशक लामो 'जनयुद्ध' को थकान मेटाउन लाग्नुभयो होला उहाँहरू भन्दै हामी तत्कालका योजनाबारे सोच्न लाग्यौं । पुलिसहरूको वाकीटकीमार्फत कुराकानी चलिरहेका हुन्थे । हामी अलग-अलग गर्दै तिनै पत्रकार साथीहरूको रूपमा छिर्‍यौं । पहिलेझैं समूहगत भएर जानसक्ने अवस्था नै थिएन । त्यसैले पनि पत्रकार हूलका माझबाट हामी एकएक गर्दै दूतावासतिर छिर्‍यौं ।

जनसम्पर्क समितिका अर्का स्थानीय गोविन्द पोखरेल र म हातमा पेन्टरको कालो मोसो लिएर तयार हुँदै मात्र थियौं, बालकृष्णजीले ल्याप्पै लिपापोती गर्नलाग्नु भएछ । यत्तिकैमा 'इस को मारो, छोडो नही' भन्दै पुलिसले उहाँको कठालोमा समात्यो र पुलिस भ्यानतिर लग्यो । नजिकमा पुगेका हामी दुवैलाई डन्डाको टुँडाले घोच्दै गर्दन समात्यो । 'उसको क्युँ ले जा रहे हो' भनेर हामीले उनीहरूलाई खारखेर गर्‍यौं । 'अच्छा नेताजी बोस बन्ने आए हो तुम लोग यहाँ ! तुम भी चलो पुलिस कस्टडी मे' भनेर हामी जम्मा पाँच जना बालकृष्ण पाण्डे, खेमचन्द्र ढकाल, गोविन्द पोखरेल, विष्णुप्रसाद पाण्डे र मलाई त्यहीँ ल्याइएको गाडीमा लछारपछार पार्दै कोचे ।

बडाको आदेश पालन गर्दै पाँच जनाको निगरानीमा हामीलाई थाना तिलकमार्ग पुर्‍याइयो । पटक-पटक गइरहेकाले होला, रात्रिकालमा त्यहाँ पुग्दासमेत हामीमध्ये कसैलाई पनि केही अन्यथा महसुस भएन । त्यतिखेर साढे नौ बजेको थियो । दिनभरिको कामको थकानले गर्दा शरीरले आराम खोज्न लागेको थियो भने अर्कोतिर भोकले पनि लखतरान परेकाले गर्दा साह्रै कुरा गर्न पनि मन भएन । यत्तिकैमा हामीलाई बन्दीगृह नजिक पुर्‍याइयो । तर, कुनै अपराध आदि केही नगरेकाले थोरै पनि डर, भय या त्रास केही नै थिएन । ओहोर-दोहोरका क्रममा विभिन्न प्रकृतिका मानिसले हाम्राबारे सोधे । हामी नाजवाफ थियौं, कति-कतिखेर अधिकारका लागि लडाइँ लड्दा हामीलाई यहाँ ल्याइएको हो, के यहाँ अधिकार पाइन्छ र ? भन्थ्यौं ।

अरूलाई कस्तो थियो कुन्नि ! म भने भोकले लल्याकलुलुक भइसकेको थिएँ । तिमीहरूलाई यहीँ खाना खुवाइन्छ भने । पुलिसकर्मी सबै लाखापाखा लागे । साढे दस बजे एसएचओ मलहोत्रा आइपुग्यो । 'पाण्डे कहाँ है ?' भन्दै हेयभावमा बम्कियो । हामी पाँचै जना एकैसाथ उसको नजिक गयौं । पुलिसको स्वभाव, उसको दम्भ र प्रस्तुति घीनलाग्दो हुन्छ नै । फेरि एकपटक यही तमासा र दृश्य उसले हामीलाई देखायो । 'फलाममा काम नलाग्ने सुलिस र जागिरमा काम नलाग्ने पुलिस' भनेर सुन्ने गरेको हामीलाई यसबेला झल्झल्ती याद आयो । हामीलाई के-के न ठूलो सामाजिक अपराध गरेजस्तो गरेर अभियोग लगाउन आरम्भ गर्‍यो । मलहोत्राले साथी श्रीनिवासको सहयोगमा कानुनको किताब निकाल्यो र फलानो धारा र ढिस्कानो उपधाराअन्तर्गत जेलचलान हुनेछौ भनेर हामीलाई त्रसित पार्न खोजियो । बीचबीचमा 'स्वीकार्य है ?' भनेर सोधियो । 'बिलकुल हमें मन्जुर है' भनेर जवाफमा हामी पेस भयौं । यत्तिकैमा हामीलाई माथि श्रीनिवासको कोठामा लैजान भनियो ।

छुटकारा पाइहाल्न पाए अधुरा सङ्गठनात्मक कार्य पूरा गरिने थियो, अरू त हाम्रो के नै पो बिग्रने छ र ? भन्दै जमानतका लागि आ-आफ्नो सम्पर्कमा रहेअनुसारका सरकारी जागिर-पेसामा आबद्ध साथीलाई बोलाइयो । खेमचन्द्रजीले हरियाणा भवनमा कार्यरत मण्डी हाउस निवासी सङ्घका पुराना सदस्य छविलालजीलाई बोलाउनुभयो । यतिखेर पौने १२ बजेको हुनुपर्छ । रात्रिकालीन समय र भौगोलिक दूरीको समेत पर्वाह नगरी छविलालजी हामी रहेको ठाउँमा आइपुग्नुभयो । एक जनाले पाँच जनाको जमानत दिनुहुँदैन, कानुनतः मिल्दैन भन्छ, हामीतिर हान्ने गोरुले झैं गरेर आँखा तर्छ, मुख ताक्छ । बल्लबल्ल हातमा खानाको थैलोसहित लिएर एक जना भाइसँग जनसम्पर्कका नेता श्याम खरेलजी आइपुग्नुभयो फरादीवादबाट अनि एक जना दिल्लीकै मरासिनीजी पनि । यो झमेला हो भनौं या वाहियातको लफडा, त्यसको कागजी काम पूरा गर्न नै हामीलाई अढाइ बजाउनुपर्‍यो । यो ज्यानले यतिबेरसम्ममा भोकप्यास बिर्सेको थियो ।

भोलि ठीक दुई बजे पटियाला कोर्टको चेम्बर नं. १५ मा न्यायाधीश सञ्जय वंसलसमक्ष हाजिर लगाउनु, तिमीहरूलाई धारा ९२, ९३ र ९७ अनुसार कारबाही हुनेछ भनेर हामीलाई तीन बजेको आसपास छोडियो । नजिकै घरभाडामा बस्नुभएका मरासिनीकहाँ हामी सबै जना गयौं । खरेलजीले बन्दी साथीहरूका लागि भनेर ल्याएको चाउमिन खाएर चित्त बुझायौं । यो रात्रिकालमा फरिदावादबाट यहाँसम्म आएर हामीप्रति गरेको यो सहानुभूति नै आन्दोलनप्रति ठूलो सहयोग हो भनेर सबैले उहाँलाई धन्यवाद व्यक्त गर्‍यौं ।

घटनाबारे जान्न पर्याप्त समाचार तुरुन्तै सम्प्रेषण भइसकेको थियो । तैपनि, कतिपय हाम्रा सङ्घसङ्गठनका र हामीले चाहेका साथीहरूले भने यस्तो बेलामा समेत सम्झना र सहानुभूतिसम्म व्यक्त गर्नुभएन । यो अवस्था भोगेर मनमनै ग्लानि भयो, हृदय फाटेर आयो । कस्तो हाम्रो सहयोद्धाभाव र कस्तो हाम्रो साथीत्वपन, हीनता जागेर आयो । व्यवहारमा देखिन, खारिन र माझिन नसकेको आदर्शको खोक्रो आलाप यहाँनेर आएर पोखियो । सहयोद्धाभाव छताछुल्ल भयो । यस्तै-यस्तै रह्यो, १८ तारिकको अन्त्य र १९ तारिखको आगमनबीचको हाम्रो त्यो समय र जागृत मनोभाव ।

उज्यालो हुनलागेको थियो, तैपनि अनिदो भएकाले झ्याप्प-झ्याप्प भने भइरहन्थ्यो । साथी छविलालजीको साथ लागेर हामी दुई जना खेमचन्द्रजी र म उहाँको व्यवस्थापनअनुसार खानमार्केटतिर आयौं । सुत्न के लागेका थियौं, पिरोलोमा पर्‍यौं । दिनभरिको भोको पेट अनि समय निक्लेपछि पाएको बजारे खानेकुराले हामीलाई गर्नुगर्‍यो । उज्यालो भएपछि कोठा आयौं । दुई बजे कोर्टमा हाजिर लगाउन जानुछ भन्दै हतार्‍यौं । ठीक समयमा कोर्ट पुग्यौं । यसबारे बुझ्न लाग्यौं । यत्तिकैमा न्यायाधीशको सहयोगी सचिवले 'तिमीहरूले गल्ती स्वीकार्नुपर्दछ, नत्र कठघरामा हमेसाका लागि जाकिन्छौ' भन्यो ।

बिनाकारण कुन कुरामा गल्ती गर्‍यौँ भनेर स्वीकार्ने ? हामी अलमलमा पर्‍यौँ । उसको प्यारो आज्ञापालक भएर पुलिस बयानमा लेखिएको ९२, ९३ र ९७ धारामा के कुरा उल्लेख छ भनेर हामीले सोध्यौँ । उसबाट यसको जवाफ घीनलाग्दो आयो । हामी राजनीतिक आस्थाका बन्दीहरू र सामाजिक सङ्घसङ्गठनका नेता-कार्यकर्ताहरूलाई यस्तो घीनलाग्दो आरोपमा कोर्टको हवाला दिइएछ । राजनीतिकर्मीलाई जेल जाने कुराप्रति कुनै आपत्ति रहेन तर यसबेलामा हामीमाथि अमर्यादित काम गरियो । यो सबै सुनियोजित षड्यन्त्र नै हो, हामी आन्दोलनकारीप्रति अभिव्यक्त हेयभाव हो । जनमुखी र जनउत्तरदायी हुनेभन्दा पनि हाकिममुखी हुने राजशाही मतियारहरूको खेल हो भनेर खुनको प्रवाह एकोहोरियो । अब भने साँच्चै बन्दी हुने गरी यी मतियारहरूको बदलाको भावसहित जीवनमरणको आन्दोलनमा उठ्नुपर्छ कि भन्ने लाग्यो । धैर्य भएर काम लिनुपर्छ भन्ने संयमता हुँदाहुँदै पनि प्रतिशोधको भाव भने यो हृदयमा अहिलेसम्म जीउँदोजाग्दो भएर सडकगर्जनमा छ, यो घटनाक्रमको अन्तरपीडा आज पनि खाटा बसेको घाउजस्तो भएको छ ।

# हिमालयन लोकमार्गको अवधारणा

**पृष्ठभूमि**

सडक यातायात कुनै पनि देशमा सामाजिक तथा आर्थिक विकासको एक मेरुदण्ड हो । सडक यातायातको महत्त्व नेपालजस्तो देशमा अझ बढी छ । जसमा ८३ प्रतिशत भूभाग पहाडले आगटेको छ । धेरै अध्ययनहरूले के पुष्टि गरेको छ भने नेपालको गरिबी बढ्नुमा विभिन्न कारणहरूमध्ये मानिसहरूको यातायातमा पहुँच नहुनु एक मुख्य कारण हो । यातायातको सुविधाले मानिसहरूमा शिक्षा, स्वास्थ्य, बजार आदिको पहुँचमा वृद्धि गर्दछ । स्थानीयस्तरमा उत्पादित वस्तुहरूको सहरमा बेचबिखन र सहरबाट न्यूनतम ढुवानी भाडामा दैनिक आवश्यकताका सामानहरूको आयात, सूचनाको आदान-प्रदान आदिबाट गाउँ-सहरको बीचमा सम्बन्ध विकास हुन्छ ।

**प्रस्तावित हिमालय क्षेत्रको वस्तुस्थिति**

- नेपालमा ७५ जिल्लाहरूमध्ये यस क्षेत्रमा २२ जिल्लाहरू (२९ प्रतिशत) पर्दछ ।
- यी २२ जिल्लालाई देशमा कुल भूभागको ४३ प्रतिशत हिस्सा ( ६२,७१९$Km^2$ ) ओगटेको छ भने १४ प्रतिशत जनसङ्ख्या एक लाख ६७ हजार आठ सय ५९ को बसोवास रहेको छ, (कुल जनसङ्ख्या ३२ लाख ९२ हजार एक सय ८०) ।
- नेपालमा पाइने सात हजारभन्दा बढी प्रजातिमा जडीबुटीहरूमध्ये अधिकांश यही भेगमा प्राप्त हुन्छ ।
- यस क्षेत्रबाट वार्षिक दुई हजारदेखि तीन हजार मेट्रिक टन जडीबुटी निर्यात हुन्छ, (सन् २००२ को तथ्याङ्क) ।
- पर्यटकीय दृष्टिकोणले यो क्षेत्र आकर्षणको केन्द्र हो, जहाँ १९ वटा हवाई स्टेसनमार्फत वार्षिक करिब दुई लाख २० हजार यात्रीहरू ओहोरदोहोर गर्छन्, (२००३ को तथ्याङ्क) ।
- यस क्षेत्रमा वार्षिक करिब ७० हजार पहाडी भ्रमणकर्ता, एक सय ४० वटा टिममा पर्वतारोहीहरू आवत-जावत गरी करिब १३ करोड वार्षिक रोयल्टी सरकारलाई बुझाउँछन् भन्ने तथ्य २००४ को तथ्याङ्कले प्रस्ट्याएको छ ।
- यसरी नै सन् २००४ को तथ्याङ्कमा यो क्षेत्रमा रहेका आठवटा नेसनल पार्कमा वार्षिक करिब २४ हजार विदेशीले भ्रमण गर्दछन् ।
- विकाससम्बन्धी परिसूचक (नेपालको ०.४७२७ को तुलनामा)

हिमालयन **लोकमार्गको पुस्ट्याइँ**

- नेपालको कुल सडकको लम्बाइको केवल १०.५ प्रतिशत सडक (१७६९.६५ किमि) यस क्षेत्रमा पर्दछ ।
- प्रस्तावित कृषि सडक योजना यस क्षेत्रमा चार जिल्लामा मात्र प्रस्तावित छ ।
- यस क्षेत्रका चारवटा जिल्लाहरू (१८ प्रतिशत) मात्र विकाससम्बन्धी विभिन्न परिसूचकहरू जस्तै : शिक्षा, स्वास्थ्य, खानेपानी, बाटो, रोजगारी आदिको हिसाबले राम्रो, नौ जिल्लाहरू (४१ प्रतिशत) सामान्य र नौवटा जिल्लाहरू (४१ प्रतिशत) नराम्रो अवस्थामा मूल्याङ्कन गरिएको हुँदा यातायातको विकासबाट यी परिसूचकहरूको स्तर उकास्न सकिन्छ ।
- यो क्षेत्र विभिन्न जाति-जनजाति जस्तै : ब्राह्मण, क्षेत्री, लिम्बू, राई, शेर्पा, मगर, थामी, थकाली, गुरुङ, कामी, दमाई आदिको बसोवास क्षेत्र भएकाले बहुजातीय संस्कृति तथा भावनाको विकास गर्न सकिने ।
- यो क्षेत्रको जनघनत्व (५३ व्यक्ति/$Km^2$) अन्य क्षेत्रको तुलनामा- पहाडमा एक सय ६७ व्यक्ति/$Km^2$ तराईमा तीन सय ३० व्यक्ति/$Km^2$) ज्यादै न्यून भएकाले पूर्वाधारको विकासमार्फत पहाडी भेग तथा उच्च हिमाली भेगबाट यस क्षेत्रमा बसोवासलाई प्रोत्साहन गरी दक्षिणी भेगमा हुने बसाइसराइको प्रभावलाई न्यून गर्न सकिने ।
- यस क्षेत्रका ६३ प्रतिशत जनसङ्ख्या रोजगारी तथा स्वास्थ्यका लागि स्वदेश तथा विदेशमा बसाइँ सरिरहेका हुन्छन्, जसलाई यातायातको सुविधामार्फत त्यही ठाउँमा पुनःस्थापना गर्न सकिन्छ ।
- मध्यम तथा उच्च क्षमताको विद्युत् उत्पादन गर्न सकिने प्रशस्त जल सम्पदाहरू, स्रोतहरू यस भेगमा रहेको हुँदा यातायातको विकासबाट न्यून लागत खर्चमा त्यस्ता परियोजना निर्माण गर्न सकिने ।
- यातायातको विकासबाट सामाजिक चेतना, शिक्षा, स्वास्थ्य, आय आर्जन आदिमा विशेष विकास गर्न सकिने ।
- यस क्षेत्रमा नेपाल सरकारले गर्ने ढुवानी- कुल लागतको तीन सय प्रतिशतसम्मको अनुदान र दुर्गम भत्ता एक सय प्रतिशतको व्ययभार घटाई सो रकम विकासका अन्य क्षेत्रमा लगानी गर्न सकिनेछ ।

- हिमाली क्षेत्रमा उत्पादन हुने वस्तुहरूको अन्तर्राष्ट्रिय बजारमा हुने माग र खपतलाई विचार गर्दा यस क्षेत्रमा उत्पादन हुने वन पैदावार, वन्यजन्तु, पानी, फलफूल आदिको व्यवसायीकरणतर्फ उन्मुख गर्न सकिन्छ ।

**भावी दिशा**

सम्बन्धित जिल्लाका सबै राजनीतिक, सामाजिक क्षेत्रका प्रतिनिधिले हिमालयन लोकमार्गको अवधारणाबारे नेपाल सरकार दातृ समुदाय र अन्य सरोकारवाला समक्ष पुऱ्याई कार्यान्वयन पक्षका लागि पहलकदमी गर्ने । यस उद्देश्यका लागि सम्बन्धित जिल्लाका सरोकारवालाहरूको एक समिति गठन गरिनेछ । हिमालयन लोकतान्त्रिक मार्गलाई सफल बनाउन यो कमिटी निम्नलिखित कार्यक्रम सार्वजनिक गर्दछ :

१. सात राजनीतिक दललाई अनुरोध-पत्र बुझाउनेछ ।

२. नेपाल सरकारलाई ज्ञापन-पत्र बुझाउने छ ।

३. यस प्रस्तावित लोकमार्ग प्रभावित जिल्लाका माननीय सांसदसँग डेलिगेसन गई संसद्मा संयुक्त रूपमा प्रस्ताव राख्न सरकार र पार्टीसँग डेलिगेसन जान अनुरोध गर्दछ ।

४. प्रस्ताविक लोकमार्ग क्षेत्रकालाई प्राथमिकतामा राख्न निर्वाचित पूर्वजिविस सभापतिहरूलाई सरकार र पार्टीलाई अनुरोध गर्न पत्राचार गर्नेछ ।

५. विभिन्न दातृसंस्था तथा मुलुकहरूका कूटनीतिक नियोगसमक्ष सहयोग लिँदा प्राथमिकतामा यस मार्गलाई राख्न अनुरोध गर्नेछ ।

६. चौथो अङ्ग इलेक्ट्रोनिक तथा अन्य मिडियाको एक संयन्त्र बनाई बारम्बार दबाबमूलक कार्यक्रम दिन र लेखरचना प्रकाशित गर्न अनुरोध गर्नेछ ।

७. प्रस्तावित जिल्लाका काठमाडौँस्थित नागरिक समाज, सङ्घसङ्गठन आदिलाई काठमाडौँस्थित सम्बन्धित सरकारी कार्यालयमा धर्ना दिने र जिल्ला सदरमुकाम धर्ना दिन अनुरोध गर्नेछ ।

**अनुसूची**

| सि.नं. | जिल्ला | जनसङ्ख्या | प्रतिशत | घरधुरी | परिवार सङ्ख्या | क्षेत्रफल Km² | जनघनत्व | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | पाँचथर | २०२,०५६ | ०.८७ | ३७२६० | ५.४२ | १२४१ | १६३ | | | | |
| २. | ताप्लेजुङ | १३४,६९८ | ०.५८ | २४७६४ | ५.४४ | ३६४६ | ३७ | ३. | सङ्खुवासभा | | |
| | १५५९,२०३ | ०.६९ | ३०७६६ | ५.१७ | ३४८० | ४६ | ४. | भोजपूर | २०३,०१८ | ०.८८ | |
| | ३९४८१ | ५.१४ | १५५०७ | १३५ | | | | | | | |
| ५. | सोलुखुम्बु | १०७,६८६ | ०.४७ | २१,६६७ | ४.९७ | ३३१२ | ३३ | ६. | रामेछाप | २१२,४०८ | |
| | ०.९२ | ४०३८६ | ५.२६ | १५१६ | १३७ | | | | | | |
| ७. | दोलखा | २०४,२२९ | ०.८८ | ४३१६५ | ४.७३ | २१९१ | ९३ | ८. | सिन्धुपाल्चोक | | |
| | ३०५,८५७ | १.३२ | ६०४५२ | ५.०६ | २५४२ | १२० | | | | | |
| ९. | रसुवा | ४४,७३१ | ०.१९ | ८६९६ | ५.१४ | १५४४ | २९ | १०. | नुवाकोट | २८८,४७८ | |
| | १.२५ | ५३१६९ | ५.४३ | ११३१ | २५७ | | | | | | |
| ११. | धादिङ | ३३८,६५८ | १.४६ | ६२७५९ | ५.४० | १९२६ | १७६ | १२. | लम्जुङ | १७७,१४९ | |
| | ०.७७ | ३६५२५ | ४.८५ | १६९२ | १०५ | | | | | | |
| १३. | मनाङ | ९,५८७ | ०.०४ | १,७७६ | ५.४ | २२४६ | ४ | १४. | मुस्ताङ | १४९८१ | ०.०६ |
| | ३,२४३ | ४.६२ | ३५७३ | ४ | १५. | डोल्पा | २९५४५ | ०.१३ | ५५.८१२ | ५.०८ | ७८८९ |
| | ४ | १६. | जुम्ला | ८९४२७ | ०.३९ | १५८५० | ५.६४ | २५३१ | ३५ | १७. | हुम्ला |
| | ४०५९५ | ०.१८ | ६,९५३ | ५.८४ | ५६५५ | ७ | १८. | मुगु | ४३९३७ | ०.१९ | ८२६१ |
| | ५.३२ | ३५३५ | १२ | १९. | बाजुरा | १०८,७८१ | ०.४७ | २०३७८ | ५.३४ | २१८८ | ५० |
| | २०. | बझाङ | १६७०२६ | ०.७२ | २८,५५८८ | ५.८४ | ३४२२ | ४९ | २१. | दार्चुला | १२१,९९६ |
| | ०.५३ | २१०२९ | ५.८० | २३२२ | ५३ | २२. | गोरखा | २८८१३४ | १.२४ | ५५८९२३ | ४.८९ |
| | ३६१० | ८० | | | | | | | | | |